लेखक
**अनेरि क्याप्टेन डम्बर सिंह गुरुङ**

सम्पादक समिति
**वरिष्ठ अधिवक्ता कृष्ण गुरुङ**
**चोग धिर बहादुर गुरुङ**
**सुवेदार कर्ण बहादुर गुरुङ**
**चिज बहादुर गुरुङ**

सर्वधिकार लेखकमा सुरक्षित

कम्प्युटर ले-आउट
**आकाश गुरुङ**

गुरुपूर्णिमा २०७८

प्रथम संस्करणः
५०० प्रति

मुद्रणः
**कास्की अफसेट प्रेस**
पोखरा-९ नयाँबजार
फोनः ०६१-५८८६५१

## गुरुङ बुद्धिजमको प्रार्थनाः

नमोतस्स भगवतो अहर्तो सम्मा सम्बुद्धस्य

*बुद्धम् शरणम् गच्छामि ।*
*धर्मम् शरणम् गच्छामि*
*संघम् शरणम् गच्छामि ।*

इतिपिसो भगवान अरहम् विध्याचरणा सम्पन्नो सुगदो लोकबिदो अनुत्तरो पुरी सद्धामा सारथी शास्त देव मनुसानोबुद्ध भगवती । नमो तस्स भगवतो अहर्तो सम्मासबुद्धस्स ।


*ॐ नमो भगवते, अपरिमिता आयुर्ज्ञान सुविनिश्चित,*
*तेजोरजय तथागताय, अहर्ते सम्यक संबुद्धय तद्यथा,*
*ॐ पुण्येपुण्ये महापुण्ये, अपरिमिता पुण्ये, अपरिमिता*
*पुण्यज्ञान, सम्भारो पचिते, ॐ सर्वसंस्कार परिशुद्ध,*
*धर्मते गगन समुन्द्रते, स्वभाव बिशुद्धे, महानाय ...*
*परिवारे स्वाहा ।*
*ॐ तारे तुत्तारे तुरे स्वाहा !*

## ह्रिमी तिस्यु (पुरानो रिभान) भुमेस्थानः



*"ॐ लमै लम चवै लम, टसी लम। पूजा गर्ने ङरथिवै लम। कुल पूजा गर्ने लानाथिवै लम, छ्याछ्या लम। दिन हेर्ने ताजैथिवै लम। पासो थाप्ने क्ह्योंराथिवै लम। लमै लम चौं लम, च्ह्यावल्ह्रौं लम (पैंगिलम), क्हगह्रौं लम (पैंगीलम)। फुकीमुर्की लम। रह्मि तिस्यु नासये तारेपहरा, भुमेस्थान , बराहा, बराही, काहुले बराह, निम्रोस्यौं बराह, ल्हलोठाँटी झाँक्री, मौलो देवता, अर्मला देउराली देवी, रह्मि चौरु नासये सिल्दो नाल्दो साक्षी थानेमाने देवी देवता देउराली, भयारी, नाग नागिनी, ल्हल्हु यक्ष गन्दर्भ किन्नर सवैमा नमो नमः "ॐ* **अर्घम पाध्याम पुष्पम धुपम द्वीपम सुगन्धम नैबेतम सर्वपरिकार महापञ्च अमृत स्वाहा !"**

# समर्पण





**सुव्वा नाथु गुरुङ सुव्वा प्रल्हाद गुरुङ**

*राष्ट्रका लागि अतुलनिय योगदान दिनु भएका "बीर सपुत पुर्खाहरु,*
*पितृदेव, मातृदेव, कुलदेव, इष्टदेव, नमो नमः !"*
*"त्हङेदेव नम, सिद्धिदेव नम, ह्र्योँदेव नम !"*
*"ॐ अर्घम पाध्याम पुष्पम धुपम द्धीपम सुगन्धम*
*नैबेतम सर्वपरिकार महापञ्च अमृत स्वाहा !"*

## रिभान चौर नाथु प्रल्हाद ङेह्रो-पैंगीलम (गुरुङ)
## ऐतिहासिक अश्त्रहरू ।







*"ॐ क्लिन क्लिन क्लिन ऐन ह्रिन क्लिन चामुण्डाये नमः !"*

*"अर्घम पाध्याम धुपम दिपम पुष्पम सुगन्धम नैबेतम, सर्वपरिकार महापञ्चम्, अमृत स्वाहा !"*

# नेपाल प्रज्ञा-प्रतिष्ठान

कमलादी, काठमाडौं, नेपाल
फोन : [illegible]
फ्याक्स : [illegible]
पो.ब.नं. : [illegible], काठमाडौं, नेपाल
इमेल : office@nepalacademy.gov.np
info@nepalacademy.gov.np
वेबसाइट : www.nepalacademy.gov.np


पत्र सङ्ख्या
चलानी नं.



मिति : २०७८।९।१८

## शुभकामना

रिभान- चौर नाथु- प्रह्लाद डेह्रों पौंगि लामा परिवारका अध्यक्ष क्या.डम्बरबहादुर गुरुङज्यूले लेख्नु भएको गुरुङ विवाह पद्धति शीर्षक पुस्तकले गुरुङ समाज र संस्कृतिलाई मार्ग रेखा प्रदर्शन गरेर एउटा प्राज्ञिक अभावको पूर्ति गर्दछ । यो पुस्तकमा उल्लेखित विधि विधानले गुरुङको पुरातन संस्कार र संस्कृतिको संरक्षण गर्नका साथै नयाँ परिवेशमा ठाउँ र जुग सुहाउँदो कर्म संस्कार गरेर गुरुङ समाज र सांस्कृतिलाई समयानुकूल परिचालित हुन प्रेरणा दिने छ । यसका अतिरिक्त अरु समाज र संस्कृतिमा पनि राम्ररी घुलमिल भएर गुरुङहरुले समस्त नेपाली समाजमा आफ्नो वर्चस्व कायम गराउन पनि यस पुस्तकले सहयोग गर्नेछ । त्यसकारण म क्या. डम्बरबहादुर गुरुङको सत्प्रयाशको सराहना गर्दै यस प्रकारको सर्व उपयोगी महत्त्वपूर्ण कृति प्रकाश गराएकोमा यस पुस्तकमा प्रकाशक रिभान- चौर नाथु- प्रह्लाद डेह्रो पौंगि लामा परिवारलाई हार्दिक धन्यवाद अर्पण गर्दछु ।

(डा.जगमान गुरुङ)
उपकुलपति

प्रदेश प्रमुख

गण्डकी प्रदेश
पोखरा, नेपाल
फो नं. ०६१-५२०८८३

नेपाल सरकार
प्रदेश प्रमुखको कार्यालय
गण्डकी प्रदेश, पोखरा



**शुभकामना**

सुब्बा नाथु गुरुङ स्मृति दिवसको अवसर पारेर रिभान चौर नाथु प्रल्हाद डेह्रों पैंगिलामा परिवारका अध्यक्ष क्या.डम्बरबहादुर गुरुङले लेख्नु भएको **"गुरुङ विबाह पद्धति"** नामक पुस्तक प्रकाशन गर्न लागेको सुन्न पाउँदा मलाई खुशी लागेको छ ।

बिभिन्न जातजातिका आफ्नै मौलीक कर्म संस्कार छन जसका कारण हामीले नेपाललाई जातीय सुन्दर फुलबारीका रुपमा मान्दै आएका छौ । नेपाललाई जातीय फुलबारी बनाउन गुरुङ समुदायको कर्म संस्कार र संस्कृति एक महत्वपुर्ण अंग बन्दै आएको छ । बिश्व आधुनिकीकरणका कारण गुरुङ समुदायको मौलिक सामाजिक मुल्य मान्यता लोप हुने हो की भन्ने आशंका बढी रहेका बेला आफ्नो संस्कार र संस्कृतिलाई यसरी पुस्तक मार्फत जिवन्त गरिनु उदाहरणीय कार्य हो भन्ने मलाई लागेको छ ।
क्या.डम्बरबहादुर गुरुङद्धारा प्रकाशन गरिएको यो पुस्तकले गुरुङ समुदायमा हुने बिबाह पद्धतीमा एकरुपता ल्याई आफनो समुदायमा मात्र नभई अरु समाज र संस्कृतिमा पनि यसको प्रभाव रहने छ भन्ने अपेक्षा सहित यो कृति प्रकाशन गरेकोमा रिभान चौर नाथु प्रल्हाद डेह्रों पैंगिलामा परिवारलाई धन्यवाद दिन चाहान्छु ।

पृथ्वी मान गुरुङ

प्रदेश प्रमुख

प्रदेश प्रमुख

"भाषा, धर्म, संस्कृति जातीय अस्तित्वको चिनारी हो।"

# तमु धिं नेपाल

## TAMU DHIN NEPAL

केन्द्रिय कार्यालयः पोखरा–९

पत्र संख्या :–
चलानी नं. :–

दर्ता नं.: (ख) १६६
पान नं.: ६०९४१८७७६
कार्यालय फोनः ०६१–५२५२७५
अध्यक्षः ९८४६०२६७९३
महासचिवः ९८४६०३६४४५

मितिः २०७८/०९/१५

### शुभकामना



मानव विकाशको इतिहास लामो छ। प्रारम्भिक मानव संगठित थिएन अर्थात असंगठित थियो। समाज विकाशको क्रमसँगै व्यवहारिक, व्यवस्थित र संगठित बन्न थाले। सामाजिक मुल्य मान्यता, नियन्त्रण र आचार संहिता बनाउन थाले। अव्यवस्थित र अनियन्त्रितलाई व्यवस्थापन गर्नुपर्ने ज्ञानको विकाश भयो। जस्ले मानव समाजमा सामाजिक संस्थाको प्रारम्भ गरायो। पहिलो सुक्ष्म सामाजिक संस्था नै विवाह हो। जस्ले अनियन्त्रित यौन सम्बन्धलाई व्यवस्थित बनायो। लोग्ने स्वास्नी, बाल बच्चा अवधारणाको विकाश गरायो। नाता सम्बन्ध स्थापना गरायो। समाजमा स्थायित्व र जिम्मेवारीताको बोध गराउँदै परिवार व्यवस्थाको जन्म गरायो। जस्ले घुमन्ते, फिरन्ते, अनियन्त्रित मानव समुहलाई संगठित व्यवस्थित समाजको रुपमा विकाश गराएको हो।

त्यसैले विवाहलाई मानव विकाश, समाज विकाशका लागि प्रारम्भिक अर्थात आधारभुत संस्थाको रुपमा लिइन्छ। विवाहले समाजमा विपरित लैङ्गिकहरुको सम्बन्धलाई सामाजिक स्विकृति दिन्छ। वैवाहिक सम्बन्धका आधारमा उनीहरुलाई बैधानिक रुपमा यौन सम्बन्ध राख्न, जायजन्म गराउन सामाजिक स्विकृति दिन्छ। त्यति मात्र होइन, पारिवारिक सम्बन्ध, जिम्मेवारी, दायित्वसँगै सामाजिकीकरण प्रकृयामा अघि बढाउछ।

विवाह धेरै प्रकारका छन्। मानव विकाश, सामाजिक विकाशक्रम, समाजले अंगिकार गरेको धार्मिक मुल्य मान्यता, विवाहको प्रारुपहरु विभिन्न पाइन्छन। जस्तै : युरोप अमेरिका तिर गरिने विवाह, हिन्दु धर्म संस्कार अनुसार, बौद्ध मान्यता अनुसार गरिने विवाह, गुरुङ समुदाय र ब्राम्हण समुदाय गरिने विवाहमा मुलभुत उद्देश्य एउटै भए पनि विविधता पाइन्छ।

नाता सम्बन्ध कायम गराउने,परिवारको विकाश गराउने, सामाजिक मुल्य मान्यता स्थापित सभ्य सुसंस्कृति समाज निर्माणका लागि अनुशासनका बन्धनको रुपमा प्रारम्भिक सामाजिक संस्था विवाहको बारेमा पुस्तक प्रकाशनमा जुट्नु भएका समाजसेवी क्या. साहेबलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु। रिटायर्ड लाइफमा समाजलाई छामेर बुझ्दा उहाँलाई कलम चलाउनै पर्ने देख्नुभयो। विवाहको मुल्य मान्यता के हो, हाम्रो समाजमा उक्त मान्यतालाई कसरी अवलम्बन गरेकाछौं? कि विवाहको नाममा विकृत हुदै गएका छौं? भन्ने चिन्ता पनि लाग्यो उहाँलाई।आधुनिकीकरणले मौलिक सामाजिक मुल्य मान्यता लोप हुँदै जाँदा हाम्रो विवाह पद्धति नै हराउदै गएको चिन्ता गरी बलबैंश रहदासम्म बन्दुक खेलाउनु भएको क्याप्टेन साहेबले पाको उमेरमा कलम चलाउनु भएकोमा अत्यन्तै खुशी लाग्ने स्वभाविकै हो।। आउदो पुस्तकले विवाहका स्वरुपहरु, विवाहका मुल्य मान्यता, विवाह गर्दा अप्नाउने तरिकाहरु, विवाहका पात्रहरुको भुमिका लगायतका बारेमा प्रष्ट पार्नुका साथै धेरै सिक्ने अवसर पाउने नै छौं। त्यसैले यस पुस्तक अध्ययन, अनुसन्धान, विश्लेषण एंव सामाजिक मुल्य मान्यताको लागि एक दर्पण हुने विश्वासका साथ क्या. साहेबको लेखनको निरन्तरताको शुभकामना व्यक्त गर्दछु।

## शुभकामना



गुरूङको विवाहमा 'तँनकुर्सी' को संस्कार गर्दा 'फ्होले' फाल्नु पर्छ । फ्होले भनेको सम्पूर्ण कार्यहरू सकिए पछि दोष दोखालो मेटाउन गरिने अन्तिम क्रिया हो । फ्होलेको क्रिया गर्दा, घरको प्रमुखमा निसले हरियो पातमा चोखो भात राखी मूल ढोकाको ठेलामा राख्दछ । त्यस पछि घरको मुख्या मानिसले भाते जाँडले तीन पटक त्यो भातमा पाठ्हौँसी गर्छ । त्यस बखत यसरी फलाक्नु पर्छ । "यो मनुष्यलोकमा जन्मिए पछि कर्म गर्नु पर्छ । यसरी कर्म गर्दा, समयबाट आउने दोष, जन्मबाट आउने दोष, भोजनबाट आउने दोष, लुगा सिलाउदा आउने दोष, घर छाँउदा आउने दोष, मित लाउदा आउने दोष, सम्पत्ति राख्दा आउने दोष, बस्तुभाउ पाल्दा आउने दोष, खेति किसान गर्दा आउने दोष, बाटोमा हिंडदा आउने दोष, सन्तान हुर्काउदा आउने दोष, घर व्यबाहर चलाउदा आउने दोष, व्यापार व्यवसाय गर्दा आउने दोष, बिरमी हुँदा आउने दोष सबै प्रकारको अमंगलहरू यो फ्होले लिएर जाउन्" भनि तीन पटकसम्म तुरूक्क तुरूक्क गरेर जाँडको छोटो तर्पण दिएर सम्मान गरिन्छ । त्यसो गरे पछि त्यो जाँडको पुङ र एउटा अगोल्टो फ्होले फाल्ने मानिसलाई दिन्छ । त्यो मानिसले अगोल्टो, जाँडको पुङ र पात माथिको भात लिएर दोबाटोमा गएर सिस्नुको बोटको जरामा भात राख्छ । अनि सिस्नुको बोटलाई तीन पटक पाठ्हौँसी गरेर आज गरेको फलनको विवाहमा कुनै दोष दोखालो भएमा यो सिस्नुले पोलेर भष्म गर्नु" भनी अगोल्टोले सिस्नुको बोटलाई तीन पटक हानेर फर्कन्छ । यसरी फ्होले फाल्न

जादा, दुइजना जानु पर्छ । फर्के पछि पाठ्हौंसी गर्ने परम्परा रहेको छ ।
वरिष्ट सांस्कृतिविद प्राज्ञ डा. जगमान गुरूङको भनाइअनुसार गुरूङको संस्कार सजिलो छ । अर्थात यसो पनि भन्न सकिन्छ कि, गुरूङको मौलिक संस्कार अनुसार विवाह गर्दा, पुरेत चाहिदैन । बगदान पनि गाउँको मुखियाले बोल्ने चलन थियो । तर, 'उहिलेको कुरा खुइले' अहिले समय बदलियो । मानिसहरूको चाहना र आवश्यकतामा परिवर्तन आयो । सामाजिक बिकासको गतिले नयाँ रूप लियो । भुमण्डली करणको प्रभाव बढेको छ । आर्थिक उन्नति र प्रगति संगसंगै सांस्कृतिक मुल्य र मान्यताले गति लिनन सकिरहेको अवस्थामा हाम्रो गुरूङ समुदायलाई यो पुस्तकले थोरै भए पनि मार्ग दर्शन गर्न सहयोग गर्ने छ भन्ने विश्वास लिएको छु ।
अन्तमा, लेखकको उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना !
चोग डीबी गुरूङ, अमेरिका गुरूपूर्णिमा २०७८

# लेखकको मन्तव्य

विवाह जिवनकै अति महत्वपूर्ण र प्रमुख संस्कार हो । सबै संस्कार, संस्कृति र कर्मकाण्डहरूले आ–आफ्नै मौलिकता बोकेको हुन्छ । विवाहको विधि विधान सबै समुदायमा एकै किसिमको पाइदैंन । जुन समुदायमा आफ्नो संस्कार, शास्त्र अनुसार कर्म विधिको पद्धती बनाएको हुन्छ, उनिहरू बिचको कर्मकाण्डहरू एकरूपतासँग चलि आएको हुन्छ । समुदायमा कर्म काण्डहरूको पद्धती नभएको अवस्थामा, आफ्नो किलो–थलो देखि भुमण्डलीकरण हुँदै जाँदा नयाँ ठाउँको बातावरणको प्रभावले गर्दा, एउटै समुदायमा पनि पृथक प्रकारको कर्म विधिहरू हुन गएको पनि पाइन्छन् । समयमै सचेत भएन भने बिवाह संस्कारले सभ्यताको रूप लिन सक्दैन । यसको प्रत्यक्ष असर भावि पिडीहरूमा पर्न जान्छ ।

त्यसर्थ विवाह (Wedding Ceremony) को पद्धती विधि पूर्वक सरल भाषामा प्रष्टाएर व्यवहारमा उतार्नु पर्दछ भन्ने मान्यताले यो पुस्तक तयार गरिएको हो । मानव जिवनकै अति महत्वपूर्ण र प्रमुख बिवाह कर्मलाई हल्कारूपमा नलिई शास्त्रिय विधि अनुसार कर्म गर्नु सभ्यताको पहिचान र पुन्यात्म कर्म हुन जानेछ भन्ने मान्यतामा गुरूङहरूको मौलिक संस्कार र शास्त्रिय विधि दुवैलाई समेटेर बिवाह पद्धती बनाउने प्रयास गरेके छु । विवाह कर्म विधिको अर्थ र उपयोगितालाई बुझेर विवाह संस्कार सुदृढ गर्दै व्यवहारमा उतार्ने छन् । विवाह कर्मबाट पुन्य प्राप्ति गर्ने छन् । कर्म गर्न गराउन सहज र व्यवस्थित बनाउन यो पुस्तकले सहयोग गर्ने छ भन्ने पनि आशा राखेको छु र मंगलमय शुभकामना व्यक्त गर्दछु ।

अहिलेको परिबेशमा आवश्यक विवाह पद्धति पुस्तक लेख्ने मलाई उर्जा र आवश्यक मसलाहरू उपलब्ध गराउनु हुने मेरा

आदर्णिय श्री पेस बहादुर पुन (Sgt 2/2 GR Retd) ज्यू, लमजुङ क्होलसौँथर गाउँपालिका १, नजरे गाउँ लम्जुङ् घर भइ हाल अमेरिका निवासी चोग डीबी गुरूङज्यू प्रति अत्यन्तै आभार एवं कृतज्ञता व्यक्त गर्दछु । यस पुस्तकका सम्पादक ज्यूहरू र पुस्तक प्रकाशन प्रति शुभकामना प्रकट गर्नु हुने महानुभवहरूप्रति हार्दिक धन्यवाद र कृतज्ञता व्यक्त गर्दछु ।

अध्यक्ष अनेरि क्याप्टेन डम्बरसिंह गुरूङ

रिभान चौर नाथु प्रल्हाद ङेह्वौँ–पैंगीलम परिवार समिति कास्की ।

गुरूपूर्णिमा २०७८

# विषय सूचीपृष्ट

## भाग १ः शुभविवाह अर्थ र उपयोगिता


| | | |
|---|---|---|
| १. | विवाह संस्थाको थालनी | २ |
| २. | उमेर, अवस्था र परिस्थिति | ३ |
| ३. | विवाहको प्रकारण (हिन्दु संस्कारमा) | ३ |


## भाग २ः रिभान चौर नाथु प्रल्हाद डेङ्ह्रॉंपैंगीलम (गुरुङ) परिवारको विवाह पध्दती ।


| | | |
|---|---|---|
| १. | विवाह पूर्व कर्म (ग्रहशान्ति कर्म) | ९ |
| २. | जन्ति प्रस्थान | १० |
| ३. | वरियत स्वागत (जन्ति पर्सने) | ११ |
| ४. | कार्यक्रमबारे जानकारी | १२ |
| ५ | स्वयम्वरको | १२ |
| ६. | गोडा धुने | १३ |
| ७. | गोत्र (कुल) सार्ने अर्थ र विधि | १४ |
| ८. | बागदत्त बोल्ने माईती तर्फ बाट | १७ |
| ९. | बागदत्त बोल्ने दुलाह तर्फबाट बाट | १७ |
| १०. | सुकि लगाउने र अर्थ र उपयोगिता | १८ |
| ११. | रोटी रक्सी लगाउने | १८ |
| १२. | टिका दान | १९ |
| १४. | छोरी सुम्पिने (कन्यादान) तथा कर्म बिसर्जन | २० |
| १५. | नव बधुलाई बस्त्रदान | २१ |
| १६. | ढोगभेट तथा परिचय | २२ |
| १७. | गर्दुवा हस्तान्तरण | २३ |
| १८. | जन्ति बिदाईको | २४ |
| १९. | नववधु गृह प्रबेश (दुलही भित्राउने) | २५ |
| २०. | सिन्दुरदान (सिन्दुर हाल्ने) विधि | २८ |

२१. टिका आशिर्वाद, कार्यक्रम विसर्जन ३०
२२. दुरन (दुल्हन) फर्काउने ३१
२३. दैलो उकाल्ने (म्राकेब) ३१
२४. शुभ विवाहको आवश्यक सामग्रिहरूः ३२-३४
२५. छ्याँबा क्हुईवाः ३४
पूर्वकर्म ३५
जन्ति प्रस्थान ३५
जन्ति पर्सने ३५
गोत्र (कुल) सार्ने ३६
बागदन्त बोल्ने माईतीको तर्फबाट ३८
बागदन्त बोल्ने दुलहाको तर्फबाट ३८
शुकी लगाउने अर्थ र उपयोगिता ३९
टिकादान आर्शिबाद ४०
ढोगभेट तथा परिचय ४०
गर्दुवा हस्तान्तरण ४१
जन्ति बिदाई ४२
दुलही (नव बधु) घरमा प्रबेश ४२
सिन्दुर हाल्ने
२६. दुवै पक्षबाट तयार पार्नु पर्ने सामानहरूः ४३-४४

**भाग ३ः गुरुङको विवाह पद्धति :**

१. विवाह पद्धती ४६
२. गुरूङ जातिमा विवाह प्रथा ४८
३. ङेच्याब गुरूङ सूत्र ५१

**भाग ४ः पारपाचुके (विवाह संवन्धविच्छेद)**

१. गुरूङ संस्कृतिमा पारपाचुक ६०
२. विवाह र सम्बन्ध विच्छेद कानूनी व्यवस्था ६३
(वरिष्ठ अधिवक्ता कृष्ण गुरूङ)

## भाग ५ः केही ज्ञान मुलक बिषयहरुः


| | | |
|---|---|---|
| १. | ल्होहरू (वर्गहरू) तत्व मिलनचक्र | ७४ |
| २. | ल्होहरू (वर्गहरू) तत्व वियोगचक्र (नमिल्ने) | ७६ |
| ३. | ल्होहरू (वर्गहरू) शुभ र अशुभ बारहरू | ७८ |
| ४. | ल्हो (बर्ग) को फल | ७८ |
| ५. | तिलक धारण (टिका लगाउने) | ७९ |
| ६. | विवाहित स्त्रीले सिन्दुर लगाउने | ८२ |
| ७. | सृष्टिको फूल रजस्वला | ८३ |
| ८. | वैदिक सनातन कर्महरू : | ८४ |
| | गर्भधारण | ८४ |
| | जातकर्म संस्कार | ८४ |
| | षष्ठिका पूजन | ८५ |
| | नामकरण (न्वारन) संस्कार संछिप्तमा | ८७ |
| | सन्दर्भ सामाग्रिहरू | ८९ |
| | लेखकको परिचय | ९० |

# भाग १ः

# शुभ–विवाहको

# अर्थ र उपयोगिताः

**पृष्ठभुमीः**

विवाह जीवनकै अति महत्वपूर्ण र प्रमुख संस्कार हो । यसलाई अन्य संस्कार र आश्रम तथा पुरूषार्थहरूको आधार पनि मान्न सकिन्छ । शब्दगत अर्थ गर्दा विवाहले समाज तथा परिवार प्रति विशेष दायित्व बहन गर्ने अवस्था बुझाउँछ भने प्राकृतिक रूपमा विवाह पुरूष र स्त्रीको स्वभाविक संयोग हो । जहाँबाट सन्तति सृजनाको श्रृङ्खला पनि सुरू हुन्छ । अझ ब्यापकतामा जाँदा विवाह एउटा यस्तो अवस्थाको प्रतिक हो । जहाँ पुरूषत्व र स्त्रीतत्व वा प्रकृति र पुरूषको परस्पर संयोजन हुन्छ । विश्व ब्रह्माण्डका चर–अचर प्राणीहरूको सृष्टि प्रकृया शुरू हुन्छ । मानव होस् या पशुपंक्षी, जलचर होस् वा थलचर सबैका जन्मको मूल कारक यहि हो । चेतना प्राणीहरू मात्र नभएर वृक्ष वनस्पतिहरूको उत्पादनमा समेत स्त्रीत्व र पुरूषत्वको संयोग अपरिहार्य मानिन्छ । परागकण वा पुष्परेणुको सेचन बिना फलफूल तथा अन्नबाली आदिको पनि उत्पादन हुँदैन । अतः विवाह एउटा जैविक ब्यवस्था हो । यसैको आधारमा मानव सभ्यताको बिकास भएको छ ।

**विवाह संस्थाको थालनीः**

विवाह भन्नासाथ अहिले मानिसहरूको जस्तो विधि र व्यवस्था बुझ्छौं, पहिले त्यस्तो थिएन । सृष्टिको प्रारम्भिक कालमा, पशु पंछिहरूको भाले पोथी बिचको परस्परिक अवस्था जस्तो थियो मानिसहरू बिचको अवस्था पनि त्यस्तै नै थियो । पशुपंछी तुल्य यौनजन्य मानविय ब्यबहारलाई परिष्कृत अर्थात सभ्यता गर्दै लाखौं बर्ष पछि, मानिसले विवाह संस्थाको आविष्कार गर्‍यो । भनिन्छ *“विवाहलाई सुदृढ र व्यवस्थित संस्था बनाउने पहिलो आचार्य भगवान शिव हुन् ।”* त्यस अर्थमा अझैसम्म पनि

बिशेष गरी, विवाहको समयमा, *“उमामहेश्वर शिव पार्वतिलाई प्रथम आदर्श दम्पति”* भनेर पूजा गर्ने गरिन्छ । विशेष गरी विवाहको अवसरमा ।

**उमेर र अवस्था :**

मध्यकालमा वालविवाह, अनमेल विवाह, वहु विवाह जस्ता विकृतिहरू देखिए पनि वैदिक ऋषिहरूले कन्यालाई १६ बर्ष र कुमारलाई २४ बर्ष भन्दा पहिले विवाह गर्ने अनुमति दिएका थिएन । यसको पछाडि दुइवटा कारण देखाइएको छ ।

☞ पहिलो कुरा त्यस अवधि भन्दा पूर्व उनिहरू शाररिक रूपले सक्षम र बौद्धिक रूपले परिपक्व भइसकेका हुँदैनन्

☞ दोस्रो कुरा १६ र २४ बर्षभन्दा कम उमेरका स्त्री र पुरूषको सम्भोगबाट उत्पन्न (जन्म) भएका सन्तान प्रायः अस्वस्थ खालका हुने बिश्वास लिएको छ ।

## विवाहको प्रकार :

**क) हिन्दु संस्कारमाः**

वैद्धिक कालमा यसका वेदहरूको स्पष्ट व्याख्या नगरिएता पनि, स्मृतिकालमा विवाह आठ प्रकारका हुने कुरा स्वीकार गएिको छ । जस्तैः -

१) ब्रह्माविवाह, २) दैवविवाह, ३) आर्षविवाह, ४) प्रजापत्य विवाह, ५) आसुरविवाह, ६)राक्षसविवाह, ७) पैशाचविवाह, ८) गन्धर्व विवाह ।

माथि उल्लेखित विवाहको रहस्यहरूः-

**ब्रम्हाविवाहः**

विवाहको यो विधिलाई सर्वोत्तम मानिन्छ । यो विवाह सबै भन्दा परिष्कृत रूप हो । ब्रह्मा विवाहको सम्बन्धमा मनुस्मृति ३.२७ मा भनिएको छ । कन्याका पिताले आफ्नी कन्या छोरीको लागि

उपयुक्त बिदाकै रूपले युक्त वरको चयनगरी आफ्ना घरमा विधिवत आमान्त्रित गर्दछ । वरबाट कुनै किसिको अमेल उपहार आदि नलिईकन आदर सम्मानका साथ आफ्नी कन्या छोरी यथाशक्य गक्ष अनुसार दक्षिणा सहित यज्ञ विधि पूर्वक विवाह गरेर कन्या सुम्पिने विधिलाई ब्रम्हाविवाह भनिएको हो ।

**दैव विवाह**ः
कुनै किसिमको शर्त नराखिकन साथै कुनै प्रतिदानको पनि आशा नराखिकन निश्वार्थ भावले गरिने हुनाले यो विवाहलाई श्रेष्ठ विवाहमा मनिएको छ । देव यज्ञमा संलग्न सुयोग्य पुरोहितसँग देवयज्ञ कै अवसरमा यजमानले आफ्नी कन्याका विवाह गरिदिने हुनाले यस किसिमको विवाहलाई दैव विवाह भनिएको हो । आश्वलाय गृहसुत्रमा भनिएको छ । वस्त्रा भुषणहरूले अलङ्कृत कन्या देवयज्ञका ऋत्वजलाई विवाह गरिदिनु दैव विवाह हो ।

**आर्ष विवाह**ः शास्त्रकारहरूले यो विवाहलाई उत्तम मानेका छन् । यो विवाहको प्रयोग विशेषता ऋषिहरूको कुल परम्परामा गरिने भएकोले यसको नाम आर्ष विवाह राखिएको हो । ऋषिहरू धर्ममुलक यज्ञकर्ममा संलग्न रहन्थे । विवाह कर्ममा सहयोग पुऱ्याउनका लागि वरले कन्याका पितालाई एकजोर गाई, कन्या मगनी स्वरूप उपहार दिनु पर्थ्यो । किनभने ती गाईहरू पछि कन्यासहित वरलाई नै फिर्ता गरिन्थ्यो (मनुस्मृति ३.२९) ।

**प्रजापत्य विवाह**ः
यो विवाह आसुर विवाह भन्दा अलिक श्रेष्ठ हो । (मनु स्मृति ३.३०) ।

**आसुर विवाह**ः
यो विवाहलाई पैशाच, राक्षस र गन्धर्व भन्दा उत्तम मानिन्छ । यस

विवाहको परिचय दिंदै महाराज मनुले भनेका छन्, "कन्यालाई वा कन्यापक्षका बाबा, आमा, दाजु भाइ आदि सम्बन्धित लाई यथा शक्ती धन सम्पित्ति दिएर कन्यासंग विधिपूर्वक गरिने विवाहलाई आसुर विवाह भन्दछन् (बैधायन धर्मसूत्र १.११.२१) ।

**राक्षस विवाहः**

कन्या तथा कन्याको बाबा आमाको स्वकृती नलिई बलपूर्वक (जवरजस्ती) हरण गरेर गरिने विवाहलाई राक्षस विवाह भनिएको छ । पहिला पहिला कुनै कुनै समुदायका विवाह गर्न जाँदा बलिया बलिया मानिसहरूलाई लिएर, जन्तीले बन्दुकहरू बोकेर जन्ती जाने चलन पनि थियो । त्यहि प्राचीन राक्षसी विवाहको अवशेष हो भन्न सकिन्छ (मनु स्मृति ३.३३) ।

**पैशाच विवाहः**

छलकपट पूर्वक यौन सम्वन्ध कायम गर्नु वा कन्या अपहरण गर्नुलाई पैशाच विवाह मानिएको छ । यस्तो प्रचलन प्राचिन भारत बर्षको पश्चिमोत्तर प्रान्तमा वसोवास गर्ने पैशाच जातिका मानिसहरूमा रहेकोले यस प्रकारका विवाहलाई पैशाचविवाह भनेको हो । (मनु स्मृति ३.२४)

**गन्धर्व विवाहः**

कन्या र बर (केटा र केटी) दुवै राजी खुसी, एक अर्कालाई स्वीकार्छन् । एक प्रकारले यो विवाह सबैभन्दा स्वभाविक पनि देखिन्छ । जहाँ कन्या र वर दुवैले आ–आफ्नो जीवन साथी रोज्ने गर्दछन् । त्यही आधारमा पति पत्नीको सम्बन्ध गाँस्दछन् । विशेष गरि गन्धर्व जातिहरूमा यस्तो प्रकारको विवाह प्रचलन बढी भएकोले तिनैको नामबाट यस्तो विवाहलाई गन्धर्व विवाह भनिएको हो । मनुको मनु स्मृति ३.३२ मा वताईएको छ । माथि

उल्लेखित विवाह प्रकरण मध्ये १ देखि ४ सम्मका विवाहलाई प्रशंसनीय र ५ देखि ८ सम्मका विवाहलाई निन्दनीय विवाह मानेका छन् । आजभोलिका सभ्य मानिने समाजको सन्दर्भमा, ब्रह्मा र गन्धर्व विवाह बढी चलेको देखिन्छ । गन्दर्भ विवाहलाई प्रेम विवाह पनि भन्न सकिन्छ ।

# भाग २:

# रिभान च्वौर नाथु प्रल्हाद ङेह्रोँपैंगीलम(गुरुङ)हरुले गर्दै आएको विवाह पद्धती ।

**पृष्ठभुमीः**

गुरूङ जातिको मौलिक विवाह एक संस्कार फुपुचेला, मामाचेला मागि विवाह गर्ने सामाजिक मान्यता छ । गुरूङ जातिको विवाह प्रकारहरू :-

१) मागी विवाह, २) प्रेम विवाह, ३) भागी विवाह, ४) रोधी विवाह । *"विवाहकर्म पूर्व बच्चा पाउने (प्रोग्या) र मान्यता दिने ।"* यसमा भद्र भालाद्मीहरू बसी बच्चाको पिता(बाबा) ठेगाना लगाई विवाह गरिदिने वा पुरूषको घरमा भित्र्याउने विधीलाई रोधी विवाह भनिन्छ । गुरूङ जातिको विवाह पद्धती पुस्तकमा गुरूङ जातिको मौलिक पारपाचुके पृष्ठ ६०, ६२ विवाह र सम्बन्ध विच्छेद कानूनी व्यवस्था पृष्ठ ६७.मा उल्लेख गरिएको छ ।

विकासको क्रमसँगसँगै किलो-थलो देखि भुमण्डलीकरण र आजको ग्लोवलाईज पश्चिमी बातावरण आदिले गुरूङहरूको मौलिक धर्मकर्म संस्कार संस्कृतिहरूलाई दखल पारेको पाईन्छ । त्यसर्थमा मानव जिवनकै अति महत्वपूर्ण र प्रमुख विवाह कर्मलाई हल्कारूपमा नलिई शास्त्रिय विधि अनुसार कर्म गर्नु सभ्यताको पहिचान र पुन्यात्म कर्म हुन्छ भन्ने मान्यतामा रिभान चौर नाथु प्रल्हाद ङेह्रौँपैंगिलामा (गुरूङ) परिवारले गुरूङहरूको मौलिक संस्कार र शास्त्रिय विधि दुवैलाई समेटेर विवाह पद्धति व्यवस्थित गरि व्यवहारमा लागु गरि आएको छ ।

## शुभ विवाह कर्महरूः

१) **विवाह पूर्वकर्म (ग्रह–शान्ती कर्म)ः**

विवाह भन्दा पहिले विवाहकै दिन वा अघिल्लो दिन बर र बधुले आ–आफ्नै घरमा वा मन्दिरमा बिधिपूर्वक पूर्वाङ्ग कर्म सम्पन्न गर्छन् । जसमा बरले ग्रह–शान्ति आदि पूजा गर्दछन् भने बधुले ईन्द्रायणी पूजा वा गौरी पूजा गर्दछन् । यसको बिधि पूर्वाङ्क कर्ममा दिईएको छ ।

**पूजा मण्डप तयारः**

श्री शिद्धीगणेश देवता, दिपकलश, अग्नि देवता, कुलदेवता, इष्ट देवताहरू स्थापना गरि पूजा मण्डप बनाउने ।

**कन्याको पितालेः**

कन्याको पिता (बाबा)ले चोखो निष्ठ भएर धुप, दीप, फल फूल, अछेता, धजाहरू, चोखो पानी आदि तयार पारेर, सूर्यदेवता, बास्तु देवता, पितृदेवता, कुलदेवता, इष्टदेवता, खाँडदेवता, मौलो देवता, गाउँको सिल्दो नाल्दो, सिमेभुमे, नाग नागिनीहरू सम्पूर्णलाई स्मरण गर्दै यसरि चढाउनेः

*“ॐ अर्घम् पाध्याम् धुपम् दिपम् पुष्पम् सुगन्धम् नैबेतम् सर्वपरिकार महापञ्च अमृतम् स्वाहा !”*

*(कन्यादान संकल्प पछि मात्र भोजन गर्नुमा पुन्यात्म कर्म हुन्छ) ।*

**उपयुक्त समयहरुः**

कर्म गराउँदा बिचार पुऱ्याउनु पर्ने समय पावन्दि र बर, बधुलाई आशन ग्रहण गराउँदाको महत्वपूर्ण दिशाबारे पैंडी/ज्योतिषीले दिएको समय बिशेष गरेर यी चार प्रकारको कर्म शुभ विवाह गर्न गराउँदा राम्रो समयलाई लिनु पर्दछ । जस्तैः

१) जन्ति प्रस्थानको समय
२) स्वयम्वरको समय
३) जन्म घरबाट कर्म घरमा चेली बिदाइको समय
४) नव बधु गृह प्रबेशको समय ।

ज्योतिष शास्त्रको मान्यतामा चन्द्रमा चार प्रकारका हुन्छन् । साईतमा प्रस्थान गर्दा र टिका आशिरवाद थाप्दा बिशेष गरेर सेतो चन्द्रमा छ भने सन्मुख पार्नु यदि पहेंलो चन्द्रमा छ भने संबन्धित व्यक्तिबाट चन्द्रमालाई दाहिने पारेर कर्म गरेमा शुभ तथा लाभदायक हुन्छ ।

## २) जन्ति प्रस्थान बिधिः

**क) पूजास्थानको दर्शनः**

प्रस्थान पूर्व, दुलहाले पोशाक पहिरिएर पूजा मण्डप कोठामा गएर पुष्पाञ्जली अर्पण गरि दर्शन गर्ने ।

**ख) सगुन मंगलपेय खुलाउनेः**

प्रस्थानको समयमा, आमाको हातबाट छोरा (बेहुला)लाई सगुन मंगलपेय खुवाउने (दुध, दहि, मह, मिस्रित) र जन्तिहरूलाई पूर्णकलश तथा मंगलादी सगुनहरूका साथ जन्ति प्रस्थान गराउने ।

**ग) जन्ति प्रस्थानका क्रमहरु** (Order of March)

सर्वप्रथम अगाडि चालु बर्षको सौँग्या केटाले दहीठेगी समाउने, दुलहा, दुलहाको बाबा, क्रमश दुलहीको नयाँ वस्त्रा आदी, सगुनादिहरू, जन्ती बाख्रा (खसी), जन्तिहरू भएर प्रस्थान हुने ।

## ३. वरियाद स्वागतम् (जन्ति पर्सने)ः

**क) अर्थः**

विवाह कर्मको लागि दुलही तर्फको निमन्त्रणालाई स्वीकार गरेर दुलहका साथ जन्ती आएको हुन्छ । जन्तीहरू उपर कन्याको पिता, दाजुभाइहरूबाट पुष्प गुच्छाहरू, दहीचामलको अक्षेता बर्षाउँदै शुभकामना र स्वागत गरिने कर्मलाई जन्ति पर्सने अर्थात जन्ति अन्माउने पनि भनिन्छ । **बिधिः** जन्तिलाई एकै ठाउँमा गोलाकारमा उभ्याउने । बिच भागमा पिर्का माथि बेहुलालाई उभ्याउने जुत्ताबिना । गुरूङको संस्कार अनुसार, चालु बर्षको सोंग्या केटाले धुप दीप समाएर, दुलहीकी पिताले चोखो पानीको धारा दिंदै दाजुभाइहरू (माईती)ले जन्तिहरू उपर दही चामलको अक्षता, पुष्प गुच्छाहरू बर्षाउँदै तीन पटक परिक्रमा, शुभकामना प्रकट गर्दै स्वागतम् गर्ने ।

**ख) जन्ती प्रवेशक्रमः**

भेषभुषामा सु–सज्जित आमासमूह अथवा पञ्च कन्याहरूले दुलहा तथा जन्तिलाई टिका माला, खादा, लगाई दिंदै कार्यक्रम स्थलमा प्रवेश गराउने । **प्रवेश गराउने क्रमः**– सर्वप्रथम् अगाडी सौँग्याले दहीठेकी लिएर, क्रमश दियो कलश, बेहुला, बेहुलाको पिता, जन्तीबाख्रा सगुनादि र जन्तिलाई कार्यक्रम स्थलमा प्रवेश गराउने ।

**ग) कार्यक्रमबारे जानकारी गराउनेः**

ज्योतिषीले दिएको समयमा स्वयम्वर कर्म गराउनु पर्दछ । समयकुल मिल्छ भने पहिला कार्यक्रमबारे जानकारी गराउने । समयले साथ दिएन भने, पहिला स्वयम्वर कर्म गराउने । त्यसपछि कार्यक्रमबारे जानकारी गराउन

उपयुक्त हुन्छ । कार्यक्रमबारे अवगत गराउनुको उदेश्य हो । आ-आफ्नो समयमा दुवै पक्ष तयारी अवस्थामा राख्ने, कार्यक्रम सरलरूपमा सम्पन्न गराउनु हो ।

**कार्यक्रमहरु:**

१). स्वयम्वर २) गोडा धुने, ३). गोत्र/कुल सार्ने (सम्धी सम्धी बागदत्त बोल्ने) सुकि लगाउने, ४) टिका दान, ५) कन्यादान तथा विवाह कर्म विसर्जन, ६) दुलहाबाट बस्त्रदान, ७) ढोगभेट तथा परिचय, ८) गर्दुवा (निज्सी उपहार) हस्तान्तरण, ९) जन्तिबिदाई, १०) नववधु गृहप्रबेश (दुलही घरमा भित्राउने), ११) सिन्दुरदान तथा कार्यक्रम समापन ।

**४) स्वयम्वर (अर्थ)**

संसारिक सृष्टिको श्रृङ्खला धान्ने एवं समाज तथा परिवार प्रति बिशेष दायित्व बहन गर्न सक्षम छौं भनेर दुलहा तथा दुलही एकले अर्कालाई स्वीकार्दै बरमाला तथा औंठी लगाई दिंदै स्विकार गर्ने कर्मलाई स्वयम्वर कर्म भन्दछ । यसको कर्म विधिहरू:

**क) स्वयम्वर**: कन्या (बधु/दुलही)लाई बर (दुलहा)को समिपमा ल्याउने । दुलही र दुलहा दुवैले आ-आफ्नो जन्मदाता माता पिता, पितृदेव, कुलदेवता र इष्ठदेवता, देवी देउरालीहरूलाई स्मरण गर्दै नमन् गर्ने ।

**ख) दुलहालाई परिक्रमा**: दुलहीले दुलहालाई ३ फेरासम्म चोखो पानी धारा दिंदै, प्रार्थना गर्दै परिक्रमा गर्ने यसरी:

**प्रार्थनाः**

*मधुमयचलुनहावा, मधुमयबनुन् नदी,*
*मधुमयबनुन् हाम्रा, खेतिपाति सम्पत्ति ।।*
*मधुमय दिवा रात्री, धर्ती यो मधुवास होस,*
*मधुमय बनुन् हाम्रा, पितृ मधुर स्वर्ग होस् ।।*
*मधुमय बनुन् सूर्य, लता बृक्ष बनस्पति,*
*धमुमय बनुन् हाम्रा, जिवजन्तु भएजती ।।*
*मधुमय बनोस् हाम्रो, जिन्दगी यो सँधै भरी ।।*

ग) **कन्या (दुलही)ले माला र औँठी लगाई दिनेः** सर्वप्रथम बेहुलीले मालार औंठी हातमा लिएर प्रार्थना गर्ने यसरिः ईन्द्रकी प्रियसी देवी, इन्द्राणी प्रार्थना पुगोस् । तपाईको कृपापाई, हाम्रो प्रेम अटल रहोस् । अब दुलहीले बर (दुलहा)लाई माला अनि औँठी लगाई दिने ।

घ) **दुलाहालेः हातमा माला र औँठी लिएर प्रार्थना गर्ने यसरिः** *"अन्जनासँग वायुको, छायाँसँग सूर्यको, गङ्गासँग सन्तनुको, रोहिणीसँग चन्द्रको, जानकीसँग रामको र, रुक्मिणीसँग कृष्णको त्यस्तै, हाम्रो दाम्पत्य जीवनको प्रेम, मायाममता अटल रहोस् !"* यसपछि बेहुलाले बेहुलीलाई माला अनि औंठी लगाई दिने र बेहुलीले बेहुलालाई शिरको स्वामीको रूपमा ग्रहण गर्दै ढोग ढोग गर्ने । उपरोक्त बिधि बिधानहरू स्वयम्बरको मूल अर्थ हो । यसरी स्वयम्बर सम्पन्न गर्न सकिन्छ ।

५) **गोडा धुनेः**

अर्थः आफ्नो कुलमा जन्म लिएकी कन्यालाई कन्यादान पूर्व, जन्मदाता माता पिताले आफ्नी कन्याको गोडा (पाउ) धोएर जल खाएर कन्यादान गरेमा पुन्य मिल्छ भन्ने शास्त्रिय भनाई छ । तसर्थ गोडा धुने जल खाने कर्म

संस्कारको रूपमा चल्दै आएको संस्कार नै यसको अर्थ हो । यसको लागि तयारी सामाग्रीहरूः- तामाको ताउला । ताउलोमाथि पिर्का । जौ, तिल, कुश, मिस्रित चोखो पानीको करूवा । टेवल, रूमाल र पुष्पगुच्चाहरू ।

६) **गोत्र (कुल) सार्ने) अर्थ र उपयोगिता** :

गोत्र (कुल) सार्ने कर्मलाई शास्त्रिय भाषामा "गोत्र सार्ने" भन्दछ भने गुरूङ समुदायमा यसलाई कुल सार्ने (क्रमुतेना) अर्थात सुकी लगाउने संस्कार छ । गोत्र (कुल) नसारेको अर्थात सुकी नलगाएको) छोरी/चेलीको मृत्यु भएमा माइती (आस्यों)ले आस्यों क्वौंयें (कात्रो) दिन मिल्दैन र दिंदैनन् पनि । त्यस्तो अवस्थाको चेलीको मृत्युकर्महरू लोग्नेको घर परिवारले गरेको काजक्रिया कार्यले मृत आत्मालाई स्वर्ग उतार्दैन भन्ने मृत्युञ्जय शास्त्रिय मान्यता छ । तसर्थ गोत्र (कुल) नसारेको चेलीको मृत्युकार्य माइतीलेनै गर्नु पर्दछ । मरेको दिनपछि क्रियाकार्य कर्ताले ६ शुकी लगाई कात्रो लिने चलन छ । तसर्थ कतिपय समुदायहरूले विवाहकै दिन अनिवार्य गोत्र सार्ने गर्दछन् र सार्नु पनि पर्दछ तर समय परिस्थितिले दुलही भित्राउने दिनमै गोत्र/कुल सार्न असम्भव भएको अवस्थामा दुलहा, दुलही दुवैपक्ष एकाघरको सदस्यहरू न्युनतम् संख्यामा भएपनि विधि पुराएर गोत्र सार्नु पर्ने हुन्छ । गोत्र सारेको जानकारी आफना भाइ परिवार लाई गराउनु पर्दछ । चेली, बुहारीको विवाह पश्चात पारपाचुके भएको छ भने पनि लिखितम् कागजात बनाएकोबारे पनि सदस्य भाइलाई जानकारी हुनु पर्दछ । अन्यथा मृत्युञ्जय कार्य अवस्थामा धर्म संकटको परिस्थिति सृजना गराउने छ । गोत्र सार्नुको अर्थ यही हो । बागदान बोल्ने गोत्र (कुल) सार्ने कर्म विधि तयार


पार्नु पर्ने सामग्रीहरू :

**क)** **दुलहीको घरबाट टेवलमा तयार पार्नु पर्ने सामग्रीः** कर्मपात्रमा (दुनामा) वर र पिपलको पातमाथि जौ, तील, तीन टुक्रा कुश, दुवो राख्ने । धुप दीप कलश, चोखो पानीको करूवा, १० वटा रोटी, पुङ्मा रक्सी, सगुनादी, छाप्रीमा दहीचमलको अछेता ट्रेमा पुष्पगुछाहरू, दनदक्षीणादी, क्रेगि, क्रमुहरू । कुल सार्दा वाचन गर्ने कागज) ।

**ख)** **दुलहाको तर्फबाट टेवलमाः** दहीको ठेगी, १० वटारोटी, र पुङ्मा रक्सी, सगुनादीहरू, माईतीको चलन अनुसारको सुकी (सिक्का पैसा), कुल स्विईकार (वचन बद्यता) कागज ।

**ग)** **गोत्र (कुल) सार्दा/सुकि लगाउनको लागि आशनग्रहणः** निम्न उल्लेखित महानुभवहरूको रोहबरमा कुल सार्ने गरिन्छ ।

**आशन ग्रहण दुवै पारीवारकाः** दुलहा दुलहीका बाबा, दुलहा, दुलही, जेष्ठ नागरिक, परिवार समितिका अध्यक्ष र एकजना सदस्य लगायत पाँचजना आशन ग्रहण गराउनु पर्दछ ।



घ) **गोत्र/कुल सार्ने शंकल्पः** सर्वप्रथम कन्या (दुलही)को पिताले उभिएर हातमा कर्मपात्र समाउने, जौंलाहात गरेर, आफ्नो पितृदेव, कुलदेव, इष्टदेव, अग्नि देवता, गाउँका सिमेभुमे देवी देउरालीहरूलाई स्मरण गर्दै नमन गर्ने । त्यसपछि, समितिका अध्यक्षले निम्न लिखित वाचन पढने । यसलाई सम्धीहरूले बागदत्त बोल्ने भनिन्छ ।

**ङ) कन्याको माता/पितातको फर्बाट कुल सार्ने वाचन :**

*ॐ अध्येय,.......प्रदेश....जिल्ला,......गाउँपालिका.......गाउँ साविक घर भइ, हाल,.....पालिका/नगरपालिका.......निवासी "नमजुँ रह्मिर्ह्नौं ङेर्हौं पैंगीलामा (गुरुङ) एवं भारद्वाज गोत्रका सन्तति....गुरुङको नातिनी......गुरुङ तथा श्रीमती......गुरुङको जेठी/कान्छी सुयोग्य छोरी..................गुरुङलाई, आजको शुभ-लगनको दिन, हाम्रो कुलको धर्म संस्कार, शास्त्रोक्त विधि विधानपूर्वक, तपाइ......प्रदेश.....जिल्ला.....गाउँपालिका/नगरपालिका...गाउँ साविक घर भइ, हाल.....गाउँपालिका/नगरपालिका....गाउँ निवासी.....र्ह्नौं.....( गुरुङ) एवं...........गोत्रका सन्तति......गुरुङको नाति......गुरुङ तथा आमा....गुरुङको...सुपुत्र श्री....गुरुङको गोत्र/कुलमा एवं बंशजमा सम्पेका छौं ।* **पाले पुन्य मारे पाप । तपाइ र तपाइको बंशजको हुनेछ । हेलाहोचो नगर्नुहोला। अव उप्रान्त, यीकन्या छोरीको सवै कर्म–काण्डहरु तपाइ र तपाइको बंशजको हुन जाने छ। नवदाम्पत्य बिचको प्रेम अखण्ड रहोस्। चाहिएको जस्तो सन्तान बृद्धिहवस्। सुख, शान्ति र समृद्धि जिवनको शुभकामना ! ॐ शान्ती !**
*(सङ्कल्प पछि कर्मपात्र दुलहाको हातमा राखि दिने)*

*मितिः ............. श्री..............*

*गुरुङ कन्याको पिता ।*

**च) बर/दुलहाको तर्फबाट कुल/गोत्र बचन बद्धता:**

*तपाइ....प्रदेश.........जिल्ला...........गाउँपालिका/नगरपालिका...........गाउँ साविक घर भई, हाल......गा.पालिका/नगरपालिका................गाउँ निवासी................र्ह्नौं..........(गुरुङ) एवं...गोत्र/कुलका सन्तति......गुरुङका नातिनी......गुरुङ तथा श्रीमती.....गुरुङका ...सुयोग्य कन्या छोरी सुश्री .... गुरुङलाई तपाइहरु नमजुँ रह्मीर्ह्नौं ङेर्ह्नौं-पैंगीलम (गुरुङ) एवं भारद्वाज गोत्रबाट हाम्रो......र्ह्नौं .....(गुरुङ) एवं....गोत्रमा, यक्ष विधिपूर्वक सुंम्पिनु भएकोमा, हामी गौरबताकासाथ स्विकार्दछौं । कुनै प्रकारको हेला होचो हुने छैन भनि प्रतिवद्धता जाहेर गर्दछौं ।* **यी नव बधु र बर बिचको प्रेम अखण्ड रहोस् । चाहिएको जस्तो सन्तान बृद्धि हवस् । शुखःशान्ति समृद्धि जिवनको शुभकामना!** *साथै तपाइ हामीहरु बिच यस्तै प्रकाको आदान प्रदान प्रगाड हुदै जावस् मंगलमय शुभकामना! व्यक्त गर्दछौं । धन्यवाद ।*
*मितिः .................श्री .............. गुरुङबर (दुलहा) को पिता*

**छ) सुकी लगाउने अर्थ उपयोगिताः**

अर्थः आफ्नो कुलमा जन्मेकी चेलीलाई जन्म घरबाट कर्म घरमा विदाई गर्दा गाउँको सिमेभूमे, देवी देउराली, हुरी खेतला, आदिले आशा राखेको हुन्छ भन्ने मान्यता छ । आमाले दश महिनासम्म कोखमा राखेर दशधारा दूध खुलाएर हुर्काएकी कन्या छोरी लैजाँदा बर/दुलहा अर्थात ज्वाँइ, दूध भाराबाट मुक्त होवस् साथै देवी देउराली, इष्ट देवताहरूका सम्मान एवं आशिर्बाद प्रप्तिको लागि ज्वाँइबाट सुकी लिने संस्कार छ ।

**उपयोगिता**ः गुरूङ जातिको विवाहकर्म गर्दा ६ सुकी लगाउने संस्कार हो तर आफ्नै अपनत्व बोकेको रिभान चौर नाथु प्रल्हाद ङेर्ह्रौं–पैंगीलम (गुरूङ) परिवारको विवाह कर्ममा ९ सुकीको प्रचलन छ । यसका उपयोगिता यसप्रकारका छन्ः–

१) आमाको दूधभाराको लागि सुकी १, दुलहीकी आमालाई ।
२) दुलहीको साथीहरूको लागि सुकी १, दुलहीकी आमालाई
३) कुटुनीको लागि सुकी १, दुलहीकी आमालाई ।
४). मौलो मुखियाको लागि सुकी १, समितिको अध्यक्षलाई ।
५) गाउँको कटुवालको लागि सुकी १, समितिको अध्यक्षलाई ।
६) रोदीस्यो (रोदीआमा) कोलागि सुकी १ दुलहीकी आमालाइ ।
७) गाउँको भलादमीको लागि सुकी १, सल्लाहकार अध्यक्षलाई ।
८) खाँडदेवको लागि सुकी १, दुलहीकी बाबालाई ।
९) कुल र इष्टदेवको लागि सुकी १, दुलहीकी बाबालाई ।

**ज) रोटी तथा रक्सी लगाउने (क्रमुत्हेन) अर्थ र उपयोगिताः**

(अर्थ) गुरूङहरूको विवाह संस्कारमा केटी मगनी पश्चात पक्का गर्नुको लागि माइतीले आफ्ना दशभाइहरूको संख्या

अनुसार यतिवटा रोटी र येति बोतल रक्सी ल्याउनु भनेको हुन्छ । सोहि अनुसार दुलहाको तर्फबाट ल्याएर यस अवसरमा दुलहीको बाबा आमालाई सम्मान स्वरूप प्रदान गर्ने र उक्त रोटी रक्सीहरू दशाभाइले (माइतीहरूले) ग्रहण गरेपछि अर्थात खाएपछि केटी पक्का हुने र दुलही घर नभित्र्याउँदै दुलहीले विश्वास घातक गरेमा जारी लाग्ने गुरूङहरूको परम्परा छ । त्यसैले, माइतीलाई रोटी तथा रक्सी दिने प्रचलनमा ल्याएका हो ।
त्यस अथर्मा दुलहाको बाबाले दुलहीको बाबालाई रोटी र रक्सी दिने । त्यसपछि दुलहीको बाबाले पनि दुलहाको बाबालाई रोटी, रक्सी दिएर सम्मान स्विकार गर्ने । यसलाई सम्दि-सम्दि बिचको सम्मान साइपाटाको रूपमा पनि लिइने चलन हो ।

रोटी रक्सी आदान प्रदान गरिसके पछि, दुलहाबाट ल्याएको शगुन दहीठेगीमा आमाले चामल भरेर छोरी र ज्वाँईको हातमा राखेर भन्ने छीन्ः *"घरमा पुगेर तपाई छोरी र ज्वाँईले शगुनसरी चामल पकाएर खानु है, यो अमृत सरह नै हो !"* भनेर दिनेछन् । यस पछि गोत्र सार्ने कर्म पूर्ण हुन्छ । यस अर्थमा क्रमुत्हेनको महत्वलाई बुझ्नु पर्दछ ।

७) **टिकादान**ः

**अर्थ**ः चेलीलाई जन्म घरदेखि कर्मघरमा विदाई गर्न पूर्व माइतीजन तथा आफन्तजनहरूले शुभचिन्तकहरूबाट टिकादान अर्थात शुभाशिक दिने परम्परा रहेको छ । गुरूङहरूको संस्कार अनुसार सर्वप्रथम चालुबर्ष (सालभरिको सबै भन्दा राम्रो मणि लक्षण बोकेको साँग्या केटा वा केटी विवाह नभएको कन्याको हातबाट टिका शुभारम्भ गरिने

छ । त्यसपछि माता पिता घर परिवार, फुपूहरू, मामाहरू, भाइखलकहरू र इष्टमित्रहरूबाट टिकादान गरी आशिक दिने महत्वपूर्ण पक्ष हो ।

**ट) छोरीलाई सुम्पिने (कन्यादान):**

कन्यादान कर्म पूर्ण गरेर संकल्प गर्दै, कन्या छोरी बरको साथ सुम्पिने कर्मलाई कन्यादान भनिन्छ ।

**कन्यादान बिधि:–**

**क) कन्यादानको लागि:**

कन्या (दुलही) र कन्य (दुलहा)लाई यज्ञ अर्थात कार्यक्रम स्थलमा ल्याएर उपयुक्त आसनमा दुलही दाहिने र दुलहा देब्रे तर्फ पारेर आसन ग्रहण गराउने । कन्यादान कर्ताले– पितृदेवता, कुलदेवता र उमा महेश्वर शिव पार्वतीहरूलाई स्मरण गर्दै, जौ, तिल कुश, पुष्पहरू, दही चामलको अक्षेतासहित छोरीको दाहिने हातको बुढीऔँला समात्ने । दुलाहले तलबाट हात थाप्ने, बाबा आमाले करूवाबाट पानीको हल्का धारा दिंदै संकल्प गर्ने:–

*"लक्ष्मी रुपी सुयोग्य, यी कन्या छोरी, यथा शक्ति विभुषीत समर्पण गरेको छु, स्वीकार गर्नुस् है अव ।" "जस्तो, राम र सिताको, रुक्मणी र कृष्णको, शिव र पार्वतीको थियो, उस्तै प्रकारको दाम्पत्य जोडीको प्रेम अटल रहोस् तपाईहरुको ।"*

**ख) कन्या (दुलहाले) ग्रहण गर्ने:**

दुलहाले कन्या (दुलही)को हात समाएर भन्नु:–

*"आकाशले तिमीलाई दिउन र, पृथ्वीले तिमीलाई ग्रहण गरुन् !"*

**ग) छोरी सुम्पिने (कन्यादान) को दान प्रतिष्ठा:**

कन्यादान कर्ताले आफ्नो हातमा भएको जौ तील कुश, फुल, अक्षेताहरू बर (दुलाह)को हातमा राखिदिनु । त्यसपछि बर

र कन्यालाई आशनमा बसाल्नु

**९) ठाउँ सार्ने तथा वस्त्रदानः**

**क) ठाउँ सार्नेः** कन्यादान कर्म सकिए पछि कन्या बर (दुलाह) लाई सुम्पेपछि दुलहाले दुलहीको हात समाएर आफु बसेको स्थानमा बसाल्ने र आफु दुलही बसेको स्थानमा बस्ने (दुलहा दाहिने र दुलही देब्रे तर्फभएर बस्ने) । पहिलाको संस्कार अनुसार बेहुलाले बेहुलीलाई जुरूक्क उचालेर आफु बसेको ठाउँमा बसालेर बेहुली बसेको ठाउँमा आफु बस्ने चलन थियो । यसलाई ठाउँ सार्ने भनिन्छ ।

**ख) वस्त्रादान–रहस्यः** माईतीको वस्त्र पहिरिएको अवस्थामा सिन्दुरदान गर्नु शुभ हुँदैन भन्ने सास्त्रिय मान्यता छ । तसर्थ दुलहाले आफनो अर्ध अङ्गको रूपमा लिएर, जिवनसाथीको रूपमा सम्झेर शुभकामना प्रकट गर्दै मायाको चिनो स्वरूप नयाँ वस्त्र तथा गरगहनाहरू प्रदान गर्दछन् । यसलाई नयाँ वस्त्रदान भनिन्छ । यसको बिधि :-

**१) नया वस्त्रदानः** दुलाहले दुलहीलाई शुभकामना व्यक्त गर्दै नयाँ वस्त्र तथा गहनापात प्रदान गर्ने र दुलहीले ग्रहण गर्ने ।

**शुभकामनाः**

*लुगाहरु लगाउनु प्यारी, बृद्ध अवस्था हुँदातक ।*
*बन राम्री उज्याली र, बाँच बर्ष सताब्धीतक ।।*
*प्राप्तहोस् चाहिए जस्तो सुखः सन्तान औ धन ।*
*कहिलै पनि अन्यन्त्र आकृष्ट नवनोस् तिम्रो मन ।।*


**ग) बेहुलाले पछ्ेउरी ओडाईदिनेः** बेहुलीले ग्रहण गरेकी नयाँ वस्त्र *पहिरिएर बेहुलाको समिपमा आउनेछ । बेहुलाले तलको*

*मन्त्र पढ्दै बेहुलीलाई पछौरी ओडाई दिनछे:*
*"ओडाई दिन्छु यो राम्रो पछेउरी तिमीलाई, मेरो जिवनकी हृदयीकी ढुक्ढुकी भनीकन!"*
पछेउरी ओडाएपछि बेहुलीले शिरको स्वामी संझेर ढोग गनर्छे ।

**१०) ढोगभेट तथा परिचय:**
(अर्थ) दुलहा तर्फ र माइती दुवै तर्फ बिचको साईनो परिचय हुन आवस्यकता भएको हुँदा यो ढोगभेट तथा परिचय कार्यक्रम राखिएको हो । यस कार्यक्रममा दुवै तर्फका बिशेष गरेर ढोग गर्नु पर्ने र ढोग फर्काउनु पर्ने महानुभव हरूलाई मात्र आशन ग्रहण गराउनु पर्ने हुन्छ । किनभने संधी संधी परिवारहरूबिच र ज्वाँइले आफ्ना ससुराली परिवारहरूको साईनो परिचय लिनु पर्ने हुन्छ । साईनो परिचय दिनको लागि एक जाना साईडमा बसेर साईनो परिचय दिनु पर्दछ । ढोगभेट तथा परिचयको अर्थ यस प्रकार रहेको छ :

क) **ढोगभेट तथा परिचयक्रम**: सर्व प्रथम छोरी तथा ज्वाँले माईती तर्फ परिचय लिईदै सम्मान गर्ने । परिचय पाए पछि केगि/कमु (पछौरी) ओडाएर ढोग गरेर सम्मान गर्ने । माइतीले ज्वाँइ तर्फका सम्दि परिवार तर्फ परिचय लिईदै केगि/पछौरी ओडाएर सम्मान गर्ने ।

ख) **आशन ग्रहण**: कार्यक्रम स्थान सम्भव भएसम्म दुवै तर्फबाट देखादेख हुन सक्ने गरि आसन ग्रहण गराउनु पर्दछ । यसो गर्नले को, कस्तो साईनो परिचय रहेछ भन्नेबारे सम्पूर्णले थाहा पाउन सक्दछन् ।




**११) गर्दुवा हस्तान्तरणः**

**क) साली/भेनाः** साली भेना बिचको हिजोको ठटेउली जुत्ता लुकाउने घटनालाई जिवन्त राख्ने उदेश्यले एउटा संस्कारको रूपमा चलाउँदै आएको हो । बेहुली गृह प्रवेश समयको पावन्दिलाई ध्यानमा रखेर छोटो मिठो प्रकारमा लिनु पर्दछ । पैसा बार्गनिङ्ग महत्वकांछी राख्नु हुँदैन ।

**ख) गर्दुवाहरुः** छोरी (चेली)लाई गर्दुवा प्रदान गर्ने वा नगर्ने माता पिता तथा माइतीको स्वइच्छा हो । चेलीलाई गर्दुवाहरू (सम्पत्ति) प्रदान गर्दा समाजलाई नकरात्मक असर नपर्ने गरि प्रदान गर्नु पर्दछ । प्रदान गरिएको गर्दुवाहरू लिखित रूपमा तर अघोषित रूपमा प्रदान गर्नु उचित हुन्छ ।

**१२) बंशावली पुस्तक प्रदान**

यस कुल तथा बंशज घरानाको चेली तथा ज्वाँइको नाताले आफ्नो माइती ससुरालीको बंश वृक्ष एवं यसको इतिहासबारे पनि अवगत हुनु पर्दछ भन्ने मान्यतामा परिवार समितिको तर्फबाट उपहारको रूपमा शुभकामनाका साथ वंश वृक्ष पुस्तक प्रदान गर्ने एउटा संस्कारको रूपमा लिइएको हुँदा समितिको अध्यक्षको हातबाट पुस्तक प्रदान गर्ने संस्कार छ ।

**वंश–वृक्ष पुस्तकमा–**

*रिभान चौर नाथु प्रल्हाद ङेह्रौं-पैंगीलम (गुरुङ) परिवारका आजीवन सदस्य.......गुरुङका सुपुत्री........गुरुङको,..........निवासी श्री.......गुरुङ सँग मिति............. गते......बार सुसम्पन्न भएको शुभविवाहमा रिभान चौर नाथु प्रल्हाद ङेह्रौं-पैंगीलम परिवार समिति कास्कीको तर्फबाट उपहार स्वरुप यो बंश-बृक्ष पुस्तक प्रदान गरिएको छ ।*

**१४) जन्ति विदाईः**

**क) शगुन खुलाउनेः** विदाईको समयमा आमाले छोरी (बेहुली) लाई र बर (बेहुला) लाई शुभकामना प्रकट गर्दै शगुन खुलाएर विदाई गराउने चलन पनि छ ।

**ख) विदाई प्रस्थानको क्रमहरुः** सवै भन्दा अगाडि सौंग्या केटोले चोखो पानीकरूवा दीप समाएर दुलही (बेहुली)लाई भाइले बोकेर क्रमश बेहुला, शगुनादी २/३ जना सवस्योहरू र जन्तिहरू भएर प्रस्थान गराउने ।

**ग) दुलहीलाई बोकेर डोलामा चढाउनेः** यसको रहस्य माता पिता तथा माईतीहरूलाई छाडेर जन्म घरबाट पराई कर्म घरमा जानु पर्दाको विरक्तता भावुक अवस्थामा चेली आफै हिंडेर जान नसक्ने/नमान्ने अवस्थाले गर्दा बोकेर लानु पर्ने अवस्था हुन्थ्यो । हुनत आजको युगमा तेस्तो अवस्था त छैन । तथापि हिजोको घटनालाई एउटा संस्कारको रूपमा लिएर बोकेर लाने प्रचलनमा आएको हो ।

**घ) बाटो छेक्ने रहस्यः** गाउँघर बन पाखा उज्यालो बनाई बसेकी चेलीलाई लैजाँदा, एकातिर गृहस्थी माता पिता, गाउँ भरका आमाहरू, साथीहरू भावुक भएको अवस्था

हुन्छ भने अर्कोतिर गाउँघरको सह जान्छ आदि मान्यताको कारणले आमासमूहले बाटो छेक्ने एउटा संस्कारको रूपमा चलि आएको हो । बाटो तीन चरणमा छेक्ने गरिन्छ ।

- **पहिलो चरण**: बेहुलाले आमा समूहको क्रमुमा पैसा राखि दिएर बाटो खोलि दिनुस् भनि अनुरोध गर्छ र क्रमुमा पैसा राखे पछि आमासमूह एक कदम पछि हटेर फेरी बाटो छेक्छन् ।
- **दोस्रो चरण**: बेहुलाले फेरी पनि क्रमुमा पैसा राखि दिएर अनुरोध गर्छन् र आमाहरू फेरि पछि हटेर बाटोमा छेक्छन ।
- **तेश्रो चरण**: बेहुलाको आखिरी अनुरोधमा भन्छन् कि तपाइहरूको चेली गृहप्रवेश गराउने समय हुन लाग्यो कृपया बाटो खोलि दिनुहोस् भनेर फेरी पनि पैसा राखेपछि आमहरूले बेहुला र बेहुलीलाई केही सगुनहरू दिएर आशिरवाद दिंदै बिदा दिन्छन् ।

**१५) दुलही भित्राउने (नव वधु गृहप्रवेश) :**

दुलही लिएर गाउँको चौतारीमा आईपुग्दा भरूवा बन्दुक पड्काउने र गाउँलेहरूलाई विवाहको सूचना(जन्ति आईपुगेको जानकारी) दिई उत्सव जनाउने । गाउँ भित्र आई पुगेपछि पनि बन्दुक पड्काउने । *"लौ छोराले बुहारी ल्यायो, अैलेसम्म घरको ताला चाबी, डाडु पनियो मेरो हातमा थियो अव खोसिने भयो"* भन्दै आमा घरको आँटीमा लुक्न जान्छीन् ।

**दुलहाको घरमा आईपुगेपछि :-**

**क) नव बधु (दुलही) घर भित्राउने**: दुलाह र दुलहीलाई ढोकाको अगाडि पिढींमा उक्लने नजिक उभ्याउने । तेसपछि पैंडिले जोखना हेर्दा दुलही दक्षिण दिशामा बसेकी रहेछ भने दुलहीको हातमा सिठा/आगोको अगुल्टो लिन दिइन्छ र

सो सिठा/अगुल्टोलाई दुलहाले चोखो पानीबाट निभाउने । त्यसपछि दुलाहा दुलही शिरमाथि कुखुराको चल्लाले ५ पटक यन्तो (घुमाउने) गरेर लौ ग्रह शान्ति भयो भनेर भन्ने, र कालपाश काटियो है ! भनेर चल्लाको घाँटी चुँडालेर चल्लालाई घरको धुरी नगाएर फाल्ने । दुलही गृहप्रवेश गराउने र सोही समयमा बन्दुक पड्काउने जानकारीको लागि । यो गुरूङको मौलिक संस्कार हो । आजकालको परिवेशमा केही मात्रामा परिमार्जित गरेर नव बधु गृह प्रवेश गराउने चलन ल्याएउको छ । यसरी......

१. दुलाह दुलहीलाई गृहप्रवेश द्वार अगाडि पिढिको खट्खेली निर उभ्याउने । घरको मुल व्यक्तिले धजाहरू, धुप अक्षेता, फूलहरू समाएर जौ, तिल कुश मिस्रित चोखो पानीले दुलाह र दुलहीको शिरमा ५ पटक घुमाउँदै निम्नानुसारको वाचन गर्दै यन्तो गर्नेः–

*“हे ! देवतामा श्रेष्ठ अग्निदेवता, इष्टदेवता, कुलदेवता, आएर यी नव बधु र बरलाई कल्याण गरि दिनुस् । यी नव बर बधु र, यीनका सन्तानलाई कहिलै पनि दुखः कष्ट आईनपरोस् । कुनै प्रकारको शोक नपरोस्, नौ ग्रह शान्ति हवस् !”*

येन्तो गरिसकेपछि सो धुप अक्षेता धजाहरू र अगुल्टो वा सिठाहरूभए आँगनको चोखो स्थानको कोणमा राखि दिने । त्यसपछि दुलहीलाई अगाडि लगाएर घर प्रबेश ढोका(द्वार) तिर बढाउने । प्रबेश बिधिहरूः–

ख) **ढोका खोल्ने**ः नयाँ बुहारी ढोकामा आईपुगेपछि ढोका खोल्न लगाउने । ढोका खोलेपछि नया बधु (दुलही) प्रवेश गर्ने र ढोकाको चोखो पानीले शिरमा ३ पटक शेचन गर्ने अनि जौंला हात गरेर,

*“है भगवान ! हे इष्टदेवता ! हे कुलदेवता ! पितृदेवता, म यस*

*घरको र कुलको बधु(बुहारी) को रुपमा प्रबेश गरेको छू । मलाई, हामीलाई शुभहोस्!"* भन्दै ढोकामा ढोग्ने ।

**ग) दुलहीलाई सिन्दुर हाल्ने मण्डप तिर लगेर दुवैजनालाई सँगै वसाल्ने । यसको विधिः-**

- ढोका खोलेपछि छाप्रीमा/नाङ्लोमा फुल र दक्षिणा चढाउने (नाङ्लोमा धान, धानमाथि चरेसको थालमा चामल, चामल माथि दियो बलेको हुन्छ) ।
- नयाँ दुलहीलाई सिन्दुर हाल्ने ठाउँमा लैजाने बाटोमा धानको बुच्काहरूमाथि दियोहरू बालिएको हुन्छ र दियो ननिभ्ने गरी सो धानको बुच्काको साईडमा टेकेर जानु पर्ने हुन्छ ।
- सिन्दुर हाल्ने ठाउमा पुग्ने बितिकै बुहारीले कुचो बडाल्न जानेको छ कि छैन सोको जाँचको लागि नन्दा/अमाजुले कुचो दिएर धानको बुच्काहरू बडारेर उठाउन लगाउने पनि संस्कार छ ।

**घ) छोराले आमालाई बोलाउनेः-**

*"आमा! आउनुस् म पाल्छु । तपाईंको स्यार सुसार गर्ने सुयोग्य बुहारी लिएर आएको छु, आउनुस् ।" हेला होचो गर्ने छैनौं!"*
तर आमा आउँदैनन् । छोराले ३ पटकसम्म वचन वद्धता गरेर बोलाएपछि मात्र आमा आँटीबाट ओर्लेर छोरा बुहारी निर आउछीन् ।

- **बुहारीलेः** सासु आएपछि, सासुलाई बुहारीले *"पहिले मेरो जन्मदिने आमा मात्र थियो, आजदेखि कर्म दिने आमा पनि हुनु भयो । तपाइँहरु कसैलाई पनि हेला होचो पक्षपात गर्ने छैन!"* भनेर भन्नेछ । अनि पछेउरी/क्रमु ओढाई ढोग्नेछ ।
- **आमा/सासुलेः** सासुले छोरा र बुहारीलाई चोखो पानीले

शिरमा छर्केर बेसारले रंगिएको नौ वटा गाँठो पारेको काँचो धागोको रूप छोराको गलामा लगाई *"स्याई स्याई!"* गरेर छोरालाई क्रेगि/फेटा ओढाईदिने । त्यसपछि सातवटा गाँठो पारेको रूप नयाँ बुहारीको गलामा लगाई, *"स्याई स्याई!* गरेर कर्मु ओढाई दिनेछ ।

१६. **सिन्दुर–दान (सिन्दुर हाल्ने) अर्थ/रहस्य**ः यसबारेमा माथि उल्लेख गरि सकिएको छ । गुरूङहरूको विवाह संस्कारमा सिन्दुर हाल्ने कर्म हुँदैन । शास्त्रिय भनाईमा मठमन्दीर तथा गुम्बाहरूमा सिन्दुर हाल्नु उपयुक्त हुँदैन । खासै गरेर भन्ने हो भने सिन्दुरको रहस्य र गुम्बाको बिशेषतामा मेल खाँदैन पनि । त्यस अर्थमा नयाँ बुहारी घरमा भित्र्याएर मात्र सिन्दुर हाल्ने चलन आएको हो ।

सिन्दुर हाल्ने कर्म बिधि,

१) **दुलाहले पुजास्थानमा**ः देवताहरूमा कुलदेवता, पितृदेवता, गाउँका सिमे भुमे, देवी देउरालीहरूलाई स्मरण गर्दै धुप दीप अक्षेता चढाएर यसरि प्रार्थना गरेर नमन गर्ने *"हाम्रो नव दाम्पत्य जिवनलाई कल्याण गरिदेउ, दुख कष्टपाशबाट छुटाउन वरुणले अनुमोदन गरून्!"* भनेर प्रणाम गर्ने ।

२) दुवै किनारामा विड भएको सेतो सुद्ध कपडा एउटा टुप्पो कलश र अर्को बेहुलीको शिर वा सिउँदोसम्म पुग्ने गरी फैलाउने

३) दुलाहा/बेहुलाले सिन्दुरको डब्बबाट अलिकति सिन्दुर, दियो, कलश, गणेश र अग्नि देवतामा चढाउने ।

४) थोरै–थोरै सिन्दुर तीन पटक बेहुलीको शिरमाथि छरि दिने र मन मनले इष्टदेवतालाई सम्झेर दाहिने हातले कलशदेखि नटुटाईकन कपडाको माथिबाट रेखि पार्दै

दुलहीको सिउँदोमा तीन पटक पूर्ववत सिन्दुर लगाई दिने ।

च) **मंगलशुत्र लगाई दिनेः अर्थ**– विधिपूर्वक लगाएको मंगलशुत्रले श्रीमानको दिर्घायुको रक्षा गर्दछ भन्ने शास्त्रीय मान्यता छ । त्यस अर्थमा मंगलशुत्र लागाई दिनेको चलन चलेको हो । मंगलशुत्र दुलहीको गलामा लगाउनु पूर्व दुलहाले हातमा लिएर जौँलाहात गरेर देवी देवताहरूलाई स्मरण गर्दै प्रार्थना गर्नेछ–

*"विश्वासकी देवता देवी, विधाता प्रार्थना पुगोस्, हामी दुवैको हृदय एउटै होस्, वेमेल कहिलै नहोस् !"*

यस पछि मंगलशुत्र दुलाहले दुलहीको गलामा लगाई दिने र, दुलहीले आफनो शिरको स्वामीस्वरूप स्मरण गर्दै दुलाहलाई ढोग गर्ने ।

**छ) सगुन खुलाउनेः**

- नन्दाले (चेलीले) दहीको पूर्ण ठेगीको मुखमा ३ ठाउँमा घ्यू लगाई चरेसको थालमाथि कचौरा राखी कचौरामा दही राखेर दुलहा र दुलहीको अगाडि ल्याउने छ ।
- सबैभन्दा पहिले दुलहा, दुलहीलाई सगुन खुलाउने। यसलाई शुभशगुन अनि जुठो खुलाउने भन्दछ । जुठो खाएमा माया प्रेम बढ्छ भन्ने मान्यता रहेको छ ।

**१७. टिका आशिर्वादः**

सिन्दुर हाल्ने कर्म पश्चात बेहुलीको अनुहार हेर्ने साथै बर बधुलाई टिका लगाएर शुभकामना आशिरवाद दिने संस्कार छ । टिका लगाउने काम सरल रूपमा सम्पन्न गराउनको लागि समितिका सचिव वा कुनै एक सदस्यले टिका लगाउने क्रमबारे जानकारी गराउँदा सवैलाई स्पष्ट

हुन जानेछ । **टिका लगाउने क्रमहरु**:

- दुलहाको माता, पिताहरूबाट क्रमश एकाघर परिवार, फुपुहरू, मावलीहरू, इष्टमित्रहरू, शुभचिन्तकहरू र भाइ परिवारहरू बाट लगाउँदै जानेमा सहज हुनेछ ।

ज) **कार्यक्रम विसर्जन**: दुलहाको पिताले (बाबाले) दुलहा र दुलहीलाई टिका लगाई सकेपछि पूजास्थानमा देवी देवताहरूलाई धुप दिप गरेर पुष्प गुछाहरू अक्षेताहरू छर्दै जौँला हात गरेर निम्नानुसारको प्रार्थना गर्दै देवि देवताहरूलाई विसर्जन गर्ने छ: *"हे वेदज्ञ ब्रह्माजी, इष्टदेवता, कुलदेवता, पितृदेवता, तपाईहरु यहाँबाट उठ्नुहोस् । देवपुजक हामीहरु, तपाईहरु को प्रार्थना गर्दै, विदा गर्दछौं । यो शुभविवाह कर्म कार्यक्रम समापन भएको छ । कुनै त्रुटी हुन भएमा हामीलाई क्षमा गरि दिनुस् ।"* भनेर धुप दिप गरेर पुष्प गुच्छाहरू छर्दै प्रणाम गर्ने । त्यसपछि विवाह कर्म सम्पन्न हुन्छ ।

**१८. दुरन /दुल्हन फर्काउने (माइत खव)**:

दुलही भित्र्याएको तीन दिन पश्चात दुल्हन फर्काउने । दुलहीलाई अघि लगाएर कोसेली सहित माइत जाने (आउने) ।

**१९. दैलो उकाल्ने (म्रा क्रेब)–२५३**: समयानकुल मिलाई दुलहीको बाबा आमालाई ज्वाईको घर देखाउन दैलो उकाल्ने निम्तो दिने गुरूङहरूको संस्कार/चलन छ तर कहीं कतै यो चलन लोप हुन गएको पनि पाईन्छ ।

"स्मरण रहोस" आफनो परिवारिक नाता सम्वन्ध निरन्तर रहि रहोस् व्यवाहारिक कर्मकाण्डहरूमा नयाँ नौलो नहोस भनेर नै गुरूङ जातिमा फुपुचेला मामाचेला बिच

विवाहवारीको संस्कार बसालेको हो । तर आजको विकसित युगको परिवेशले नयाँ नौलो बनाउदै लगेको अवस्थाले गर्दा कुटनीको भुमीका केटा र केटी विचको सम्बन्ध जोरीदिने मात्र नभएर दुवैपक्षका रिती रिवाजहरू आदानप्रदान (जानकारी) गराउनु अनिवार्य हुन आउछ । विवाह भव्यप्रकारको वा दुलही घरमा भित्राउने मात्र त किन नहोस् नव दाम्पत्य जिवन उज्वल बनाउन शास्त्रिय विधिपूर्वक कर्म गर्न र गराउन कन्जुसाई गर्न हुदैन सबैमा चेतना भया ।

**१୯. शुभविवाहमा आवश्यक सामाग्रिहरु:**

बेहुलाको तर्फबाट:

क) पूजा मण्डपको सामग्रिहरू: जौ, तिल, कुश, धूप, दीप कलश, धजाहरू र पुष्प गुच्छाहरू ।

ख) जन्ति प्रस्थानको समयमा: बेहुला, बेहुली र जन्तिहरूको लागि मालाहरू, दहिचामलको अछेता ।

ग) बेहुलीको लागि स्वयंबर माला र औंठी ।

घ) चरेसको कचौरामा शगुन दुध, दही र मह मिश्रित । (जन्ति प्रस्थानको समयमा आमाले छोरोलाई खुलाउने)

ङ) दहीको ठेगी, जन्ती बाख्रा (खसि) रक्सीको पुङ्, १० वटा रोटी र सगुनादिहरू (तर जन्ती बाख्रा, रोटी, रक्सी र शुकी पैसाहरू माईतीको चलन (माग) अनुसारको लानु पर्ने हुन्छ) गोत्र सार्दाको समयमा ।

च) नयाँ बस्त्रहरू कर्मु र गहनाहरू (कन्यादान पछि दुलहाले दुलहीलाई प्रदान गर्ने समयमा)

छ) माइतीको माग अनुसारको ञेगी तथा क्रमुहरू । (ढोगभेट तथा परिचयको समयमा) ।

ज) धूप, दीप, चोखो पानीको करूवा । (बुहारी घरमा भित्र्याउने समयमा) ।

झ) बेसारले रंगाएको रूप (काँचो धागो) “९ गाँठो पारेको दुलहालाई र ७ गाँठो पारेको दुलही (नयाँ बुहारी लाई) ।

ञ) सिन्दुर डिब्बामा राखेको ।

ट) दुबै किनारमा बिड भएको सेतो शुद्धक पडा र मंगल शुत्र । (सिन्दुर हाल्ने समयमा) ।

ठ) चरेसको कचौरामा माहुर र चम्चा (सिन्दुर हालेपछि बेहुला र बेहुलीलाई माहुर खुलाउने समयमा) ।

ड) टी टेवल ३ थान रूमाल, छाप्रीमा दहीचामलको अछेता र पुष्प गुच्छाहरू । (सिन्दुरदान कर्म सकेपछि बेहुला, बेहुलीलाई टीका आशिरबादको समयमा) ।

ढ) सौँग्या केटो (बाबा आमा जीवितै भएको कन्या केटो) ।

**माईतीहरुबाट आवश्यक सामाग्रिहरु :**

क) पूजा मण्डपको सामग्रिहरू धुपदीप, कलश, धजाहरू, पुष्प गुच्छाहरू अक्षेतादी ।

ख) पिर्का, सौँग्या केटो (बाबा आमा जीवितै भएको कन्या केटो), धुप दीप, चोखो पानीको करूवा, छाप्रीमा दही चामलको अछेता, ट्रेमा पुष्पगुछाहरू (जन्तिपर्सने समयमा) ।

ग) पञ्चकन्याहरू/आमाहरू भेषभुषामा, पुष्पमालाहरू, टिका, भेनालाई बोक्ने साला केटो । जन्तिलाई कार्यक्रम स्थलमा प्रवेश गराउने समयमा ।

घ) चोखो पानीको करूवा, बरमाला/दुवोमाला र औँठी । स्वयम्वरको समयमा बेहुलाको लागि ।

ङ) टी टेवल, रूमाल, तामाको ताउलो, ताउलो माथि राख्न फलेक, चोखो पानीको करूवा (गोडा धुने समयमा) ।

च) २ थान टेवल, दीप कलश, चोखो पानीको करूवा, ३ थान रूमाल, छाप्रीमा दहीचामलको अछेता, पुष्पगुच्छाहरू ।

छ) कर्मपात्र (दुनामा बर र पिपलको पातमाथि जौ तिल, ३ टुक्रा कुश, तामाको पैसा, फूल राखिएको) ।

ज) रक्सीको पुङ्ग, १० रोटी र सगुनादीहरू, गोत्र(कुल) सार्ने वाचन वद्धता तयार पारिएको कागज ।

झ) छोरी तथा ज्वाँईको लागि क्रमु, केगिहरू र दान दक्षिणादी (गोत्र/कुल सार्दाको समयमा ।

ञ) चोखो पानीको करूवा, दहीचामलको अछेता र पुष्प गुच्छाहरू । कन्या छोरी सुम्पिदा कन्यादान गर्दाको समयमा ।

ट) केगि तथा क्रमुहरू । ढोगभेट तथा परिचयको समयमा ।

ठ) लिखितम् रूपमा गर्दुवाहरू, बंश–बृक्ष पुस्तक । जन्तिविदाई पूर्व हस्तान्तरणको समयमा ।

ड) सौँग्या केटो (बाबा आमा जीवितै भएको कन्या केटो) ।

## २०. छ्याँब क्हुईब कर्म बिधिः

**अर्थः** विवाहमा ढोगभेट एवं टिका फुकाउने कर्मलाई, गुरूङ भाषामा 'छ्याँब क्हुईब' भनिन्छ । समय परिस्थीतीले, विवाह पद्धति अनुसार कर्म पूर्ण गर्न गराउन नमिलेको अवस्थामा, सुकी लगाउने अर्थात गोत्र (कुल) सार्ने कर्म पछि गर्ने गरि दुलही भित्र्याउने काम मात्र गरिएको हुन्छ । समय अनुकुल मिलाएर 'छ्याँब क्हुईब' अर्थात सुकी लगाउने कर्म अनिवार्य गर्नु पर्दछ । कारणः गोत्र अर्थात कुल नसारिएको सुकी नलगाएको चेली मृत्यु भएमा दुलहाको घर परिवारबाट गरिएको मृत्युजन्य कार्य (पितृकार्य) अधागति हुन जान्छ (मृत आत्माले गति पाउँदैन) भन्ने शास्त्रीय मान्यता छ ।

तसर्थ पितृ कार्यहरू माइतीलेनै गर्नु पर्ने हुन्छ । 'छ्याँब क्हुईब' अर्थात सुकी लगाउने कर्म अनिवार्य विधिवतरूपमा गरेकै हुनु पर्दछ । यसको अर्थ र परिभाषा पनि यही नै हो ।

**यसको बिधिः–**

१) **जन्ति प्रस्थान पूर्वकर्मः** पूजास्थानमा बेहुलाको बाबाले यात, बेहुला स्वयमले विहानको शुभ समयमा चोखो निष्ठ भएर पुजा स्थानमा श्री शिद्धि गणेश, पितृदेवता, कुलदेवता, इष्टदेवता, अग्निदेवता, मौलोदेवता, खाँडदेवता, सिमेभुमे देवी देउरालीहरूलाई स्मरणगर्दै धुप दीप, नैबेदादी धजाहरू दहीचामल अछेता, पुष्पहरू चढाउदै *"ॐ अर्घम्, पाध्याम्, धुपम्, दिपम्, पुष्पम्, सुगन्धम्, नैबेतम्, सर्व परिकार महापञ्च अमृत समर्पण!"* गरेको छु भनेर प्रणाम गर्ने ।

२) **जन्ति प्रस्थानः**
पैँडी/ज्योतिषिले दिएको समयमा दहीचामल, अछेता, टिका र माला लगाएर जन्ति प्रस्थान गर्ने । प्रस्थानको क्रमहरू चालु बर्षको साँग्या केटाले दहीठेगी समाएर, क्रमश बेहुली, बेहुला, बेहुलाको बाबा, माइतीको माग अनुसारको जन्तिबाख्रा, रोटी रक्सी, सगुनादी र जन्तिहरू भएर प्रस्थान गर्ने ।

३) **जन्तिपर्सने : बिधिहरुः–**

क) प्रवेशद्वारमा जन्तिहरूलाई गोलाकारमा उभ्याउने र, जन्तिको बिचमा पिर्का राखेर बेहुलालाई जुत्ता बिना पिर्कामाथि उभ्याउने ।

ख) जन्ति पर्सने र परिक्रमा गर्नेक्रम अगाडि चालु बर्षको साँग्या केटाले धुप चोखो पानीको करूवा समाएर, बेहुलीको बाबाले

दहिचामलको अछेता, क्रमश दाइभाइहरूले फुलगुच्छाहरू जन्ति उपर बर्साउँदै ३ पटक परिक्रमा (घुम्ने) शुभकामना दिँदै स्वागत गर्ने ।

ग) जन्तिलाई कार्यक्रम स्थलमा प्रबेश गराउने– जन्तिहरूलाई टिका मालाहरू/खदाहरू लगाउँदै छयाँब-क्हुईब कार्यक्रम स्थलमा प्रबेश गराउने । प्रबेश गराउँदा बेहुलीको भाइ वा दाइले स्वगत गर्दै कार्यत्रुम स्थानमा प्रबेश गराउने । कार्यत्रुम बारे जानकारी गराउने । त्यसपछि खाजानास्ता गराउने ।

**४) कुल सार्ने (सुकी लगाउने):**

दुवै तर्फबाट टेबलमा तयार पार्नुपर्ने सामग्रिहरूः


- माईती तर्फबाटः कर्मपात्र (दुनामा बर पिपलको पातमाथि
- जौ, तील, तीन टुक्रा कुश, फूलपाती राखने) । धुप दीप कलश, चोखो पानीको करूवा, रोटी, पुङ्मा रक्सी, सगुनादीहरू, छाप्रीमा दहीचमलको अछेता, ट्रेमा पुष्पगुच्छाहरू, म्हो (ज्वाई)तथा च्हमी(छोरी)को लागि क्रेगि, क्रमु, दानदक्षीणादी र बागदान बोल्ने कागज ।
- **दुलहा तर्फबाट–**

दहीको ठेगी, माइतीको माग अनुसारको १० रोटी र १ वोतल (पुङ्मा) रक्सी । सगुनादीहरू ९/६ सुकी (क्वाईन पैसा) । बागदान बोल्ने कागजात ।

**ख) भद्रभलादमीहरुका रोहवर:**

दुवै तर्फका निम्न उल्लेखित महानुभवहरूको रोहबरमा गोत्र/कुल सार्ने दुलाह, दुलही, पितामह (बाबाहरू), जेष्ठ नागरिक, समितिका अध्यक्षहरू र सचिव, एक जना सदस्य ।

**बाचन वाला**




ग) शंकल्पः बेहुलीको पिता (बाबा), बेहुला र बेहुली उभिएर आ–आफ्नो पितृदेवता, कुलदेवता, इष्टदेवता, सिमे भुमे देवी देउरालीहरू लाई स्मरण गर्दै अभिवादन गर्ने । बेहुलीको पिताले हातमा कर्मपात्र समाउने र समितिका अध्यक्षबाट निम्न लिखित कुलसार्ने बाचन गर्ने छ र बेहुलीको बाबाले वाचन लनई दोहोराउने छन्ः

– **बेहुलीको तर्फबाट कुल/गोत्र सार्ने संकल्प बाचनः**

*ॐ अध्येय, गण्डकी प्रदेश कास्की जिल्ला, माछापुच्छ्रे गाउँपालिका ५, रिभान गाउँ साविक घर भइ, हाल पोखरा महानगरपालिका १, बगर निवासी नमचुँ (नम्जुँ)रह्मीह्वौं ङेहौं-पैंगीलम (गुरुङ) एवं भारद्वाज गोत्रका सन्तति....गुरुङको नातिनी......गुरुङ तथा श्रीमती.....गुरुङको ....छोरी सुश्री......गुरुङलाई आजको शुभ-लगनको दिन, हाम्रो कुलको धर्म संस्कार मुताविक, शास्त्रोक्त विधि विधान पूर्वक, तपाई....प्रदेश .....जिल्ला.........गाउँपालिका/नगरपालिका.......गाउँ साविक घर भइ, हाल.....गाउँपालिका/नगरपालिका.....गाउँ निवासी........ह्वौं.....(गुरुङ) एवं......गोत्रका सन्तति.........गुरुङको नाति.....गुरुङ तथा श्रीमती.....गुरुङको...सुपुत्र श्री........ गुरुङको गोत्रमा सुम्पेका छौं । अवउप्रान्त, यी छोरीको सवै कर्मकाण्डहरुसमेत तपाइ र तपाइको बंशजमा सम्पेका छौं । छोरी तथा ज्वाँईका दाम्पत्य जीवन शुख शान्ति, समृद्धिमय हवस् । चाहिएको जस्तो सन्तान बृद्धि हवस् । मंगलमय शुभकामना ! भगवान दाहिने होउन् । ॐ शान्ती ! (सङ्कल्प पछि कर्मपात्र बेहुलाको हातमा राखि दिने) । मितिः................श्री..............गुरुङ बेहुलीको बाबा ।*

- **बेहुलाको तर्फबाट कुल (गोत्र) बचनवद्धता गर्ने :**

*तपाइ....प्रदेश....जिल्ला.....गाउँपालिका/नगरपालिका.......गाउँ साविक घर भइ, हाल.........गाउँपालिका/नगरपालिका........गाउँ निवासी......ह्रौं..... (गुरुङ) एवं...गोत्रका सन्तति......गुरुङको नातिनी......गुरुङ तथा श्रीमती.......गुरुङको...सुयोग्य छोरी...... गुरुङलाई तपाइहरु नमजुँ/नमचुँ रह्मीह्रौं ङेह्रौं-पैंगीलम (गुरुङ) एवं भारद्वाज गोत्रबाट हाम्रो........ह्रौं ....... (गुरुङ) एवं.....गोत्रमा यक्ष विधिपूर्वक सुंम्पिनु भएकोमा, हामी गौरबताका साथ स्विकार्द छौं । कुनै प्रकारको हेलाहोचो हुने छैन भनि प्रतिवद्धता जाहेर गर्दछौं । हजुरहरु र हाम्रो शुभकामना, शुभाशिकले यी छोरा तथा बुहारीका दामपत्य जिवन शुखःशान्ति समृद्धि जिवन बनोस् । चाहिएका जस्तो सन्तान बृद्धि हवस्! शुभकामना छ ।*

*हजुरहरु प्रतिहार्दिक अभार व्यक्त गर्दै अविष्टव धन्यवाद ज्ञापन गर्दछौं । धन्यवाद ।*

*मितिः ..................श्री..............गुरुङ बेहुलाको बाबा*

## घ) शुकि लगाउनेः

आफ्नो कुलमा जन्मेकी छोरी(चेली)लाई जन्म घरबाट कर्म घरमा बिदाई गरेको अवस्थामा गाउँको सिमे भूमे, देवी देउराली, हुरी खेतला, आदिले आश राखेको हुन्छ र आमाको दूध भाराबाट मुक्त होवस् भनेर ज्वाँइबाट सुकी लिने संस्कारको रूपमा चलि आएको छ ।

यसको उपयोगिता यस प्रकारको हुने छ । गुरूङ समुदायमा विवाहकर्म गर्दा ६ सुकी लगाउने संस्कार छ तर आफ्नै अपनत्व बोकेको रिभान चौर नाथु प्रल्हाद ङेह्रौं–पैंगीलामा(गुरूङ) परिवारको विवाह कर्ममा ९ सुकीको प्रचलन रहि आएको छ । सो नौ शुकिको उपयोगिता यसप्रकारका छन्ः-

१) आमाको दूधभाराको लागि सुकी १, दुलहीकी आमालाई ।

२) दुलहीको साथीहरूको लागि सुकी १, दुलहीकी आमालाई ।

३) मौलो मुखियाको लागि सुकी १, समितिको अध्यक्षलाई ।
४) मुलुकको नुनको मोलचाकचुकाई सुकी १, अध्यक्षलाई ।
५) गाउँको भलादमीको लागि सुकी १, अध्यक्षलाई ।
६) गाउँको कटुवालको लागि सुकी १, अध्यक्षलाई ।
७) कुटुनीको लागि सुकी १, दुलहीकी आमालाई ।
८) खाँडदेवको लागि सुकी १, दुलहीकी बाबालाई ।
९) कुल र इष्टदेवको लागि सुकी १, दुलहीकी बाबालाई ।

ङ) **सम्धी–सम्धी बिचको सम्मान**ः बेहुलाको तर्फबाट छ्याँब क्हुईब कर्मको लागि माईतीको माग अनुसार ल्याएको रोटी, रक्सी र जन्तिबाख्रा बेहुलीको बाबालाई सम्मान स्वरूप प्रदान गर्ने । त्यस पछि बेहुलीको बाबाले पनि बेहुलाको बाबालाई रोटी, रक्सी दिएर सम्धी सम्मान गर्ने । यसलाई सम्दि सम्दिबिच सम्मान स्वरूप आदान प्रदान गरिने चलन हो । बेहुलाबाट ल्याएको दहीठेगीमा चामल भरेर दिने र सो चामलको भात बेहुला, वेहुली (छोरी र ज्वाँइ)ले पकाएर खानु पर्दछ भन्ने चलन छ ।

५) रोटी रक्सी आदान प्रदान गरेपछि गोत्र/कुल सार्ने कर्म पूर्ण हुन्छ ।

६) **टिकादान तथा अशिर्वाद**ः
आफ्नो कुलमा जन्मेकी छोरीलाई कुलको धर्म संस्कार अनुसार आफ्नो गोत्र/कुलबाट कर्मघरको गोत्र/कुलमा विधिपूर्वक सारेपछि चेलीलाई माइतीजन तथा आफन्तजन, शुभ चिन्तक हरूबाट टिकादान शुभाशिक दिएर विदाई गर्ने परम्परा भएकोले सोहि अनुसार टिकादान गरिने गरेको हो । टिकदानको क्रम :

– संस्कार अनुसार सर्वप्रथम चालु वर्षको सौंग्या केटोको


(सालभरि सवै भन्दा राम्रो मणि लक्षण बोकेको केटा) हातबाट टिका शुभारम्भ गरिने छ । त्यस पछि माता पिता एकाघर परिवार, फुपुहरू, मामाहरू, भाइ खलकहरूबाट र इष्टमित्रहरू बाट टिकादान आशीर्बाद दिने कर्म गरिने चलन छ ।

**७. ढोगभेट तथा परिचय**:

यस कार्यक्रममा दुवै तर्फका, बिशेष गरेर ढोग गर्नु पर्ने र ढोग फर्काउनु पर्नेहरूलाई मात्र आशन ग्रहण गराउनु पर्ने हुन्छ । किनभने सम्धी परिवारहरू बिच र ज्वाँइले आफ्ना ससुराली परिवारहरूको साईनो परिचय लिनु पर्ने हुन्छ । साईनो परिचय दिनको लागि एक जना साईडमा बसेर साईनो परिचय दिनु पर्दछ । ढोगभेट तथा परिचय क्रम यस प्रकारको छ :-

**ढोगभेट परिचयक्रम**: सर्व प्रथम छोरी तथा ज्वाईले माईती तर्फ परिचय लिईदै सम्मान गर्ने। परिचय पाए पछि केगि/क्रमु (पछौरी) ओडाएर ढोग गरेर सम्मान गर्ने । माइतीले ज्वाँइ तर्फका र सम्धी परिवार तर्फ परिचय लिईदै केगि/पछौरी ओडाएर सम्मान गर्ने ।

**क) आशन ग्रहण**: कार्यक्रम स्थान संभव भएसम्म दुवै तर्फबाट देखादेख हुन सक्ने गरि आशन ग्रहण गराउनु पर्दछ । यसो गर्नाले को कस्तो साईनो परिचय रहेछ भन्नेबारे सर्वले थाहा पाउन सक्दछन् ।



## ८. गर्दुवा हस्तान्तरणः

क) साली/भेनाः साली भेना बिचको हिजोको ठटेउली जुत्ता लुकाउने घटनालाई एउटा ठटेउली संस्कारको रूपमा चलाउँदै आएको यो सस्कारलाई जिवन्त राख्ने मान्यताले गरि आएको हो । बेहुली गृह प्रवेश समयको पावन्दीलाई ध्यानमा राखेर छोटकरीमा लिनु पर्दछ । पैसा बार्गेनिङ्ग महत्वकाँक्षा राख्नु हुँदैन ।

ख) गर्दुवाहरू (येदि भएमा)ः छोरी (चेली) लाई गर्दुवा प्रदान गर्ने वा नगर्ने माता पिता तथा माइतीको स्वेच्छा हो । चेलीलाई गर्दुवाहरू प्रदान गर्दा समाजलाई नकरात्मक असर नपर्ने गरि प्रदान गर्नुको लागि र गर्दुवाहरू लिखित रूपमा तर, अघोषित रूपमा प्रदान गर्नु उचित हुन्छ ।

ग) बंशावली पुस्तक प्रदानः यस कुल तथा बंशज घरनाको चेली तथा ज्वाँइको नाताले, आफ्नो माइती ससुरालीको बंश वृक्ष एवं यसको इतिहास बारे पनि अवगत हुनु पर्दछ भन्ने मान्यतामा परिवार समितिको तर्फबाट उपहारको रूपमा शुभकामना प्रकट गर्दै बंशावृक्ष पुस्तक प्रदान गर्ने एउटा संस्कारको रूपमा लिइएको हुँदा समितिको अध्यक्षको हातबाट पुस्तक प्रदान गर्ने संस्कार छ । पुस्तकः

> *रिभान चौर नाथु प्रल्हाद ङेह्रों- पैंगीलम (गुरुङ परिवारका आजिवन सदस्य..................... गुरुङका सुपुत्री श्री..........गुरुङको.......जील्ला......गाउँ/नगरपालिका.........निवासी श्री...........गुरुङसँग मिति.....गते.......बारको दिन सुसम्पन्न भएको छ्याँवाक्हुईवामा यस परिवार समितिको तर्फबाट उपहार स्वरुप शुभकामना प्रकट गर्दै यो बंश-बृक्ष प्रदान गरिएको छ ।*
>
> *मितिः .............अध्यक्ष-...........*

**९) जन्ति विदाईः**

क) विदाई प्रस्थानको क्रमहरूः सवै भन्दा अगाडि सौँग्या केटोले चोखो पानीकरूवा दीप समाएर, बेहुली, बेहुला क्रमश शगुनादी, जन्तिहरू भएर प्रस्थान गराउने ।

**१०) घरमा प्रवेशः**

दुलही भित्र्याउने अर्थात नव बधु गृह प्रबेश कर्महरू पहिलानै भईसकेको हुनाले यतिवेला गोत्र/कुल मात्र सार्ने, ढोगभेट फुकाउने कर्म भएको हुँदा, गृहप्रबेश कर्महरू गर्नु पर्दैन । घरमा प्रबेश गरेपछि वेहुला, वेहुली पूजास्थानमा गएर धुप दीप गर्ने ।

*"आज हाम्रो छ्याँबक्हुईब कर्म पूर्ण भएको छ, कुनै त्रुटि हुन गएको भए हामीलाई क्षमा गरि दिनुहोला, कल्याण गरि दिनुहोस् !"* भनेर प्रणाम गर्दै विसर्जन गर्ने ।

यसरीनै छ्याँबक्हुईब कार्यक्रम समापन हुन्छ ।

**११) दुवै पक्षबाट तयार गर्नु पर्ने ढोगभेटको सामग्रीहरुः**

- बेहुलाको तर्फबाट :

१) जन्ती प्रस्थानको समयमाः घरमा पूजा मण्डप सामाग्री (समान)हरू धुप दीप, कलश, पुष्प, नैबेदादी, धजाहरू, दहीचामलको अछेता, पुष्प गुच्छाहरू, .बेहुला, बेहुली तथा जन्तीहरूको लागि मालाहरू ।

२) गोत्र/कुलसार्दाको समयमाः दहीको ठेगी, माईतीको माग अनुसारको शुकी पैसाहरू (क्वाईन पैसा), जन्ती बाख्रा (खसि) र रोटी रक्सी, सम्धीको लागि पुङ्गमा रक्सी । सगुनहरू ।

३) ढोगभेट तथा परिचयको समयमाः माइतीको मागअनुसार क्रेगी र क्रमूहरू ।

- बेहुलीको तर्फबाट:

१) घरको पूजास्थानमा पूजा मण्डप तयार पारेर धुप दीप,कलश, धजाहरू, पुष्प गुछाहरू, फलफुलहरू दहीचामलको अछेता ।

२) जन्ति पर्सने समयमा: पिर्का, सौँग्या केटो, धुप दीप, चोखो पानीकरूवा, छाप्रीमा दहीचामल अछेता, ट्रेमा पुष्प गुच्छाहरू । भेषभुषामा आमाहरू, पुष्प मालाहरू, टिका ।

३) दुईथान टेवल, कर्मपात्र (दुनामा बर र पिपलको पात माथि जौ तिल, ३ टुक्रा कुश, सिक्का पैसा, पुष्प राखिएको । दीप कलश, चोखो पानीको करूवा, ३ थान रूमाल, छाप्रीमा दहीचामलको अछेता, पुष्प गुच्छाहरू । रक्सीको पुङ्, रोटी र फलफलफुलहरू, बगदान बोल्ने कागज । छोरी तथा ज्वाँईको लागि दान दक्षिणाहरू ।

४) क्रेगि, क्रमुहरू, लिखितम् रूपमा गर्दुवाहरू (येदि प्रदान गर्ने हो भने मात्र) तर, अघोषितरूपमा प्रदान गर्ने ।

५) बंश-बृक्ष पुस्तक र आवश्यक सामग्रीहरू तयार गर्नु पर्दछ ।

# भाग–३

# गुरुङको विवाह पद्धतिः

# भाग- ३ गुरूङको विवाह पद्धतिः

## १) विवाह पद्धतिः

नेपालको गुरूङहरूको माउ संस्था 'तमू ह्युल छौँजधीँ' (गुरूङ राष्ट्रिय परिषद) केन्द्रीय कार्यालय काठमाडौंले मिति २०७७ साल असार १३ गते जून २७, २०२० शनिबारको दिन साँझ ६ देखि ८ बजेसम्म सञ्चालन गरेको गुरूङ समुदायमा 'खेगी, पैडी र चोगी'को महत्व र भूमिका बिषयमा 'जूम तमू सम्वाद' सातौं श्रृंखलामा, श्रोत व्यक्तिको रूपमा "गुरूङ जातिको जिउँदो सम्पदा वरिष्ट संस्कृतिविद एवं नेपाल प्रज्ञा प्रतिष्ठानको उपकुलपति प्राज्ञ डा. जगमान गुरूङले गर्नु भएको सम्वादको सम्पादित अंशमा गुरूङको मौलिक विवाह पद्धति यस प्रकार रहेको छ ।

गुरूङ समुदायको परम्परागत मौलिक संस्कारहरू पुरेतवाद र कर्मकाण्डले जकडिएको संस्कार होइन । अहिले त लामाले ढ्याङ्ग्रो बजाएर विवाह गर्ने चलन चलेको छ । बास्तवमा भन्ने हो भने गुरूङको मौलिक विवाहमा खेगी उप्रेत चाहिँदैन । गुरूङको विवाह कसरी हुन्छ त? भने मैले अघिनै पनि भने कि कुन झुत्ताको केटी पाँचेको हो? त्यो झुत्ताको मानिसहरू घरैपिच्छे एकएक जना अनिवार्य उपस्थित हुनु पर्छ । त्यो हो गणपुरक संख्या । त्यहाँ वर्ष गाड्नु पर्यो । अहिले शाही ठकुरीहरूको विवाहमा ढाल तरवार लिएर जान्छन् तर हाम्रो त वर्ष लिएर जानु पर्छ । वर्ष गाड्ने र मान्द्रो ओक्ष्याउने । मान्छे मर्दा मान्द्रो घोप्टो पारेर ओक्ष्याउने तर विवाहमा उत्तानो पारेर ओक्ष्याउनु पर्छ । यसरी ओक्ष्याउनु गुरूङको मौलिक संस्कारमा आधारित संस्कार हो तर आजभोली यो संस्कार लोप भैसकेको छ ।

मान्छे मर्दा 'छ्युट' विवाह गर्दा 'ङट' विवाह गरे पछि त जय

जन्म हुन पर्छ । त्यो दुलहाको पक्षका जतासुकै फर्कियोस, दुलही पक्षका पिडीको आडमा बस्छन् । छ सुकी दस्तुर लगाउने क्ष्योँगीनेगी सबै त्यहाँ राख्ने । त्यहाँ पुरेत हुदैन अब त्यहाँ बगदान कसले बोल्ने त भन्दा आमा बाबाले होइन । त्यो भुत्ताको तालुकदारले बगदान बोल्छ । बगदान बोल्दाः

*"आजदेखि फलनको छोरी फलन, फलनको स्वास्नी भयो । यहाँ बसेको पाँछा परमेश्वर सबैले थाहा पायो । ङ्होर्बै ताँग भनेको रह भित्रको माछाले पनि थाहा पायो । मुर्बैनिमी आकासको चराले पनि थाहा पायो भनेर बगदान बोल्छ ।"*

किनभने, अहिलेको चलन अनुसार वडामा विवाह दर्ता चाहियो । रहदानी लिदा पनि प्रमाण चाहियो । भोली मुद्ध मामिला चलाउन पर्यो भने त्यस समय तालुकदार पाँछा र गाउँ समाज सबैले साक्षी सरजिमिन बोल्नु पर्ने हुन्छ । यस अर्थमा हेर्दा त्यस समयका तालुकदार अहिलेको पञ्जिकाअधिकारीको रूपमा रहेको कुरा तर्क संगत देखिन्छ । यो उहिलेको कुरा हो । त्यस समयमा पनि गुरूङहरूको शासन प्रणाली कस्तो बैज्ञानिक थियो भन्ने कुरा उपरोक्त घटनाहरूको अभ्यासले बलियो आधार दिन्छ ।

गुरूङ जातिको यस किसिमको विवाह चाँहि साँचै भन्ने हो भने अहिलेको कम्युनिस्टहरूको गणवदी विवाह जस्तै थियो । गुरूङको मौलिक विवाह पद्धति कस्तो थियो त भन्ने कुरा यो लेखले स्पष्ट गर्दछ तर अहिलेको नयाँ पुस्ताले सजिलोको लागि परिमार्जित संस्कार अँगालेको हुनाले मौलिक परम्पराहरू लोप भैसकेको अवस्था रहेको छ ।

## २. गुरुङ जातिमा विवाह प्रथाः

(केयर सिंह गुरूङ लम्जुङ, रोधीँ २०५० ।

गुरूङ जातिमा बिशेष गरी मामा-चेली, फुपू-चलीसंग वैवाहिक

सम्बन्ध कायम गरेको संस्कृति पाइन्छ । तैपनी त्यहाँ केटा र केटी दुबैलाई आफ्नो जीवन साथी छान्न स्वतन्त्रता मिलेको हुन्छ । पिगनेडको भनाई अनुसार गुरूङ जातिमा विवाह गर्नका लागि केहि प्रचलित प्रथाभएको तर लिखित पद्धति नभएको देखिन्छ । यस जातिमा विवाह सम्बन्धि कतिपय विधिहरूमा हिन्दु रीति रिवाज झल्किन्छ । अनेल इ.सं. 1973का अनुसार यो प्रथा तिब्बतिय संस्कृतिमा आधरित नभएको कुरा पाइन्छ । यसरी नै मेसरमिड इ.सं. 1976 अनुसार विवाह प्रथा एकै प्रकारको नभएको भनिन्छ । पश्चिमी गुरूङहरूमा मामा-चेली, फुपू-चेलीसँग विवाह गर्ने प्रथानै चलेको देखिन्छ । गुरूङ जातिमा विवाह प्रथालाई दुइ भागमा विभाजन गर्न सकिन्छ
१) ठुलो विवाह (२) सानो विवाह ।

ठुलो विवाहलाई पनि दुई भागमा विभाजन गरिएको छः मगनी बिवाह र भागी गरेको विवाह (गन्धर्व बिवाह) । यसैगरी सानो बिवाह पनि क्रमशः दुइ प्रकारको भएको पाइन्छ अनमेल विवाह र पूर्वमेल विवाह ।

१) **ठुलो विवाह**ः यस प्रकारका विवाहमा परम्परा देखि नै चलि आएको प्रथालाई पालना गरिएको हुन्छ यसमा मुख्यतयाः यिनै दुइ किसिमका प्रथालाई उल्लेख गरिएको देखिन्छ ।

२) **मगनी बिवाह**ः यस विवाहमा कन्यालाई आफ्नो इच्छा प्रकट गर्ने मौका हुँदैन । खाली आ-आफ्ना आफन्तहरूद्वारा मात्र कुरा छिनिन्छ तर अर्को विवाहमा त्यही मौका अभिभावकले पाएको हुँदैनन् । तैपनि विवाह गर्नमा दुलही छान्ने मौका पनि पुरा मात्रमा मिल्दछ । यदी यो मगनी नभएको विवाह ठहरिएमा रू ३०/- तिराउने चलन पाइन्छ । यसरी दुलहा परदेशमा हुँदा पनि घरको मूल खम्बामा टिका लगाएर पनि विवाह गरेको पाइएको छ ।

मगनी गरिएको विवाहमा दुलहीका अभिभावकले स्विकृति नदिउन्जेल सम्मका लागि एक प्रमुख व्यक्ति त्यहाँ हुन्छ जस्लाई नेंजेवार भनिन्छ । जव मगनीको कुरा छिनिन्छ अन्तमा रक्सी र रू १ ल्याइन्छ । अनि सवै जना मिली खान्छन् । यदि केटीको अभिभावकले अस्वीकार गरेमा यो विवाह बदर हुन सक्छ । घर छोड्नु अघि केटीलाई रोधींमा अन्तिम भोजको लागि ल्याइन्छ जुन भोजनलाई 'फ्रेकी' को संज्ञा दिइन्छ । आफन्तहरू गोडा धुनको लागि भीड लाग्दछन् । सबै जन्तीहरू थरी थरीका बाजाका साथमा दुलहीलाई पुऱ्याउनका लागि प्रत्येक धुरीबाट एक एक जनाले भाग लिएको पाइन्छ। गाउँका बिशिष्ट व्यक्तिहरूद्वारा आशिष दिइन्छ । बास्तविक वैवाहिक जीवनको शुरूवात त्यहाँ हुन्छ ।

त्यसबेला ज्योतिषी वा लमीलाई पनि स्वागत गरिन्छ । केटाले केटीलाई निधारमा सेतो टीका लाइदिन्छ । त्यसपछि उपस्थित सबै बर्गबाट टीका लगाइ दिन्छन् । जीवनको हरेक परिस्थितिमा आफन्तलाई साँछी राखी एकसाथ रहने दुबैले बाचा गर्दछन् । दुलही दुलहाको घरमा केवल दुइ तीन दिनको लागि मात्र बसी आफ्नो माईतमा करिब पाँच बर्षको निम्ति फर्किन्छन् । विवाहका रातम दुलहा र दुलहीलाई परिचय गराउन 'सभ्स्यो आमाको' ठुलो भुमिका रहेको पाइन्छ । आफन्तहरू पनि उपहार दिनका लागि तल्लिन भएको हुन्छन् । यदि दुलहीलाई समयमै फर्काइएन भने दुबै पार्टीहरूको बिचमा सम्बन्ध नराम्रो हुने सम्भावना हुन्छ । यदि दुलहा जेठो छोरा ठहरिएमा गाउँलेहरूद्वारा ' भतेर' खाइन्छ । विवाह आफ्नै नाता भित्र नपरेमा दुलहीको

मावली पक्षलाई पनि निम्त्याइने रीति पाइन्छ ।

३) **गन्धर्व विवाह**: यस किसिमको विवाहमा पनि केटाले केटीलाई सेतो टीका लगाईदिन्छ। केटाले आफ्नो प्रतिनिधिलाई केटीको घरमा पठाई विवाह सम्बन्धी सम्पूर्ण कुरा मिलाइन्छ । यदि यस समयमा केटीको अर्कै व्यक्तिसँग विवाह सम्बन्धी निर्णय गरिएको ठहरिएमा केटाले पुनः पैसा तिर्नु पर्दछ । पुरानो केटाले फेरी विवाह गर्न कानुनी छुट पाउँछ । यसलाई 'छ्यालयाब' भनिन्छ । अर्को दुलहा खोज्ने र मिलाउने कार्यलाई 'कोर्सी खब' भनिन्छ । यस प्रकारका विवाहलाई पनि सामाजिक मान्यता दिइएको पाइन्छ । यदि केटीको बाबा मन्जुर नभएमा केटा र केटीलाई छुट्याइन्छ । तर तिनीहरू अझै मिल्न चाहन्छन् भने फेरी भागेर जानमा केही आपत्ति पर्दैन ।

४) **अनमेल विवाह**: यस प्रकारको विवाहले यस्तो ठाउँ लिन्छ जुन बेला पहिलो छोराको विवाह गरिन्छ । यस प्रकारको विवाह पनि केटा र केटीको अनमेल हुन पुगे । तर सन्तान छैन भने यस बेला श्रीमतीद्वारा सन्तानको लागि अर्को विवाह गर्न सल्लाह दिइन्छ । यस जातिमा एक भन्दा बढी श्रीमती (स्वास्नी) राख्न संस्कृतिले छुट दिएको छैन । यदि यो गरिब परिवारमा परेमा छोडपत्रलाई सबैका अगाडि सुनाइन्छ । अनि तिनिहरू फेरी अर्को बिवाह गर्न पुग्छन् ।

५) **पूर्वमेल विवाह**: यस किसिमका विवाहमा बिपक्षका एक जना लोग्ने मान्छे र एक जना स्वास्नी मान्छेलाई लिइएको हुन्छ । यस विवाहलाई नौलो तथा आलोचलना नगरिएको विवाहले चिनिन्छ तैपनि गुरूङ जातिको संस्कृतिमा यसलाई स्वीकृति नदिएको पाइन्छ। यस प्रकानरका विवाहलाई सामान्य कानुनी विवाह भनिन्छ । एक समाजिक सर्वेक्षण

अनुसार गुरूङ जातिको पाँच प्रतिसतले यस्तो विवाह गरेका छन् । वास्तबमा ती सवै जातिमा भएको सम्पूर्ण प्रथाहरू हाम्रा राष्ट्रिय संपत्ती नै हुन् । यी हाम्रा राष्ट्रिय संस्कृतिको जगेर्ना हाम्रो परम् कर्तव्य हो । अभै खोजी गरौँ र जगेर्न गरौँ ।

### ३) ङेच्याब गुरुङ सूत्रः

*(बुद्धबचन, २०७८ खेन्पो बसन्त गुरुङ र चोग डीबी गुरुङ)*

*ॐ अर्धम् पाध्यम् पुष्पम् धूपम् दीपम् सुगन्धम् नैवेतम् सर्व परिकार महापञ्च अमृत स्वाहा।* यो ङेच्याब गुरूङको मौलिक परम्परामा आधारित विवाह सूत्र हो ।

गुरूङको मौलिक परम्परा अनुसार परिवारमा छोराको उमेर पुगे पछि विवाह गर्ने परम्परा छ । विवाह गर्ने बेलामा प्रायः माँगी विवाह गर्ने चलन छ । माँगी विवाह भनेको आफुसंग इज्जत मिल्ने र जातगोत्र मिल्ने केटी पाए पछि एउटा रक्सीको सुरे पुङमा पातले छोपेर मुखमा तीनपट्टि ध्यूको सगुन लगाएर पुङको घाँटीमा साइतको प्रतिक एउटा धजा पनि भुण्डाएर कलेचारद्धारा त्यो केटीको न्हेस घरमा लगेर भुन्डाइन्छ । न्हेस घर भनेको आफ्नो खलकमा सुख दुःखमा एकत्रित भएर भेटघाट गर्ने घर हो ।

गुरूङ भाषामा विवाहलाई ङेच्याब भन्दछ । 'ङे' भनेको कुटुम्ब र 'च्याब' भनेको मिल्नु वा लसपस हुनु हो । गुरूङ समाजमा धेरै प्रकारका विवाहहरू हुन्छन् । थरि थरिका विवाहमा रीतिरिवाजहरू पनि विभिन्नै तरिकाले गरिन्छ । जसमा माँगि, चोरी, खुसिली, स्वयम्वर, जारी र कानुनी विवाह गरी छ किसिममा गरिन्छ । अब, न्हेस घरका मुलिले फलन गाउँको फलनको छोरा फलनले

फलनको छोरी फलनलाई माग्न आएको छ भनी आफ्नो खलकका जेठो बाठो सबैलाई न्हेस घरमा बोलाउछन् र कलेचारको विषयमा छलफल गर्दछन् । यसरी भाइखलग भित्र छलफल हुँदा कुटुम्ब राम्रो लाग्यो, चित्त बुझ्यो भने त्यही समय बगदान गर्दछ । बगदान भनेको आमा बाबाले प्रथम पटक छोरीलाई आफु समानको कुटुम्वलाई मौखिक रूपमा कन्यादान गर्नु हो । यति काम भइसके पछि साइतको रूपमा आएको त्यो सुरेपुङ सगुनको रूपमा बाउमइतीले पिउँछन् । गुरूङहरूको परम्परामा पुङखाने, हिन्दुमा रातो टीका लाउने र अंग्रेजीमा एङ्गेजमेन्ट भन्ने भावार्थ एउटै हुन आउँछ ।

अब, तोकिएको दिनमा न्हेस घरमा कलेचार आएर बस्छ । रोधींमा पनि परेमइमै र परेरिँईमै अर्थात दौंतरी मिलेका माइतीहरू र चेलीहरू मिलेर स्योकैंइ खाएर रमाइलो कार्यक्रम गरी विवाह हुने रोस्योलाई बिदाइ गर्दछन् । भोलि पल्ट बिहान दुलहीलाई सिँगार पटार गरेर चलन चल्ती अनुसार जन्ती आए त्यही मुताबिक नआए त्यहीमुताबिक बाबा, आमा, माइतिहरू, चेलीबेटीहरू र इष्टमित्रहरूले तामाको ताउलोमा कन्याको गोडा राखी मुश्रेकटुसको पातमाथि सुनको असर्फी राखी चोखो जलले गोडा धोई जल शिरमा चढाइ पवित्र बनाइ आफ्नो औकात अनुसार उपहार दिइ कन्यादान गर्ने चलन रहेको छ ।

एकातिर कन्यादान गर्ने कार्यक्रम भइरहेको हुन्छ भने अर्कोतिर गुरूङहरूको मौलिक परम्परा र रीति रिवाजमा आधारित सामाजिक संस्कार गर्नु पर्ने हुन्छ । गुरूङ संस्कारमा यस क्रियालाई (क्षैंगिनैंगी) काट्ने भन्दछन् । क्ष्यैंगिनैंगी भनेको दुलहीको लागि गज, गहना कपडा, रोधींको सदस्यहरू, परेमइमै, परेरिँईमै र तैंनकुर्सीको रीत भाँतको लागि तोकिएको

रकम दिनु हो । तैँनकुर्सी भनेको कुटुम्व फुकाउने बिधिहो । विवाहगर्ने समयमा तैँनकुर्सीको रीत भाँत जनाइसके पछि घरबार भइसकेका छोरी चेलीहरूलाई बाउ माइतिको घरमा जुठो पिंण्ड हुँदा कुनै वाधा अडचन हुदैन । यसरी 'क्ष्यैँगिनैँगी' काटिसके पछि फ्होले भनेर केही रकम न्हेसधीँमा बुझाए पछि सामाजिक संस्कार पनि समाप्त भएको मानिन्छ ।

गुरूङको मौलिक संस्कार अनुसार विवाह गर्दा कुल परम्परा अनुसार पितृ पूजा गरी मंगल यज्ञ गर्छन् । त्यसपछि कन्यदान हुन्छ । तर आज भोली पुरानो चलन लोप भैसकेका छन् । अधिकांश ठाउँमा नयाँ चलनको प्रभाव भएको पाइन्छ । त्यस दिनको लग्न अनुसारको शुभ समयमा नयाँ दुलहीलाई घर भित्र ल्याइ, दुलहा र दुलही दुबैलाई एकै ठाउँमा बसाइ टीकाटाला गरि दिन्छन् । टीकाटाला गर्दा, सर्वप्रथम पुरोहितले अशिमलँ दिएर टीका लगाइ दिन्छन् । गुरूङ भाषामा अशिमलँ भनेको शुभ अशिषको मन्त्रोचारण हो । अशिमलँ दिंदा पुरेतले यसो भन्छन् । "आज संवत २०७७ साल मंसीर महिनाको १५ गते बुधबारको शुभ लगनमा फलन गाउँ बस्ने फलनको छोरा फलनले फलन गाउँ बस्ने फलनको छोरी फलनलाई विवाह गरेको छ । यो विवाह आजमात्र होइन हिजोको जुनीमा पनि कुरा चलेको थियो ।

तर, लगन नजुरेकोल विवाह हुन सकेन । आजको शुभलगनमा विवाह भएर राम्रो भएको छ । तिमीहरू दुबैजनाको आयु संस्कार बराबर होस् । दीर्घायु होस् । सुस्वास्थहोस् । मंगलहोस् । चिरिन्जिबीहोस् । चाहे जति सन्तान होस् । सन्तानको उन्नति प्रगतिहोस् । धनवान, बलवान, बुद्धिवानका साथै मनले चिताएको र आँखाले देखेको प्राप्तहोस्" भन्दै टीका लगाइ अशिमलँ

दिन्छन् ।

*"ॐ नमो भगवते, अपरिमिता आयुर्ज्ञान सुविनिश्चित, तेजो रजय तथागताय, अहर्ते सम्यक सम्बुद्ध तद्यथा, ॐ पुण्य पुण्य महापुण्य, अपरिमिता पुण्य, अपरिमिता पुण्य ज्ञान, सम्भारो पचिते । ॐ सर्व संस्कार, परिशुद्ध धर्मते, गगन समुन्द्रते स्वभाव विशुद्धे, महानय (...) परिवारे स्वाहा !"*

अब पुरोहितले अशिमलँ दिइसके पछि बाबाले टिका लगाइ दिन्छन् । आमा चाहिँ तलको डिलमा गएर लुक्नु पर्छ । त्यसपछि क्रमैसंग अग्रज भाइबन्धुहरूले टीका लगाइ दिन्छन् । यो क्रम सकिए पछि नयाँ बुहारी सासू बस्ने मूल चौकामा गएर बस्नु पर्छ । चौकामा बस्नु भन्दा पहिले– चौकामा बस्ने मानिस कोही हुनुहुन्छ कि ? भनेर सोध्नु पर्छ । त्यसरी सोध्दा "म छु", भनेर तलको डिलबाट सासूले भन्छे । "म भन्ने तपाइँ को हो ? जो भए पनि तल आउनु होस्" बुहारीले भन्छे ।

*"म तिम्रो सासू हो । तर, म बस्ने ठाउँमा तिमी बसिसक्यो ? अब म कहाँ बस्ने ?"* भन्ने बेलामा, *"मलाइँ तपाइँको छोराले ल्याएको हो । पहिले मेरो जन्मदिने आमा मात्र थियो, आजदेखि कर्म दिने आमा पनि भयो । तपाइँहरु कसैलाई पनि पक्षपात गर्दिन । तल आउनु होस्"* भनेर बचन दिए पछि तलको डिलबाट सासू चौकामा झर्छिन् । त्यही समय सासूलाई मोजेत्रो ओडाएर ढोग्नु पर्छ । यतिकाम भइसके पछि बुहारीको रीत भाँत पनि सकिन्छ । यो रीतभाँत गुरूङहरूको मौलिक संस्कार हो । बिहान प्रिति भोज हुन्छ । त्यस बखतको मलँपाठः

*"तिनी चु २०७७ साल मंगासिर १५ गते छ्याँब ङ्ह्यमर लमचुँह्युल १० थर फलन नास टिब फलनये छ्ह फलनइ मैलीनासा टिब फलनये चमी फलन ब्यालइम् । चु क्ष्याँब ङ्ह्यमर क्यु क्ष्यु टचै चबथूँब ङथो*

*लइर स्युरी धुबइ कौंरुँब फुलम् । नम्रुँ थिइम् । सिल्दो नाम् । चु नासये आसपासर तौंइर टिब मुबसिल्दो नाल्दो साक्षी सिमे भुमे थाने माने देबी देउता देउराली भयारी नाग नागिनी ल्हल्हु यक्षगन्दर्ध किन्नर तादिइ ङथो लइर स्युरी धुबइ फुलम् । सैंएथौं ङ्होथों तइर प्लबह्निब तब मलँपिन । योबख्युब तब मलँपिन । छह्निछह्नी तब मलँपिन । सैंर मैब त्हैंर तोमिद् । मिइम्रोब योर थोमिद् । अस्यौं कु, त्हङे, चीबतारा, दे जन्तिमै म्हिन कुजुमै च्युङ्हि ज्युँदर सोलइर मलँ मोलोमिद् । अस्यौंकु त्हङे खेगी पैडी चोग चीबतारामै जन्तिमै च्युच्यु ख्ह्रो ओ!"* भने पछि भतेर खाने चलनछ । जन्तीले प्रीति भोज खाइसकेपछि आँगनमा रामाईलो गर्दछन् । अन्त्यमा, मूल घरका दाताबाट जन्तीको बिदाइका लागि थालमा दीप प्रज्ज्वलन गरी पूलपाती पूलपाती र भेटी अक्षेता राखेर रीतिथिति बमोजिम राख्नु पर्ने र दिनु पर्ने मानमिनेत सबै दिइसके पछि गीतकै भाषाबाट दातालाई पनि अशिमलँ दिइ बिदावारी हुन्छन् ।

विवाह भएको तीनदिन पछि दुलही गाउँ जानु पर्छ । दुलही गाउँ भनेको नव दम्पत्ति प्रथम पटक ससुरालीजानु हो । रीतभाँतको सावलमा पारिवारिक सल्लाह अनुसार हुन्छन् । विवाह भएको प्रथमवर्ष घरबार हुँदा, साउन महिनामा एक पटक पानी फर्काउनु पर्ने हुन्छ । माइत फर्कनु भन्नु नै पानी फर्काउनु हो । यो ङेच्याब भनेको कुटुम्ब लाउनु अर्थात साइपाटा लाउँने भन्ने हुन्छ । साइपाटा लाउँनु भनेको इज्जतको बराबरीमा कुटुम्ब लाउनु हो । गुरूङहरूको मौलिक परम्परामा जन्ती गएर दुलहीको घरमा गर्नु पर्ने रीतभाँत सबै गरिसके पछि साइपाटा लाउँने काम हुन्छ । यो क्रिया गर्दा, दुलही र दुलहाको बाबाहरू आम्ने साम्ने बस्छन् । अब, दुलहाको बाबा अर्थात साइपाटा लाउँन आउने सम्धीले यसो भन्छन्–

*"आज मिति .............. साल .......... महिना ........गतेको शुभलग्नमा रोटी, रक्सी, मह, माछा, ध्यू, हरियो साग, क्रमुँ र पगरी लिएर मेरो छोरा फलनको लागि तपाइको छोरी फलनसंग साइपाटा लाउँन आएको छु "*

भनेर दुबै सम्धीहरू एक आपासमा हात जोरेर एकले अर्कालाई टीका लगाइ दिन्छन् । त्यस पछि, साइपाटा लाउन आउने सम्धीले पहिलो ढोग्नु पर्छ । एक आपसमा ढोगि सके पछि साइपाटा लाउने क्रिया सम्पन्नभएको मानिन्छ । यो साइपाटा लाउने क्रिया जन्तीजाने विवाहमा मात्र गरिन्छ । अन्य विवाहहरूमा तैँनकुर्सी अर्थात कुटुम्ब फुकाउने क्रिया गरिन्छ । तैँनकुर्सीको क्रिया गरिसके पछि माइतीको घरमा जुठो पिण्ड लाग्दा छोरी चेलीहरूलाई कुनै बारबन्देज हुँदैन ।

प्रथम पटक दुलही गाउँ जाने समयमा नयाँ दुलहालाई रोधींँका सदस्यहरूसंग परिचय गर्नका लागि स्वागत कार्यक्रम्-गर्दछन् । नव दम्पतीका लागि रोस्योहरूले तयार पारेको स्वागत भोजमा अतिथ्याइ स्वीकार गरे पछि आफ्नो इज्जत अनुसार सगुनका रूपमा नगद दक्षिणा पनि चढाउनु पर्छ । यो रोधींँको मौलिक चलन हो ।

विवाह हुनु भन्दा पहिलेको रातमा दुलहाको घरमा गाउँ घरका महिलाहरू एकत्रित भएर रातभर रमाइलो नाच गान गरी (रूतौली) नाच्ने परम्परा रही आएको छ । यसरी रूतौली नाच्न आए पछि घरका दाताले चियापानका साथै दक्षिणा दिएर महिलाहरूलाई सम्मान गर्ने चलन रहेको छ ।

गुरूङको विवाहमा 'तैँनकुर्सी' को संस्कार गर्दा 'फ्होले' फाल्नु पर्छ । फ्होले भनेको सम्पूर्ण कार्यहरू सकिए पछि दोष दोखालो मेटाउन गरिने अन्तिम क्रिया हो । फ्होलेको क्रिया गर्दा, घरको प्रमुख मानिसले हरियो पातमा चोखो भात राखी मूल ढोकाको

ठेलामा राख्दछ । त्यस पछि घरको मुख्य मानिसले भाते जाँडले तीन पटक त्यो भातमा पाठ्हौँसी गर्छ । पाठ्हौँसी गर्दा, यसरी फलक्नु पर्छः-

*"यो मनुष्यलोकमा जन्मिए पछि कर्म गर्नु पर्छ । यसरी कर्म गर्दा, समयबाट आउने दोष, जन्मबाट आउने दोष, भोजनबाट आउने दोष, लुगा सिलाउदा आउने दोष, घर छाँउदा आउने दोष, मित लाउदा आउने दोष, सम्पत्ति राख्दा आउने दोष, बस्तुभाउ पाल्दा आउने दोष, खेतिकिसान गर्दा आउने दोष, बाटोमा हिँडदा आउने दोष, सन्तान हुर्काउदा आउने दोष, घर व्यबाहर चलाउदा आउने दोष, व्यापार व्यवसाय गर्दा आउने दोष, बिरामी हुँदा आउने दोष, सबै प्रकारको अमंगलहरु यो फ्होले लिएर जाउन्"* भनी, तीन पटकसम्म तरूक्क, तुरूक्क गरेर जाँडको छोटो तर्पण दिएर सम्मान गरिन्छ । त्यसो गरे पछि त्यो जाँडको पुङ र एउटा अगोल्टो फ्होले फाल्ने मानिसलाई दिन्छ । त्यो मानिसले अगोल्टो, जाँडको पुङ र पात माथिको भात लिएर दोबाटोमा गएर सिस्नुको बोटको जरामा भात राख्छ । अनि सिस्नुको बोटलाई तीन पटक पाठ्हौँसी गरेर आज गरेको फलनको विवाहमा कुनै दोष दोखालो भएमा यो सिस्नुले पोलेर भष्म गर्नु भनी अगोल्टोले सिस्नुको बोटलाई तीन पटक हानेर फर्कन्छ । फर्केपछि उनीहरूलाई पनि पाठ्हौँसी र पगरी गरी बिदाइ गर्ने परम्परा रहेको छ । गुरूङको मौलिक संस्कारमा आधारित विवाह सूत्र समाप्त भयो । "ऊँ अर्धम् पाध्यम् पुष्पम् धूपम् दीपम् सुगन्धम् नैवेतम् सर्व परिकार महापञ्च अमृत स्वाहा" ।

# भाग–४

# पारपाचुके

# (विवाह संवन्धविच्छेद):

१)  गुरूङ संस्कृतिमा पारपाचुकः

**मिनबहादुर गुरुङ, रोधीं २०५१ ।**

संसारमा विभिन्न जातिहरू आ–आफ्ना संस्कृतिलाई परा पूर्वकाल देखिनै जोगाई आएकाछन् । संस्कृतिमा राम्रा नराम्रा पक्षहरू सबै हुन्छन् । यसरी सबै पक्षलाई संगालेर लैजाँदा बिभिन्न संस्कृतिका रीतिरीवाज पनि समय सापेक्षित बनाउँदै लैजानु आबश्यक हुन्छ । यी संस्कृतिहरू ब्यवहरिक रूपले उचित रहेपनि हालका कानून अन्तर्गत उचित नरहन पनि सक्दछ । त्यसकारण ब्यवहारिकताका साथसाथै कानूनी मान्यतालाई पनि प्रयोग गर्दै लगेमा एक संस्कृतिको थालनी हुन्छ ।

हाम्रो गुरूङ जातिको संस्कृतीमा पनि यस्ता कैयन ब्यवहारिक 'थिति' नियमहरू छन् । जस्लाई अहिलेसम्म ब्यवहारमा प्रयोग गरिंदै आएका छौं र उचित पनि तर, कनुनी रूपले यसलाई मान्यता दिन मिल्दैन । यसलाई कानुनी रूप दिन केही पहल गर्न सकिन्छ । यसो गरेमा थिति पनि कानुनी रूपले पनि बैध हुन सक्दछ । यही प्रसंगमा एउटा गुरूङ 'रीति' उल्लेख गर्न लागेको छु । गुरूङ जातिमा "सिन्कापाङग्रोले" एक महत्वपूर्ण स्थान ओगटेको छ । "सिन्का–पाङग्रो" भन्नाले नेपालीमा "पारपाचुके" भन्ने बुझिन्छ । सिन्का पाङग्रोको प्रचलन गुरूङ जातिमा परा पूर्वकाल देखिनै चल्दै आएको एक 'रीति' हो । यो प्रचलन ठाउँ तथा भौगोलिक वातावरणले केही हदसम्म असर पार्न सक्ने हुन सक्ने हुनाले गाउँ र ठाउँको रीतिमा केही फरक होला तापनि मूल कुरामा फरक हुँदैन । यसलाई "सिन्कापाङग्रो" नै किन भनियो त ? भन्ने कुरामा विभिन्न तर्कहरू छन् । तापनि यो प्रक्रियामा 'सिन्का' तथा' पाङग्रो' दुवै प्रयोग गरिने हुनाले नै "सिन्कापाङग्रो" नामाकरण गरिएको हुन सक्दछ । विवाहित स्त्री तथा पुरूष पक्ष बीचमा मनमुटाव भइ दुवै पक्ष उप्रान्त सँगै पति पत्नीको रूपमा बस्न नसक्ने अवस्थामा आइपुगे दुवै पक्ष न्यायालय गइपारपाचुके गर्ने चलन पश्चात्य मुलुक तथा हाल नेपालमै पनि प्रचलन आएको छ । यही प्रचलन गुरूङ जातिमा परा पूर्वकालदेखि

चली आएको थियो । विवाहित पक्ष बीचमा मेल नभइ सँगै बस्ने अबस्था नआएमा 'केटो' पक्षका र 'माइती' पक्षका गन्य मान्यहरू सम्पूर्ण मिलेर सकेसम्म मिलाउने कोशिश गरिन्छ । यसो गर्दा पनि समस्याको हल नभएमा "सिन्कापाङग्रो" गर्ने तय गरीन्छ । यो दिनमा "केटा तथा केटी" अन्य गन्यमान्य व्यक्तिहरू सहित निर्दिष्ट ठाउँमा भेला हुन्छन् । "सिन्कापाङग्रो" को प्रस्तावक पक्षले 'सिन्का' (बाँसको टुक्रा) भाँचेर 'पाङग्रो' (एक प्रकारको लहरा जसको फल ठुला कोसामा हुन्छन्) माथि रखेर ढुङ्गाले हिर्काइन्छ । त्यस पछि प्रस्तावक पक्षले अर्को पक्षलाई टीका लगाई "अब सात नदी सात डाँडाको बाटो खुल्ला भयो । अब उप्रान्त हामी दाजु तथा बहिनी बराबर भयो" भनी बचन बद्ध गर्दछन् ।

यसरी सामाजिक वा रीतले वा ब्यवहारिक रूपले दुवै पक्षका सम्बन्ध बिच्छेद हुन्छन् । दुवै पक्षले अर्को विवाह गर्नको लागि सामजिक रूपले फुकुवा हुन्छन् । यसमा बाँसको सिन्का र पाङग्रो प्रयोग गर्ने कुरामा केही बैज्ञानिक तथा आयुर्वेदिक तथ्यलाई लिन सकिन्छ । बाँसलाई एक पटक टुक्रा गरे पछि जोडन सकिँदैन र पाङग्रोलाई बैध्यहरूले शारीरिक बिकारहरू फाल्न प्रयोग गर्छन् । यसरी मन मुटाव (भाँच्चिएको) भएको दुइ पक्षको मनका बिकारहरू हटाउन र नयाँ सम्बन्धका लागि तयार रहनका लागि मनो बैज्ञानिक रूपले तयार रहन केही हदसम्म सहयोग पुऱ्याएको हुन सक्छ । तर, यसलाई नेपालको कानुन अन्तर्गत बैध्य मानिएको पाइदैन ।

यी इत्यादि रीतिले गुरूङको रीति धेरै नै उदार भएको पाइन्छ । जहाँसम्म कि, नेपाल देशका अन्य जातिहरूमा यस किसिमको रीति बिरलै पाइन्छ । स्त्री पक्षले फेरि विवाह गर्नलाई समाजलेनै स्वीकृति प्रदान गर्दछ । यसले गर्दा महिलाहरूलाई अन्य जातिको जस्तो बिभिन्न हक र अधिकारबाट बञ्चित हुनबाट बचाएको छ । स्त्री तथा पुरूष सबैलाई समान हक तथा अधिकार प्रयोग गर्ने रीति गुरूङ जातिमा रहँदै आएको छ ।

# विवाह र सम्बन्ध विच्छेद सम्बन्धी कानूनी व्यवस्थाः

**कृष्णबहादुर गुरुङ**
वरिष्ठ अधिवक्ता

**पृष्ठभूमी :**

जीव जन्तु सवै प्राणीमा स्त्री र पुरूष तत्वको मिलन बाट सन्तान उत्पादन हुने प्राकृतीक नियम हो । आधुनिक समाजमा यसलाई वैज्ञानिक आधार मानिन्छ । प्राणीहरूमा सवैभन्दा वौद्धिक प्राणी मानिस लाई मानिन्छ । प्रचीनकाल देखि नै स्त्री र पुरूष (केटा र केटी) विच सम्वन्ध कायम गर्न विवाह पद्धती प्रत्येक धार्मिक आस्था, समाज र स्थान् अनुसार फरक फरक भएको पाइन्छ । केटाले केटीलाई र केटीले केटालाई पति र पत्निको रूपमा स्वीकार गर्ने कार्य लाई विवाह भनिन्छ । विवाह भएपछि केटा र केटी स्थायी रूपमा एक आपसमा मेलमिलाप गरि एकैसाथ वस्ने र ईच्छा अनुसार सन्तान उत्पादन गर्ने प्रचलन रहि आएको छ । केटा केटीको विच हुने विवाह बाट नै परिवार, समाज, देश र विश्व लाई निरन्तरता दिन, स्थिरता कायम गर्ने, सम्वृद्धि गर्ने जस्ता कार्य हुने गर्दछ । त्यसैले हरेक देशमा आफ्नो नागरिकता विच सद्भाव कायम गर्न विवाह र त्यसबाट हुने परिणाम र सम्वन्ध विच्छेद सम्वन्धी कानूनी व्यवस्था गरेको हुन्छ । नेपालमा पनि जन आन्दोलन पश्चात निर्माण भएको संविधान २०७२ र त्यसको आधारमा एकिकृत संहिता अर्थात कानूनी व्यवस्था गर्न २०७५ सालको भाद १ गते बाट लागू हुने गरि मुलुकी देवानी संहिता २०७४ र अपराध संहित २०७४ व्यवस्थापिका संसदले परित गरि कानूनकोरूपमा आएको छ । सो कानून अनुसार नेपालमा विवाह सम्वन्धी पति पत्निको सम्वन्ध विच्छेद सम्वन्धी मुलुकी देवानी सहित २०७४ मा नयाँ कानूनी व्यवस्था गरेको छ ।

**क) विवाह सम्वन्धी कानूनी व्यवस्थाः**

मुलुकी देवानी संहिता २०७४ को दफा ६७ मा "कुनै पुरूष र महिला ले कुनै उत्सव, समारोह, औपचारिक वा अन्य कुनै कार्यवाट एक अर्कालाई पति पत्निको रूपमा स्वीकार गरेमा विवाह भएको मानिने व्यवस्था गरेको छ तर त्यस्तो विवाह वैधानिक हुन पुरूष र महिला ले एक अर्कालाई पति पत्नीको रूपमा स्वीकार गर्न मन्जुर गरेमा, हाडनाता करणीमा सजाय हुने नाताको नभएमा, पुरूष र महिला दुवै वैवाहिक सम्वन्ध कायम रहेको अवस्था नरहेको र पुरूष र महिलाको उमेर २० बर्ष पुरा भएको हुनु पर्ने देवानी संहिता २०७४ को दफा ७० ले अनिवार्य व्यवस्था गरेको छ । त्यस्तो अवस्था नरहेको पुरूष वा महिला सँग विवाह गर्न वा गराउन हुदैन । उक्त संहिताको दफा ६९ मा प्रत्येक व्यक्तिलाई कानूनको अधिनमा रही विवाह गर्ने परिवार कायम गर्ने, तथा परिवारिक जीवन यापन गर्ने स्वतन्त्रता हुने कानूनी व्यवस्था गरेको छ । विवाह जुनसुकै किसिम वाट भएको भएतापनि त्यस्तो विवाह सर्वजनिक गर्नु वा गराउनु पर्नेछ ।

विवाह पुरूष र महिला वीच दाम्पत्य तथा परिवारिक जीवन प्रारम्भ गर्नको लागि कायम भएको एक स्थायी अनतिक्रम्य तथा स्वतन्त्रता सहमतीमा आधारित एक पवित्र सामाजिक तथा कानूनी वन्धन हुनेछ भनि संहिताको दफा ६८ मा व्यवस्था गरेको छ ।

**संहिताको दफा ७१ अनुसार देहायको अवस्थाको पुरुष वा महिला लाई झुक्याई विवाह गर्न वा गराउन हुदैनः–**

क) शरीरमा मानव रोग प्रतिरोधक क्षमता नष्ट गर्ने जीवाणु (एच.आई.भी.) वा हेपाटाईटिस बी रहेको वा त्यस्तै प्रकृतिका

निको नहुने कडा रोग लागेको ।

ख) पूर्णरूपमा वोल्न वा सुन्न नसक्ने, पूर्णरूपमा दृष्टीविहिन वा कुष्ठ रोगी भएको ।

ग) यौनाङ्ग नभएको नपुङसक भएको वा सन्तान उत्पादन गर्ने क्षमता नभएको प्रमाणित भइसकेको ।

घ) होस ठेगानमा नरहेको ।

ङ) विवाह भैसकेको ।

च) गर्भवती भएको ।

छ) नैतिक पतन देखिने फौजदारी अभियोगमा कसूरदार ठहरी, अदालतबाट सजाय पाएको । उपरोक्त बमोजिम झुक्याएर विवाह गरेको कारणबाट मर्का पर्ने व्यक्तिले त्यस्तो विवाह वदर गराउन र मनासिव क्षतिपूर्ति दावी गर्न सक्ने छ ।

**संहिताको दफा ७२ मा देहायको अवस्थामा भएको विवाह स्वतःवदर हुने र विवाह प्रारम्भ देखिनै अमान्य हुने व्यवस्था गरेको छ ।**

क) पुरूष र महिलाको मञ्जुरी नभई भएको विवाह

ख) हाडनाता करणीमा सजाय हुने नाताका व्यक्तिहरू वीच भएको विवाह तर आफ्नो जातीय समुदाय वा कुलमा चली आएको चलन अनुसार विवाह गर्न हुने नाता सम्वन्धमा विवाह गर्न वा गराउन कुनै वाधा पर्ने छैन ।

ग) २० वर्ष उमेर पुरा नभएमा ।

**शिसु जन्मेमा विवाह भएको मानिने**ः

मुलुकी देवानी संहिताको दफा ७४ मा जवरजस्ती करणीको कारण ले वा हाडनाता करणीमा सजाय हुने नाताका पुरूष सँग शारीकि सम्पर्क बाट महिलाले गर्भधारण गरि शिसु जन्मिएको वाहेक कुनै पुरूष सँगको शारिरीक सम्पर्कबाट शिसु जन्मिएको प्रमाणित भएमा त्यस्तो पुरूष र महिला विच स्वतः विवाह भएको मानिने व्यवस्था गरेको छ ।

**विवाह दर्ता गर्नु पर्ने:**

यस संहिता अनुसार योग्य महिला र पुरूषले विवाह गरेमा सामान्यतया पुरूष स्थायी वसोसास गरेको स्थानीय निकायको वडा कार्यालयमा रहेको पञ्चिकाअधिकारी समक्ष पति र पत्नी दुवैले वा कुनै एकजनाले विवाह दर्ता गराउन निवेदन दिन सक्ने व्यवस्था संहिताको दफा ७६ मा व्यवस्था गरेको छ भने सोही दफामा नेपाल बाहिर वसोवास गरेका पति तथा पत्नीले आफु रहेको वसेको मुलुकमा रहेको नेपालको राजदूतावास वा महावाणिज्य दूतावासमा विवाह दर्ताको लागि निवेदन दिन सक्ने व्यवस्था गरेको छ ।

मृत्यू, जन्म, तथा अन्य व्यक्तिगत घटना दर्ता गर्ने ऐन २०३३ को दफा ४ वमोजिम घटना घटेको (विवाह भएको) ३५ दिन भित्र विवाह दर्ताको लागि निवेदन दिनु पर्ने समय तोकिएको छ, उक्त अवधीमा विवाह दता गरेमा निशुल्क प्रमाण पत्र दिनु पर्ने ऐन को दफा ६ ले व्यवस्था गरेको छ साथै दफा ५ मा घटना घटेको (विवाह भएको) ३५ दिन भित्रको अवधिमा दर्ता हुन नसकेमा वा दर्ता नगरेमा रू ५०/- दर्ता दस्तूर लिई निशुल्क प्रमाण पत्र दिनु पर्ने कानूनी व्यवस्था गरेको छ ।

संहिताको दफा ७६ मा विवाह दर्ताको लागि निवेदन पर्न आएमा सम्वन्धीत अधिकारीले निवेदन परेको १५ दिन भित्र आफ्नो कार्यलयमा रहेको विवाह सम्वन्धी अभिलेखमा विवाह दर्ता गरी विवाह दर्ताको प्रमाण पत्र दिनु पर्ने छ । यदि विवाह दर्ता गर्न नहुने भएमा सम्वन्धीत अधिकारीले निवेदन परेको ७ दिन भित्र त्यसको कारण खुलाई जानकारी गराउनु पर्ने छ । विवाह दर्ता गराउने कुनै एक पक्ष उपस्थित नभएमा सम्वन्धीत अधिकारीले निजलाई बुझी विवाह दर्ता गर्नु पर्ने छ भन्ने कानूनी व्यवस्था गरेको छ ।

**दर्ताद्वारा विवाह गर्न सक्ने** (Court marriage):

संहिताको दफा ७७ वमोजिम कुनै पुरूष र महिलाले दर्ताद्वारा विवाह गर्न चाहेमा आफ्नो नाम थर, उमेर, ठेगाना, पेशा, वावु, आमा, बाजे बजैको नाम अघि विवाह भए वा नभएको र विवाह भएको भए वैवाहिक सम्वन्ध अन्त्य भएको व्यहोरा तथा कम्तीमा दुईजना साक्षीको नाम समेत खुलाई नेपाल भित्र भए सम्वन्धीत जिल्ला अदालत र नेपाल वाहिर भए नेपालको राजदूतावस वा महा वाणिज्य दूतावास समक्ष निवेदन दिनुपर्ने कानूनी व्यवस्था गरेको छ।

यसरी दर्ताद्वारा विवाह गर्ने पुरूष र महिलाले दुवै नेपाली नागरिकता भएमा नागरिकताको प्रमाणपत्र, विवाह नभएको स्थानीय निकायको सिफारिस, दुईवटा पासपोर्ट साईजको फोटो र नागरिकता प्रमाणपत्र सहितको दुईजना साक्षी सहित निवेदन दिनु पर्नेछ । यदि विदेसी नागरिक केटा वा केटी भएमा कम्तीमा १५ दिन नेपालमा वसोवास गरेको स्थानीय निकायको सिफारिस, भिषा सहितको पासपोर्ट र सम्वन्धीत देशको विवाह सम्वन्धी कानून, विवाह नभएको सम्वन्धीत देश को पत्र, कुनै फौजदारी कसुर नगरेको पत्र समेत पेश गर्नु पर्ने छ ।

विवाह दर्ताद्वारा विवाह गर्न निवेदन परेमा सम्वन्धीत अधिकारीले त्यस सम्वन्धमा आवस्यक छानविन गरी निवेदन परेको मितिले ७ दिन भित्र विवाह हुने वा नहुने बिषयमा निर्णय गर्नु पर्ने छ भनि सहिंताको दफा ७८ मा कानूनी व्यवस्था गरेको छ ।

**४. विवाहको परिणाम**:

क) कुनै पनि पुरूष र महिला विच विवाह भएमा त्यस्तो वैवाहिक सम्वन्ध कायम रहेसम्म निजहरू एक आर्काको

पति र पत्निको रूपमा रहेको मानिने छ । व्यवस्था संहिताको दफा ८५ ले गरेको छ भने दफा ८६ ले पति र पत्नी विच आपसी प्रेम र सद्भाव हुनु पर्ने, पति र पत्नी सँगै वसी परिवारिक जीवन स्थापना गरी जीवन यापन गर्नु पर्ने र पति र पत्नी ले एक अर्कालाई सहयोग संरक्षण र सम्मान गर्नु पर्ने व्यवस्था गरेको छ । पति र पत्नीले आपसी समझदारीमा छुट्टै वासस्थान निर्धारण गरेकोमा वाहेक पत्नीको वासस्थान पतिको घरमा कायम भएको मानिने व्यवस्था दफा ८७ ले गरेको छ । सामान्य घर व्यवहार को काममा पति वा पत्नी एक अर्काको प्रतिनिधि रहेको मानिने व्यवस्था संहिताको दफा ८८ ले व्यवस्था गरेको छ भने दफा ८९ ले पति वा पत्नीले एक अर्कालाई आफनो इज्जत र क्षमता अनुसार खान लाउन तथा स्वास्थ्योपचारको व्यवस्था गर्नु वा गराउन पर्नेछ भन्ने व्यवस्था गरेको छ । एकासगोलका पति र पत्नीले आफ्नो सम्पती, आम्दानी तथा हैसियत अनुरूप आपसी सहमतीको आधारमा घर व्यवहार चलाउनु पर्नेछ । पति वा पत्नीले आफ्नो नाममा रहेको सम्पती विक्री वा अन्य तवरले हस्तान्तरण गर्दा कानूनमा अन्यथा व्यवस्था भएकोमा वाहेक एक एक अर्काको मन्जुरी लिनु पर्ने व्यवस्था संहिताको दफा ९० ले गरेको छ भने दफा ९१ ले पति वा पत्नी वा परिवारको कुनै सदस्यले एक अर्कालाई निजको सीप योग्यता वा क्षमता अनुसारको पेशा व्यवसाय वा काम गर्न रोक्न हुदैन भन्ने कानूनी व्यवस्था छ ।

**ख) सम्वन्ध विच्छेद सम्वन्धी कानूनी व्यवस्था**:

पति र पत्नी वीच दाम्पत्य जीवन कायम भएपछि उनीहरूको वीचको सम्वन्ध सधै स्थायी र सुमुधुर भईरहेमा परिवार

समाजमा शान्ती कायम भई परिवार वा पति पत्नी ले इच्छा गरे अनुसार आर्थिक उन्नती हुने, सन्तानले प्रगति गर्ने गर्दछ । तर, पति पत्नी विच कहिले काही वैचारीक, व्यवहारिक रूपमा समझदारी कायम हुन नसक्ने, पति पत्नी विच आपसी मतभेद भई हिंसात्मक गतिविधी भई एक अपसमा मिलेर वस्न नसक्ने परिस्थिती र अवस्था आई पर्ने हुदा प्राचीन काल देखि नै सवै समाज र देशमा पति र पत्नी वीच सम्वन्ध विच्छेद हुने गरेको थियो । नेपालमा २०७२ सालमा नयाँ संविधान आएपछि व्यवस्थापिका संसदले २०७४ सालमा पारित गरि २०७५ साल भाद्र १ गतेबाट लागु भएको मुलुकी देवानी संहिता २०७४ ले पति पत्नी वीच सम्वन्ध विच्छेद हुन सक्ने कानूनी आधार र प्रकृया वारे स्पस्ट व्यवस्था गरेको छ । उक्त सहिंताको दफा ९३ मा पति पत्नी दुवैले चाहेमा जहिलेसुकै पनि पति पत्नी को सम्वन्ध विच्छेद गर्न सक्ने व्यवस्था गरेको छ तर, पति पत्नी वीच सम्वन्ध विच्छेद गर्ने समझदारी मन्जुरी नभएमा पनि सम्वन्ध विच्छेद गर्न सक्ने व्यवस्था सहिंताले गरेको छ ।

१) **पतिले सम्वन्ध विच्छेद गर्न सक्ने अवस्थाः**

सहिंताको दफा ९४मा पतिले देहायको कुनै अवस्थामा पत्नीको मन्जुरी नभए पनि सम्वन्ध विच्छेद गर्न सक्ने व्यवस्था गरेको छ ।

क) कानून वमोजिम अंश लिई वा मानो छट्टीई पति पत्नी भिन्न वसेको अवस्था वाहेक पत्नीले पतिको मन्जुरी नलिई लगातार ३ बर्ष वा सो भन्दा वढी समयदेखि अलग वसेमा ।

ख) पत्नीले पतिलाई खान लाउन नदिएमा वा घरबाट निकाला गरि दिएमा ।

ग) पत्नीले पतिको अङ्ग भङ्ग हुने वा अरू कुनै ठूलो शरिरीक वा मानसिक कष्ट हुने किसिमको कुनै काम वा जाल प्रपञ्च गरेमा ।

घ) पत्नीले अन्य पुरूष सँग यौन सम्वन्ध राखेको ठहरेमा ।

**२) पत्नीले सम्वन्ध विच्छेद गर्न सक्ने अवस्थाः**

सहिंताको दफा ९५ मा पत्नीले देहायको कुनै अवस्थामा पतिको मञ्जुरी नभएपनि सम्वन्ध विच्छेद गर्न सक्ने व्यवस्था गरेको छ ।

क) कानून बमोजिम अंश लिई वा मानो छुट्टीई पति पत्नी भिन्न वसेको अवस्थामा बाहेक पतिले पत्नीको मञ्जुरी नलिई लगातार ३ बर्ष वा सो भन्दा बढी समय देखि अलग वसेमा ।

ख) पतिले पत्नीलाई खान, लगाउन नदिएमा वा घरबाट निकाला गरिदिएमा ।

ग) पतिले पत्नीको अङ्ग भङ्ग हुने वा अरू कुनै ठूलो शारिरीक वा मानसिक कष्ठ हुने किसिमको कुनै काम वा जालप्रपञ्च गरेमा ।

घ) पतिले अर्को विवाह गरेमा ।

ङ) पतिले अन्य महिलासँग यौन सम्वन्ध राखेको ठहरेमा ।

च) पतिले पत्नीलाई जवरजस्ती करणी गरेको ठहरेमा ।

**३) सम्वन्ध विच्छेद गर्ने कार्यवधीः**

सहिंताको दफा ९६ मा सम्वन्ध विच्छेद गर्न चाहने पति वा पत्नीले जिल्ला अदालतमा निवेदन दिनु पर्ने छ भन्ने व्यवस्था गरेको छ भने सम्वन्ध विच्छेदको लागि निवेदन

परेमा अदालतले दुवै पक्ष लाई भरसक सम्झाई बुझाई मेलमिलाप गराउनु पर्नेछ भन्ने व्यवस्था दफा ९७ ले गरेको छ । सम्झाउदा बुझाउँदा पनि पति पत्नी वीच मेल मिलाप गराउन नसकेमा र विवाह कायम राख्न भन्दा सम्वन्ध विच्छेद हुन उपयुक्त देखेमा अदालतले निजहरूको सम्वन्ध विच्छेदको निवेदन परेको १ बर्षपछि सम्वन्ध विच्छेद गरि दिनु पर्नेछ भन्ने कानूनी व्यवस्था दफा ९८ मा गरेको छ । सहिंताको दफा ९९ मा पतिको कारणबाट पति पत्नी वीच सम्वन्ध विच्छेद हुने अवस्थामा पत्नीले माग गरेमा अदालतले सम्वन्ध विच्छेद गर्नु अघि पति पत्नी विच अंशवण्डा गर्न लगाउनु पर्नेछ । पत्नीले सम्वन्ध विच्छेदको लागि निवेदन गरेमा पतिको कारण बाट सम्वन्ध विच्छेद हुने अवस्था भएको मानिने छ, संगोलको सम्पति पति पत्नी दूवैको नाममा वा पति वा पत्नी मध्ये कुनै एकको नाममा रहेछ भने सम्वन्ध विच्छेद हुनु अघि निजहरू वीच कानून बमोजिम त्यस्तो सम्पतीको अशंबण्डा गर्नुपर्नेछ । सम्वन्ध विच्छेद हुने पतिले नै वावु वा अन्य अंशीयार वाट अंश लीइ नसकेको भए अदालतले दुवै पक्षबाट अंशीयार खुलाउन लगाई र अंश वण्डा गर्नु पर्ने अन्य अंशीयार भएमा त्यस्ता अंशीयार समेत वुझ्नु पर्ने भए वुझी निजहरूबाट अंशको फाटवारी माग गरी पति पत्नीको अंश छुट्याई अंशवण्डा गराई दिनु पर्ने छ । अंशवण्डा गर्दा लामो समय लाग्ने देखेमा अदालतले पति पत्नी वीच सम्वन्ध विच्छेद गरी अंशवण्डा नभएसममको लागि पतिको सम्पती र उपस्थितिको आधारमा पतिवाट पत्नीलाई मासिक खर्च भराई दिन सक्नेछ । अंशवण्ड नहुदै त्यस्ती महिलाले अर्को विवाह गरेमा अंश पाउने छैन भनि कानूनी व्यवस्था गरेको छ ।

# भाग ५:

# केही ज्ञान मुलक विषयहरु:

ल्हो (बर्ग) हरूबारेः बर्गहरू आपासमा मिल्छ कि, मिल्दैन मनको खुल्दुलीहरू मेटाउन पर्ने अवस्था आइपर्दा, पहिलो चरण आफुलेनै ल्हो (बर्ग) हेरेर तसली गर्न सकियो भने, समयको सदुपयोग हुन्छ भन्ने मनसायले यी बर्गतत्वको मिलनचक्र र बियोग चक्रक कसरि छुटाउने ? भन्ने ईरादाले यहाँ दर्साइएको हो ।

**१) बर्ग तत्वको मिलन चक्रहरुः**

- **च्युल्हो मुसा बर्गसँग मिल्ने बर्गहरु**ः प्र ल्हो (बाँदर वर्ग), च्ह्यल्हो (चरा बर्ग), तो ल्हो (बाघ बर्ग), हिंल्हो (बिरालो बर्ग), हिंल्होलाई बिरालो वर्ग भन्दछौँ तर, वास्तवमा हिंल्हो भनेको खरायो बर्ग हो । हिंल्हो र च्ह्यल्हो शत्रुता हुँदैन योग फल मिल्ने देखिन्छ ।
- **लौंल्हो गाई बर्गसंग मिल्ने बर्गहरु**ः सबृ ल्हो (नाग/सर्प), त ल्हो (घोडा बर्ग), प्र ल्हो (बाँदर बर्ग), च्ह्यल्हो (चरा बर्ग) हरूको योग फलमिल्ने देखिन्छ ।
- **तो ल्हो बाघ बर्गसँग मिल्ने बर्गहरु**ः च्युल्हो (मुसाबर्ग), फाल्हो (बँदेल/मृग बर्ग), सबृल्हो (नाग/सर्प), तल्हो (घोडा बर्ग) हरूको योग फल मिल्ने देखिन्छ ।
- **हिंल्हो बिरालो बर्गसंग मिल्ने बर्गहरु**ः च्युल्हो (मुसाबर्ग), फोल्हो (बँदेल/मृग बर्ग), सबृ ल्हो (नाग/सर्प), त ल्हो (घोडा बर्ग) हरूको योग फलमिल्ने देखिन्छ ।
- **मुब्रिल्हो गरुड बर्गसंग मिल्ने बर्गहरु**ः सबृल्हो (नाग/सर्प) बर्ग, तल्हो (घोडा बर्ग), प्रल्हो (बाँदर बर्ग), च्ह्यल्हो (चरा बर्ग) । (स्मरण रहोस् कि, मुबृल्हो गरूड बर्ग भन्द छौँ तर, मुब्रृ भनेको ड्रयगन हो । अतः मुब्रृ र सबृ बीच शत्रुभाव हुँदैन योग फल मिल्ने देखिन्छ ।

- **सबृल्हो नाग बर्गसंग मिल्ने बर्गहरुः** तोल्हो (बाघ बर्ग), ह्वील्हो (बिरालो बर्ग, लोङ्ल्हो (गाई बर्ग), मुब्रु ल्हो (गरूड/गिद्ध बर्ग), ल्हुल्हो (भेंडा बर्ग), खिल्हो (कुकुर बर्ग) हरूको योग फल मिल्ने देखिन्छ ।
- **त ल्हो घोडा बर्गसंग मिल्ने बर्गहरुः** तोल्हो (बाघ बर्ग), हिंल्हो (बिरालो बर्ग, लोङ्ल्हो (गाई बर्ग), मुब्रु ल्हो (गरूड/गिद्ध बर्ग), ल्हुल्हो (भेंडा बर्ग), खिल्हो (कुकुर बर्ग) हरूको योग फल मिल्ने देखिन्छ ।
- **ल्हु ल्हो भेंडा बर्गसंग मिल्ने बर्गहरुः** सबृल्हो (नाग/सर्प) बर्ग, तल्हो (घोडा बर्ग, प्रल्हो (बाँदर बर्ग), च्ह्यल्हो (चरा बर्ग) हरूको योग फल मिल्ने देखिन्छ ।
- **प्र ल्हो बाँदर बर्गसंग मिल्ने बर्गहरुः** लोङ्ल्हो (गाई बर्ग), मुब्रुल्हो (गरूड/गिद्धबर्ग), ल्हुल्हो (भेंडा बर्ग), खिल्हो (कुकुर बर्ग), च्युल्हो (मुसाबर्ग), फोल्हो (बँदेल/मृग बर्ग) हरूको योग फल मिल्ने देखिन्छ ।
- **च्ह्यल्हो चरा बर्गसंग मिल्ने बर्गहरुः** लोङ् ल्हो (गाई बर्ग), मुब्रु ल्हो (गरूड/गिद्ध बर्ग), ल्हु ल्हो (भेंडा बर्ग), खि ल्हो (कुकुर बर्ग), च्यु ल्हो (मुसाबर्ग), फो ल्हो (बँदेल/ मृग बर्ग) हरूको योग फल मिल्ने देखिन्छ ।
- **खि ल्हो कुकुर बर्गसंग मिल्ने बर्गहरुः** सबृल्हो (नाग/सर्प बर्ग), तल्हो (घोडा बर्ग, प्रल्हो (बाँदर बर्ग), च्ह्योल्हो (चरा बर्ग) हरूको योग फल मिल्ने देखिन्छ ।
- **फो ल्हो बँदेल/मृग बर्गसंग मिल्ने बर्गहरुः** प्रल्हो (बाँदर बर्ग), च्ह्योल्हो (चरा बर्ग), तोल्हो (बाघ बर्ग, हिंल्हो (विरालो बर्ग) हरूको योग फल मिल्ने देखिन्छ ।

**२) बर्ग तत्वको वियोग चक्र (नमिल्ने बर्ग):**

- **च्यु ल्हो मुसाबर्गसंग नमिल्ने बर्गहरु:** सबृल्हो (नाग/सर्प) बर्ग, तल्हो (घोडा बर्ग, लोङ्ल्हो (गाई बर्ग), मुब्रुल्हो (गरूड/गिद्ध बर्ग), ल्हुल्हो (भेंडा बर्ग), खिल्हो (कुकुर बर्ग), फोल्हो (बँदेल/मृग बर्ग) हरूसंग योगफ नमिल्ने देखिन्छ ।
- **लोङ् ल्हो गाई बर्गसंग नमिल्ने बर्गहरु:** च्युल्हो (मुसाबर्ग), फोल्हो (बँदेल/मृग बर्ग), तोल्हो (बाघ बर्ग, ह्वील्हो (बिरालो बर्ग), मुब्रुल्हो (गरूड/गिद्ध बर्ग), ल्हुल्हो (भेंडा बर्ग), खिल्हो (कुकुर बर्ग) हरूसंग योगफ नमिल्ने देखिन्छ ।
- **तो ल्हो बाघ बर्गसंग नमिल्ने बर्गहरु:** प्रल्हो (बाँदर बर्ग), च्ह्योल्हो (चरा बर्ग), लोङ्ल्हो (गाई बर्ग), मुब्रु ल्हो (गरूड/गिद्ध बर्ग), ल्हुल्हो (भेंडा बर्ग), खिल्हो (कुकुर बर्ग), हिंल्हो (बिरालो बर्ग हरूसंग योगफ नमिल्ने देखिन्छ) ।
- **हिंल्हो विरालो बर्गसंग नमिल्ने बर्गहरु:** प्रल्हो (बाँदर बर्ग), च्ह्योल्हो (चरा बर्ग), लोङ्ल्हो (गाई बर्ग), मुब्रु ल्हो (गरूड/गिद्ध बर्ग), ल्हुल्हो (भेंडा बर्ग), खिल्हो (कुकुर बर्ग), तो ल्हो (बाघ बर्गसंग योग नमिल्ने देखिन्छ ।
- **मुफ्रिल्हो गरुड/गिद्ध बर्गसंग नमिल्ने बर्गहरु:** च्युल्हो (मुसाबर्ग), फोल्हो (बँदेल/मृग बर्ग) संग योग नमिल्ने देखिन्छ ।
- **सबृ ल्हो नाग/सर्प बर्गसंग नमिल्ने बर्गहरु:** च्युल्हो (मुसाबर्ग), फोल्हो (बँदेल/मृग बर्ग), प्रल्हो (बाँदर बर्ग), च्ह्योल्हो (चरा बर्ग), तल्हो (घोडा बर्ग) संग योग नमिल्ने देखिन्छ
- **त ल्हो घोडा बर्गसंग नमिल्ने बर्गहरु:** च्युल्हो (मुसाबर्ग), फोल्हो (बँदेल/मृग बर्ग), प्रल्हो (बाँदर बर्ग), च्ह्यो ल्हो (चरा बर्ग), सबृ ल्हो (नाग/सर्प) बर्गहरूसंग योगफल नमिल्ने देखिन्छ

- **ल्हु ल्हो भेंडा बर्गसंग नमिल्ने बर्गहरुः** च्युल्हो (मुसाबर्ग), फोल्हो (बँदेल/मृग बर्ग), तोल्हो (बाघ बर्ग, ह्वील्हो (विरालो बर्ग), लोङ्ल्हो (गाई बर्ग), मुब्रुल्हो (गरूड/गिद्ध बर्ग), खिल्हो (कुकुर बर्ग) हरूसंग योगफल नमिल्ने देखिन्छ ।
- **प्र ल्हो बाँदर बर्गसंग नमिल्ने बर्गहरुः** सबृल्हो (नाग/सर्प) बर्ग, तल्हो (घोडा बर्ग, तोल्हो (बाघ बर्ग,  हिंल्हो (किरालो बर्ग), च्ह्योल्हो (चरा बर्ग) हरूसंग योगफल नमिल्ने देखिन्छ ।
- **च्ह्यो ल्हो चरा बर्गसंग नमिल्ने बर्गहरुः** सबृल्हो (नाग/सर्प)बर्ग, तल्हो (घोडा बर्ग, तोल्हो (बाघ बर्ग), हिंल्हो (बिरालो बर्ग), प्रल्हो (बाँदर बर्ग) हरूसंग योगफल नमिल्ने देखिन्छ ।
- **खि ल्हो कुकुर बर्गसंग बर्ग नमिल्नेहरुः** च्युल्हो (मुसाबर्ग), फोल्हो (बँदेल/मृग बर्ग), तोल्हो (बाघ बर्ग), हिंल्हो (बिरालो बर्ग), लोङ्ल्हो (गाई बर्ग), मुब्रुल्हो (गरूड/गिद्ध बर्ग), (भेंडा बर्ग) हरूसंग योगफल नमिल्ने देखिन्छ ।
- **फो ल्हो बँदेल/मृग बर्गसंग नमिल्ने बर्गहरुः** सबृ ल्हो (नाग /सर्प)बर्ग, त ल्हो (घोडा बर्ग, लोङ् ल्हो (गाई बर्ग), मुब्रु ल्हो (गरूड/गिद्ध बर्ग), ल्हु ल्हो (भेंडा बर्ग), खि ल्हो (कुकुर बर्ग), च्यु ल्हो (मुसाबर्ग) हरूसंग योगफल नमिल्ने देखिन्छ ।

## ३) ल्हो (बर्ग) को शुभ र अशुभ बार

| ल्हो (बर्ग) | गुरुबार (शुभ बार) | प्राणबार (बार्नु पर्ने) | घातबार (बार्नु पर्ने) |
|---|---|---|---|
| मुसा बर्ग | बुधबार | मंगलबार | शनिबार |
| गाई बर्ग | शनिबार | बुधबार | बिहिबार |
| बाघ बर्ग | बिहिबार | शनिबार | शुक्रबार |
| बिरालो बर्ग | बिहिबार | शनिबार | शुक्रबार |
| गरूड बर्ग | आईतबार | बुधबार | बिहिबार |
| सर्प बर्ग | मंगलबार | शुक्रबार | बुधबार |
| घोडा बर्ग | मंगलबार | शुक्रबार | बुधबार |
| भेडा बर्ग | शुक्रबार | सोमबार | बिहिबार |
| बाँदर बर्ग | शुक्रबार | बिहिबार | मंगलबार |
| चरा बर्ग | शुक्रबार | बिहिबार | मंगलबार |
| कुकुर बर्ग | सोमबार | बुधबार | बिहिबार |
| मृग बर्ग | बुधबार | मंगलबार | शनिबार |

## ४. ल्हो (बर्ग) को फल

| |
|---|
| चालु बर्गलाई (राजा) बर्ग मानिएता पनि स्व. ग्रह (संकेक्) पर्दछ ६० र ८४ बर्षको ल्हो आउदा नाम ग्याल तोङ्छ्याक पूजा गर्दा “आयु बृद्धि” हुनेछ । |
| चालु बर्गसहित ३ अगाडि पछाडिको बर्गलाई सगुणि (सौँग्यो) बर्ग भनिन्छ । उक्त बर्गलाई सवै प्रकारको “शुभ” कार्यरम्भ गराउदा उत्तम हुन्छ । |
| चलु बर्गसहित ७ अगाडि पछाडिको बर्गलाई “सप्त कोण” शनिग्रह (ध्युनसुर) चल्दछ । |

## ५. तिलक धारण (टीका लगाउने) बारेः

सनातन संस्कारका वैज्ञानिक स्वरूप, २०६७ ।

महत्वः तिलक अर्थात टीका सबैले धारण गर्दछन् । कोही राम्रो बन्ने चाहनामा, कोही परम्परावश, कोही वीरता दर्शाउनका लागि । तर, टीका किन दुइ आँखी भौँका बीचमा नै लागाइन्छ ? किन यस्तो परम्परा बसाले ?

योग विज्ञानमा हाम्रो शरीरमा हुने षटचक्रको वर्णन गरिएको छ । चक्र भन्नाले शक्तिग्राहक स्रोत भनेर बुझ्नु पर्दछ । हामीले टीका लगाउने स्थान भनेको आज्ञाचक्र हो । आज्ञाचक्रलाई सम्पूर्ण चक्रहरूको राजा मानिन्छ । खान-पान, आहार-बिहार, वातावरण इत्यादिले गर्दा हाम्रो संस्कार खराव हुन्छ । त्यो सँगै हाम्रा चक्रहरू पनि निष्क्रिय हुन्छन् । फलतः शरीरमा अनेक प्रकारका समस्याहरू देखा पर्न थाल्छन् । यस्तो दुष्प्रभावबाट बच्नको लागि चक्रहरूलाई जगाउन आवश्यक हुन्छ । आज्ञाँचक्र (जहाँ विज्ञानको भाषामा पीनियल ग्रन्थि हुन्छ), टीकाद्वारा उद्दीप्त गर्दा ब्रह्माण्डीय रश्मि मस्तिष्कमा जान्छ । जुन साधकका लागि अतिउपयोगी सिद्ध हुन्छ । अर्को कुरा जव टीका धारण गर्ने क्रममा नियमित आँखीभौँका बीचमा स्पर्श हुन्छ तब कुण्डलिनीमा कम्पन पैदा हुन्छ । यसो गर्नले आज्ञाचक्र सक्रिय हुन्छ । अनि अनपेक्षित लाभ प्राप्त हुन्छ । यसमा अझै प्रष्ट पारौँ,– हृदय प्रदेशबाट ७२ हजार नाडीहरू शरीरका विभिन्न भागमा फैलिएका हुन्छन् । ती मध्ये इडा पिङ्गला एवं सुषुम्ना यी तीन प्रमुख नाडीहरू मानिन्छ । यी तीनै नाडीहरूले मस्तिष्कका पृथक पृथक तीन गोलार्धलाई स्पर्श गर्दै निंधारको भागमा डोरी झैँ बेरिएर पुनः पृथक बन्दछ । ती मध्ये सुषुम्नाको आज्ञाचक्रमा यात्रा समाप्त हुन्छ । त्यहीं निरन्तर स्पर्श हुँदा निष्क्रिय भएको नाडी सचेष्ट हुन्छन् ।

तिलक धारणा गर्नुको सम्बन्ध सामान्य रूपमा मनो विज्ञानसँग पनि देखिन्छ । जब ध्यानमा बसिन्छ तब मनलाई आफूले तिलक

धारण गरेको स्थानमा अडाइराख्न अत्यन्त सहजपनि हुन्छ । जब कुनै सम्मान, उत्सव पर्व ईत्यादीमा तिलक (टीका) लगाईन्छ तब त्यस कुरालाई स्मृतिमा ल्याउन अति सहज हुन्छ जस्को कारण सँधै उत्साह बढ्दै जान्छ । त्यसरी तिलक लगाएको कुरा स्मरण गर्दा आज्ञा चक्रमै ध्यान जाने भयो । जसबाट तृतीय नेत्र सक्रिय हुन्छ भनेर टीका लगाई दिने प्रचलनमा ल्याईएको हो । तर, दुखःलाई भुल्न सहज होस् भनेर नै शोकको अवस्थामा तिलक लगाइँदैन । यसरी केलाउँदा तिलकको महत्व अवर्णनीय देखिन्छ । तिलक धारणा गर्ने धर्म र संस्कृतिको आडम्बर बोकेर होइन निर्मल विचारले हो ।

टीकाको प्रकारः

१) रातो = विजयको प्रतीक ।
२) सिन्दुर = लक्ष्मीप्राप्ती
३) पहेँलो = मोक्ष प्राप्ति
४) सेतो = शान्तिको प्रतीक
५) कालो = बलिको प्रतीक
६) विभूति = परमार्थ प्राप्ति
७) श्रृखण्ड चन्दन = शुद्ध शान्तिको प्रतीक
८) अँगार = अशुभको संकेत
९) पालि टीका = पैताला मन्तिरको धुलो बल बच्चाहरूलाई आँखा नलागोस् भनेर लगाउने ।
१०) सिन्दुर = ब्रह्मजीका पुत्री ऋद्धि र सिद्धिलाई गणेशजीले विवाह गर्दा ऋद्धि र सिद्धलाई सिन्दुर हालेको हुँदा, सिन्दुरको रूप लिएको हो (तमु) गुरूङ संस्कृतिक दिग्दर्शन २०६८ (१५९)
११) हिन्दुहरूले चामलमा रातो अबिर मिसाएर टीका लगाउँदा–

"अनामिका शान्ति दोक्तमध्ययुस्करी भगेत" ।

कुन औँलाले टिका लगाउने ?
टिका धारण गर्ने औँलाको सम्बन्धमा सामान्य मतान्तरहरू देखिन्छन् । तर शास्त्रमा भने यसको पूरा व्यवस्था यस्तो छः

१) बुढी औँलाले टीका लागाए–पुष्टी प्राप्त हुन्छ ।
२) माझी औँलाले टीका लगाए–शान्ति मिल्दछ (ऐश्वर्यका लागि) ।
३) साहिँली औँलाले टीका लगाए–सुख शान्ति (वैभव प्राप्त गर्नको लागि) ।
४) चोर औँलाले टीका लगाए– मोक्ष प्राप्ति हुन्छ (ज्ञान उपलब्धिका लागि) ।

गुरूङहरूमा चामलमा दही मिसाएर टीका लगाउने प्रचलन छ । टीका लगाउँदा औलाको तत्वहरू यस प्रकार रहेका छन् ।

१) बुडी औँला–काठ तत्व ।
२) माहिली औँला–आगो तत्व ।
३) साहिली औँला–माटो तत्व ।
४) काहिली औँला–फलम तत्व ।
५) कान्छी औँला– जलतत्व ।

**६) विवाहित स्त्रीले सिन्दुर किन लगाउने ?**
(सनातन संस्कारका वैज्ञानिक स्वरूप)

पुरूषहरूले तिलक लगाए जस्तै महिलाले पनि तिलक लगाउँद छन् । दुबैको फाईदा एउटै हो । तर, महिलाहरूले स्युँदोमा सिन्दुर लगाउने चलन हिन्दु धर्मालम्वीहरू माझ जीवन्त छ । किन लगाउँद छन् त, विवाहित महिलाले सिन्दुर ? आफुलाई मन परेको वरसँग विवाह गरेपछि श्रीमान प्रति निष्ठा, सद्भाव,

त्याग, दिर्घायु एवं प्रेम दर्शाउनका लागी विवाहित स्त्रीहरूले प्रष्ठ देखिने गरी सिन्दुर लगाउनु स्वतः आचरण हो । कुनै निश्चित प्रयोजनका लागि प्रयोग गरिने बस्तुले विभिन्न दृष्टि कोणबाट फाईदा पुऱ्याउँनु पर्छ भन्ने सोचेर स्युँदो अर्थात निधार को सिधा माथि सिन्दुर लगाउने चलन चलाए । जहाँनेर सिन्दुर लगाइन्छ त्यस ठाउँलाई 'अधिप' भन्दछन् । त्यो भाग अत्यन्त कोमल हुने भएकोले त्यस स्थानको सुरक्षा गर्नका साथ-साथै उद्दीपन गर्नु पर्ने आवश्यक हुन्छ । यही कुरालाई मध्यनजर गर्दै विवाहित स्त्रीहरूले सिन्दुर लगाउने चलन चल्यो । यस बाहेक सिन्दुरमा पारो भन्ने अलभ्यचीज अधिक मात्रमा हुन्छ । जस्ले स्त्रीहरूमा हुने भावुकताका कारण उत्पन्न हुने बैद्युतिक उत्तेजना लाई नियन्त्रण गर्दछ । मुख्यतया नारी कसै प्रति अनुबन्धित भएकी छन् भन्ने कुरा दर्शाउन मात्र नभएर समाजिक आचरणमा नियमितत ल्याउनमा पनि सिन्दुर धारणको महत्व रहेको छ । नारी यदि विधुवा भइन् भने उनले सिन्दुर लगाउँदिनन् । किनकि अब कुनै पुरूष प्रति उनी अनुबन्धित छैनन् । अपितु उनी स्वयं पुरूष समान जीवन जिउने बाटोमा अग्रसर भएको हुन्छ । अतः सिन्दुर धारण सुन्दरताको सहायक मात्र होइन । बैज्ञानिक महत्वलाई बोकेको अत्यन्त हितकारक उपाय पनि हो ।

### ७. सृष्ठिको फूल रजस्वलाः (सारा देवी गुरुङ)

भन्छौं हामी जन्मलिनु एउटा सृष्टीको खेल हो २
छोरी भनी जन्मनु भाग्य र संयोगको मेल हो ॥

कतै पुज्छन् कन्या देवीको रूप संझेर ।
कतै पुज्छन् सरस्वती लक्ष्मी माता भनेर ॥

यहाँ गरिन्छ मात्र कुरा व्यवहारमा गरिंदैन पुरा ।
भेदभावको कति बाँडे बुझ्नु छ सवैले कुरा ॥

हिजो छोरी पुज्नु कन्या थिई आज किशोरी बनी ।
समयको गति सँगसँगै सारीरीतरूपरीखसेरी ॥

आयो जीवन भित्र सृष्ठी फुल्दै रातो रंगमा ।
सृष्ठी रूपी सुन्दर फूल फुल्दछ तव तरंगमा ॥

जसरी धर्तीले छाति माथि संसार थाम्न सक्थिईन् ।
मानवको सृष्ठी थाम्न छोरी अगि बड्थीईन् ॥

हुन्छन् यहाँ समाजको जमात त अन्धो पनमा ।
त्यसैले सृष्ठीको बेथा बुझ्न`पाईदैन मनमा ॥

यदी छोरीले सृष्ठी नरचे येसरी ।
तिम्रो जन्म यहाँ हुन्थ्यो कसरी ॥

जन्मनु छोरी बनी सृष्ठीको रूप लिनु हो ।
बनी आमाको यहाँ कसैको जीवनदिनु हो ॥

सत्य के हो नबुझी यहाँ घृणा मान्न थाल्दछन् ।
सृष्ठी थाम्न फुल्न खोज्दा अछुता भनी मान्न थाल्दछन् ॥
*घृणा होईन, रजस्वला जिवन प्रकृया हो ! ३*

## ८) वैदिक सनातन कर्महरु गर्भधारण देखि नामकरण ।

आफुले जन्म दिएका सन्तानहरूको दिन, महिना तथा बर्षहरू पुगेपछि क्रम संगै कर्महरू गरिनु पर्दछ । जसले खेतीको वालीमा मल जल हालेर पस्टाए जस्तै सन्तानहरूको कर्म पूरा गरिदिनाले उसको भाग्य रेखा उज्यालो हुन्छ । मनुष्यले आफनो जीवनकालमा सुख शान्ति प्राप्तिको लागि गर्भधारणदेखि विवाह कर्म सम्म कर्महरू उमेर अनुसार क्रमशै पूरा गर्नु पर्दछ । कर्महरू पूरा गर्नाले मनको कामना पूरा हुने जन विश्वास छ ।

१) **गर्भधारण**: मनुष्यले विवाह कर्म पुरा गर्नु नै सन्तान प्राप्त गरि संसारिक लिला धान्ने अधिकार पाउनु हो । सन्तानको इच्छा हुनेहरूले पौष्टिक भोजन गर्नु पर्दछ । श्रीमान श्रमिती वीच मीठा मीठा वातचितको साथ आफ्नो देवी देवता र पितृहरूको स्मरण गर्न सकिएमा लाभ हुनेछ । यसरी भगवानको कृपाले गर्भधारण रहेको थाहा पाउन साथ आफ्नो श्रीमान र सासुलाई थाहा दिनु र डाक्टरकहाँ सल्लाहको लागि सम्पर्क राख्नु पर्दछ ।

२) **पंसवन कर्म**:

जव गर्भधारण भएको ६ महिना पुग्दछ चोखो निष्ठ भई धुप, दीप, फलफूलले विष्णुभगवानको पूजा गरी गर्भको शिशुको भविष्य उज्वल होस् भन्ने कामना र प्रार्थना गर्नुलाई पुंसवन कर्म भनिन्छ ।

३) **जातकर्म संस्कार**:

शिशु जन्मिएपछि गरिने शास्त्रिय संस्कारलाई जात कर्म संस्कार भनिन्छ । जात कर्म सिलसिलामा शिशु जन्मिनु भन्दा अघि आमालाई व्यथा लागेदेखि नै शुरू हुन्छ । यदि घरैमा सुत्केरी गराउन लागिएको हो भने व्यथा लाग्नासाथ गर्भिणिलाई आरामदायी कोठामा राख्नुपर्छ । सुत्केरी गाउने सहयोगी व्यक्ति र सुत्केरी सामाग्रीको व्यवस्थासँगै

पतिले (लोग्नेले) वा अन्य अभिभावकले हातमा "तिल कुश" सहितको पानी लिएर विनियोग र निम्न प्रकारको मन्त्र उच्चारण गर्दै सुत्केरी हुने महिलालाई सेचन गरिदिनु :-
*"विनियागः एजतु ईति मन्त्रस्य प्रजापतिऋषिः पंक्तिश्छन्दः गर्भो देवता अभ्युक्षांणे विनियोगः"*
(निस्कयोस् गर्भ यो शीघ्र सालनाल समेतको जसरी चल्छ यो हावा, जसरी चल्छ सागर । त्यसरीनै चलोस गर्भ र आवस् साल वाहिर ॥)

**क) नाल काट्नेः**

शिशु जन्मिएपछि पहिले नाल काट्नु पर्दछ । नाल काटुन्जेल शिशु नाभिले आमासँग जोडिएको हुन्छ । त्यसैले उसको शरिरलाई आमाको शरीरभन्दा भिन्न ठानिदैन । नाल काटी सकेपछि मात्र ऊ आमाबाट छुट्टिन्छ अनि मात्र दाजु भाइहरूलाई सूतक जुठो लाग्छ । नाल काट्दा शिशुको नाभिस्थानतिर आठ अङ्गुल (औंला) छोडेर काँच धागोले कसेर बाँध्नु र खिया नलागेको सफा र धारिलो हतियारले एकै पटकमा काटि दिनु । यसो गर्दा बाँधको गाँठो शिशुको नाभितिरै परोस् । शिशु छोरो होस् या छोरी दुवैमा भेदभाव गरिनु हुदैन ।

४) षष्ठिकापूजन संस्कार (छैटी) ।

**क) अर्थ र उपयोगिताः**

संस्कृतिको षष्ठि शब्द नेपालीमा छैटी वन्यो ।, जसको अर्थ हो छैटौं । शिशु जन्मिएको छैंटो दिन सम्पन्न गरिने हुनाले यसलाई छैटी भनिएको हो । छैटी पहिलो पटक जन्मिने छोराको मात्र गरिने चलन कोहि कोहि समाजमा छ । तर, शास्त्रीय कथन विचार गर्दा छैटी सवै सन्तानको गर्नु पर्ने देखिन्छ । छैटीका दिन षष्ठीदेवीको पूजा गर्नाले

शिशुको बिशेष कल्याण हुन्छ भन्ने शास्त्रीय मत छ र, त्यसै रात भावीले उसका निधारमा भाग्य लेखि दिन्छन् भन्ने किंवदन्ती छ ।

**ख) षष्ठि पूजाकार्य बिधिः**

यसको लागि थालमा चामल फिंजाएर त्यसैमा षष्ठि देवीको आकृति वनाई पूजा गर्नु पर्दछ । षष्ठिकासाथ दाँया तर्फ स्कन्दको (कुमारको) र बाँया तर्फ प्रधुम्नको पनि प्रतिमा राखी पुजा गर्दछ ।

- **षष्ठि पुजाः** वेलुका सन्ध्याकालमा गर्दछन् । साथमा अष्ट चिरञ्जीविको पनि पूजा गर्दछन् । त्यस रातभरी सुतकेरी कोठामा अखण्ड दिप वालिन्छ र नाचगान भजनकिर्तन गर्दै जलपान गर्दछन्, यस कार्यमा आफ्ना दाजुभाइ ईष्टमित्र र विशेष गरी शिशुका मावलीहरूलाई निमन्त्रणा गर्ने गरिन्छ । यो एउटा संस्कार लोक प्रशिद्ध छ । हुनत आजकाल यो भुमण्डलीकरण बातवरणको असर पर्न गएको पाईन्छ ।
- **पूजाक्रमः** शिशुका पिताले चोखोनिष्ठ भएर पुजा गर्ने ठाउँमा गई हातमा जौतिल सर्सिऊ र फुल लिएर निम्नलिखित मन्त्रको उच्चारण गर्दै पुजास्थल र आफ्नो आसन वरपर छर्ने *"यस भुमिमा यज्ञलाई अनिष्ठ गर्ने कुनै भुतप्रेतहरु छन् भने शिवजीका आज्ञाले ती वरपर हट्नू ।"* आसनमा वसेर कर्मपात्र बनाउनु र तिन टुक्रा कुशसहित कर्मपात्रको पानी हातमा लिएर वोरपर र आफुलाई पनि छर्कनु र आचमन गर्नु । त्यसपछि चन्दन अक्षता, फुल, सुपारी, वरपर जौं तिल, कुशसहित कर्मपात्रको पानी हातमा लिएर निम्न लिखित संकल्प भन्नुः-

"आज यहाँ......गोत्र (कुल).......नामको मैले यस नवजात वालक/वालिका को दीर्घायु र आरोग्य प्राप्तिक लागि सबै विघ्न वाधा शान्तिका लागि र परमे- श्वरको प्रसन्नताका

लागि यो छैटी उत्सव गर्छु । साथमा द्वारमातृ षडकृतिका र षडशमातृका र अष्ट चिरञ्जीवीको पनि पूजन गर्छु ।"

**५) नामकरण संस्कार (न्वारन)–**

नव शिशु (नयाँ जन्मिएको शिशु) लाई नाम दिने वा नाम राख्ने संस्कार नामकरण संस्कार हो । यसलाई लोकभाषामा न्वारन वा नुवारन पनि भन्दछन् । यो चलन वैदिक र पूर्ववैदिक युगदेखि नै चलिआएको पाईन्छ । यो संस्कार समन्यतया शिशु जन्मिएको एघारौँ दिनमा गरिने गरिन्छ तर, कही जातकर्मसँगै नाम सुनाउने चलन पनि छ । यसबाहेक १० औँ, १२ औँ, १३ औँ, १६ औँ, १९ औँ, ३२ औँ, १०० औँ दिनमा बर्ष दिनमा र दोस्रो बर्षको पहिलो दिन सम्म पनि नामकरण गर्न सकिने उल्लेख छ । तर संक्रान्ति, ग्रहण र श्राद्धका दिन नामकरण गर्न अशुभ हुन्छ ।

सतपथ व्राम्हण (वैदिक सनातन धर्म) अनुसार नया शिशुलाई उस्को जन्म समयको नक्षत्र र तिनका अधिपति देवीदेवता तथा भगवानको नाम दिनुपर्छ । किनभने यस्ता नामहरू विशिष्ट ध्वनि वा वर्णहरूबाट वनाइएका हुन्छन् । जसले शिशुलाई अशुभ तत्वबाट वचाउने काम गर्छन् । नाम उस्को व्यक्तित्वको परिचयक हुने भएकाले जीवनमा यसको ठूलो प्रभाव हुन्छ त्यसैले नाम राम्ररी चुनेर मात्र राख्नुपर्छ । नाम राख्ने धेरै तरिका छन् :-

१) ज्योतिष अनुसार जन्म नक्षत्रको आधारमा जुराईने नाम । यो विधि अनुसार नाम जुराउने पनि तीन तरिका छन् :-

क) नक्षत्रका पाउको पहिलो अक्षरबाट कुनै ईश्वरीय नामपारेर

ख) नक्षत्रका स्वामीको नामबाट ।

ग) जुन बार र महिनामा जन्मिएको हो त्यसै बार र स्वामीको नामबाट ।

२) बाबा आमाले स्वेच्छाले दिने लौकिक नाम ।
३) गुरू वा पुरोहितले स्वेच्छाले दिने लौकिक नाम । श्वेच्छाले दिने लौकिक नाम ।
४) गुणका आधारमा राखिने नाम ।
५) बंशका आधारमा राखिने नाम ।
६) बाबा आमाको नामको आधारमा राखिने नाम ।
७) शारीरिक बनावटका आधारमा रखिने नाम ।
८) ईष्टदेव र कुलदेवताको आधारमा राखिने नाम ।
९) वस्तु उपकरणका आधारमा राखिने नाम ।
१०) ऋतुका आधारमा राखिने नाम ।
११) वार, तिथि र तिथिका स्वामीका आधारमा राखिने नाम ।

माथि उल्लेख गरिएका मध्ये धेरैजसो पहिलो र दोस्रो तरिका अपनाएर नाम राख्ने बढी छन् । केहीमात्रमा बंशानुसारको नाम राखने चलन पनि छ । तर, आजभोली आफनो किलो–थलो देखि भुमण्डलीकरण हुँदै हुँदै जाँदा आफनो बंशज र मौलिकताको अन्जानको कारणले नै होला, नव शिशुका नामाकरण गर्दा आफु जुनदेशमा रेकोछ सोहीदेशानुसारको नामाकरण गरेको पनि पाईएको छ । यसको लागि समयमानै सचेतना हुनु पर्ने देखिन्छ ।

“ॐ अर्घम् पाध्यम् पुष्पम् सुगन्धम् नैवेदम् सर्वपरिकार महापञ्च अमृत स्वाहा !”

## सन्दर्भ सामाग्रिहरुः

१. पूर्वज बुढापाकाहरूसँगको परामर्श ।
२. बैधायन धर्मसूत्र ।
३. मनुस्मृति ।
४. मानव कर्मकाण्ड कर्महरूको बैज्ञानिक विवेचना, सार्जन्ट पेस बहादुर पुन (2/2 Gurkha Rifles Retd) ।
५. सनातन संस्कारका वैज्ञानिक स्वरूप (मनुष्य जीवनको साथर्ककता, पुराणको विलक्षणता) ।
६. तमु (गुरूङ) साँस्कृतिक दिग्दर्शन, प्राज्ञ पैँडी इन्द्रबहादुर अदि लेम ।
७. रोधीँ २०५०, केयरसिंह गुरूङ । रोधीँ २०५१, मिनबहादुर गुरूङ लम्जुङ ।
८. रिभान चौर ङेह्रौँ पैंगिलामा (गुरूङ) हरूको वंश-बृक्ष, २०५४।
९. बुद्धबचन २०७८ (खेन्पो बसन्त गुरूङ र चोग डीबी गुरूङ) ।
१०. गुरूङ्ग बौद्ध संस्कार मोन्लम संग्रह २०७८ (धुर्व बहादुर गुरूङ्ग तमु बौद्ध सेवा समिति नेपाल)
११. मुलुकी देवानी संहिता २०७४ प्रकाशक कानुन् किताव व्यवस्था समिति ।

## लेखकको परिचयः

१. **परिचयः**ः

- **जन्म**ः कास्की जिल्ला लाहाचोक गाउँ, हाल गण्डकी प्रदेश माछापुच्छे गाउँपालिका वडा नं. ४ लाहाचोक गाउँको पुण्य भुमीमा वि.सं.२००२ साल अषाढ २८ गते बुधबार, द्वितिया तिथि (11th July 1945) को दिन भएको हो ।
- **नाम**ः राशी/कुण्डली तथा कुलको नाम "डम्बरसिंह गुरूङ" तर पछि कास्की घाचोक गाउँको मेघनाथ प्राथमिक बिध्यालयमा प्रबेश हुदा हेडमष्टरले "गुरूङहरूत बहादुरी हुन्छन् भनेर नामः डम्बर बहादुर गुरूङ" राखि दिनुभएकोले यो नाम प्रचलितमा आएको हो । गुरूङ ल्हो फल अनुसार "च्ह्य ल्हो (चरा बर्ग) ।
- बाजे तथा माता पिता (बाबा आमा)ः बाजे–विर्ता सिंह गुरूङ (नेपाल सेनाका लेप्टेन/लप्टन्), पिता–जि.मु. चित्रसिंह गुरूङ (श्री ३ सरकार जुद्धशंसेर जङ्ग बहादुर राणा र श्री ३ मोहनशंसेर जङ्गबहादुर राणा सरकारको शासनकालका हजुरिया कप्तान) । आमाः कान्छी कप्तान्नी सूर्य कुमारी गुरूङ पूर्व ३ नं. रूम्जाटार कटुञ्जे गाउँ निवासी कटविर साँम्रेघलेकी छोरी हुन् । मात्री आमा भन्दानी जेष्ठ अमाहरूमाः जेठी आमा- दुर्गा लक्ष्मी कोन्मे गुरूङ माईत कास्की घलेलगाउँ, माहिली आमा- बरन कुमारी लेम गुरूङ, माईत कास्की बिजयपुर गाउँ, साहिली आमा साम्रेंघले माईत पूर्व ३ नम्बर रूम्जाटार, काहिली आमा देवकुमारी साम्रेंघले माईत पूर्व ३ नं. रूम्जाटार ।



**जिवनसाथी(मेरी–उनी):**
**देवी कुमारी (देवी) मिघिकोन्मे (गुरुङ), च्यु: ल्हो(मुसाबर्ग), ल्वाङ्-घलेल गा.वि.स. हाल माछापुच्छ्रे गाउँपालिका वडा नं.–८, शाखु गाउँ निवासी, जम्दार शेर बहादुर मिघि-कोन्मे (गुरुङ) तथा जम्दार्नी बिष्णु कुमारी थम्ना लेम (गुरुङ)को एक मात्र छोरी हुन् मेरी उनी देवीकुमारी गुरुङ ।**

- शिक्षा: त्येस समयकाल अनुसारको व्यवहारिक शिक्षा हाशिल र पछि नेपाल सरकारबाट स्कुलको व्यवस्था भएपछि लाहाचोक महेन्द्र मिडल स्कूल तथा पोखरा सोल्जरबोर्ड हाईस्कूलबाट कक्षा ८ तहसम्मको हासिल ।

## २. कर्मभुमी

– British Army (1/2nd King Edward VII's Own Goorkhas (The Sirmoor Rifles) & 2/7th Duke of Edinburgh's Own Gurkha Rifles) 1965-1991. Countries: Malaya, Hong Kong, Brunei, Bornio, Singapore, Australia, America Hawaii, UK, Belise .
– Gurkha Welfare Scheme (AWO AWC Myagdi/ Baglung & Gorkha/Dhading) 1997-2007.
– Manager: Gurkha Memorial Museume Nepal 2008-2015 .

Supervising Officer since 2016 .

## ३. सामाजिक सेवाहरु :

- नयाँ सडक सुधार समिति पोखराः संस्थापक अध्यक्ष २०४९-२०७२ साल र सल्लाहकार २०७२ सालदेखि निरन्तर ।
- रिभान चौर नाथु प्रल्हाद ङेह्लौंपैंगीलामा परिवार समिति, कास्कीः संस्थापक अध्यक्ष २०५१ सालदेखि निरन्तर ।
- नेपाल भूतपूर्व सैनिक संघ पोखराः उपाध्यक्ष २०५३-२०५५
- सुब्बा नाथु प्रल्हाद प्रतिष्ठान पोखराः सल्लाहकार २०५७ सालदेखि निरन्तर ।
- नेपाल पैंगीलामा गुरूङ परिवार, केन्द्रिर्य समिति, नेपालः संस्थापक उपाध्यक्ष २०७२ सालदेखि निरन्तर ।
- लाहाचोक पोखरा संपर्क सेवा समिति पोखराः सल्लाहकार २०७४देखि निरन्तर ।
- पातिखोल गुफा संरक्षण समिति लाहाचोकः माछापुच्छे गाउँ पालिका-४ पातीखोला, गुफा संरक्षण तथा पुनर निर्माण समिति, संस्थापक अध्यक्ष २०७४ सालदेखि निरन्तर ।

## ४ सेवाका विशेष उपलब्धिहरु (अवार्डहरु) :-

1) Hong Kong Government Commendation Issued in recognition of the public life saved 1977.
2) Chief of Defense Staff Certificate of Commendation Issued in Recognition shown AWO, AWC Myagdi/ Baglung in June, 2002.
3) Rank of Honorary Captain Promotion on 12 May 2003 in recognition of extremely hard work for the Ex- Servicemen and their community.
4) Letter of Appreciation from Sub- Metro -politan City Office on 08 Aug 2014: "awarded for outstanding contribution to make Pokhara Solar Street Light

Programme a Grand success. Physical dedication, financial contribution and moral support a significant role."

**५. प्रकाशन :**

१) रिभान चौर ङेर्ह्वों पैंगीलामाहरूको वंश-वृक्ष (Ribhan Chaura Nherho Paigi Lama`s Genealogy) २०५४ पहिलो संस्करण ५०० र दोस्रो संस्करण २०६८, १०००

२) रिभान चौर नाथु प्रल्हाद ङेर्ह्वों पैंगीलामा परिवारको रजत जयन्ती स्मारिका- २०७५ ।

३) सुव्वा नाथु प्रल्हादस्मृति भित्ते पात्रो २०७७/०७८ ।

४) गुरूङको विवाह पद्धति Gurung`s wedding Ceremony २०७८ तपाइकै हातमा ।

५) गोर्खा वैल्फेयर स्किम, एरिया वेल्फेयर सेन्टर म्याग्दी तथा गोर्खा एक परिचय र त्यसले पुराएको योगदान बारे 2003 ।

६) रिभान चौर नाथु प्रल्हाद ङेर्ह्वोंपैगीलामा गुरूङ परिवार निर्णय सिन्धु पुस्तक प्रकाशनको तयारी ।

७) गरूड पुराण नेपाली भाषा टिका आफनै छन्दमा प्रकाशन तयारी ।

६. रूचि तथा सहभागिताः

पुस्तक प्रेमी, समाज सवेक, खेलकुद (Sports) Football, Swimming, Tug of War, Shooting, Hunting sport. Cross-country, Khudrace and Orienteering.



**गुरूङ बिबाह पद्धती पुस्तक प्रकाशन समिति:**

**(हेर्दाको बाँयाबाट क्रमश: अगाडीको पंक्ती)**

| | |
|---|---|
| श्री दुर्ग बहादुर गुरूङ | सहसचिव |
| श्री याम बहादुर गुरूङ | सचिव |
| अ.क्या. सूर्य बहादुर गुरूङ | कोषाध्यक्ष |
| अ. क्या. डम्बर बहादुर गुरूङ | अध्यक्ष |
| सुवेदार कर्ण बहादुर गुरूङ | उपाध्यक्ष |
| श्री जुद्धबीर गुरूङ | सदस्य |
| श्री धनप्रसाद गुरूङ "साहिला" | सदस्य |

**पछाडि पङ्ति हेर्दा दाहिनेबाट:**

| | |
|---|---|
| श्री गोपाल प्रसाद गुरूङ | सदस्य |
| प्र.ना.नि. श्री नारायण गुरूङ | सदस्य |
| श्री यामबहादुर गुरूङ "सानो दुर्गा" | सदस्य |
| ना. सुवेदार श्री प्रकाशचन्द्र गुरूङ | सदस्य |
| श्री राम प्रसाद गुरूङ | सदस्य |
| श्री पान बहादुर गुरूङ (पाना साहिला) | सदस्य |
| श्री कर्ण प्रसाद गुरूङ (ठागु सेते) | सदस्य |
| श्री विकाश गुरूङ | सदस्य |